


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

बुधबार साउन १६, २०७५ | Wednesday, August 1, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लागा ४ | वर्ष २४, अंक २०३ | पृष्ठ १२ | मूल्य रू १०/–






हनुमानढोकानजिकै मखन टोलको शिव मन्दिरमा रहेको महादेवको मूर्तिलाई नुहाइदिँदै पुजारी। हरेक वर्षको साउन १५ गते विभिन्न प्रसाद, दूध, पानी, रुद्राक्ष आदिबाट मूर्तिलाई स्नान गराउने चलन रहेको छ।
तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

पुरानो ऐन खारेज हुँदै

# सबै जीवजन्तु संरक्षित सूचीमा

टीका बन्धन, काठमाडौं

सबै प्रकृतिका वन्यजन्तु अब संरक्षित सूचीमा सूचीकृत हुने भएका छन्। वन्यजन्तुसम्बन्धी नयाँ ऐनले मुलुकमा अभिलेख भएका सबै जीवजन्तुलाई संरक्षित सूचीमा सामेल गर्न लागेको हो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ खारेज गरेर नयाँ बन्ने ऐनमार्फत सबै जीवजन्तु संरक्षित सूचीमा सूचीकृत हुने भएका हुन्। विद्यमान ऐनमा विभिन्न २७ प्रजातिका स्तनधारी वन्यजन्तु, ९ प्रजातिका चरा र ३ प्रजातिका सरिसृप संरक्षित सूचीको अनुसूची १मा सूचीकृत छन्।

नेपालमा अहिलेसम्म विभिन्न २ सय १२ प्रजातिका स्तनधारी वन्यजन्तु, ८ सय ८७ प्रजातिका चरा, १ सय ४० सरिसृप विभिन्न ५५ प्रजातिको उभयचर अभिलेख भएका छन्। प्रस्तावित नयाँ ऐनमा वन्यजन्तुको वर्गअनुसार ४ अनुसूचीमा विभाजन गरिएको छ। प्रस्तावित ऐनको अनुसूची १मा विभिन्न १५ स्तनधारी जन्तु, ४० प्रजाति पन्छी र ४ प्रजाति सरिसृप छन्।

पाटे बाघ, हिउँ चितुवा, ध्वाँसे चितुवा, गौरी गाई, गैंडा, सुनकन्ठे कस्तुरी, कालो कस्तुरी, सेतो कन्ठे कस्तुरी, जंगली हात्ती, सोंस (डल्फिन), तामे सालक, कालो सालक, जंगली चौरीगाई, हाब्रे र रातो भालुलाई अनुसूची १मा समावेश गरिएको छ। त्यसैगरी पन्छीका काँडे भ्याकुर, डाँफे,



मुनाल, चीर, खरमुजुर, गिद्ध र चिलका विभिन्न ९/९ प्रजाति, बाज र गरुडका विभिन्न ४/४ प्रजाति, सारस र कालीकण्ठे सारस पनि १ नम्बर सूचीमा छन्।

पन्छीका धेरै प्रजातिको संख्या र अन्य वस्तुस्थिति नियमित अध्ययन अवलोकन भइरहेकाले ४० प्रजाति अनुसूची १ मा समावेश भएको पन्छीविद् डा. हेमसागर बरालले बताउनुभयो। वन्यजन्तु ऐन २०२९मा सुन गोहोरो, घडियाल, अजिंगर सामेल छन् भने प्रस्तावित नयाँ ऐनमा गोहोरो र घडियालसँगै बर्मेली र एसियाली अजिंगर समावेश छन्।

ठूलो बिरालो (लिङ्क्स), हुडार, ब्वाँसो, अर्ना, पुड्के बँदेल, लघुकर्ण खरायो, कृष्णसार, बाह्रसिंगा, चौका, चिरु, नायन, सिलु बिरालो र चरिबाघ विद्यमान ऐनको पहिलो सूचीमा भए पनि प्रस्तावित नयाँ ऐनमा अनुसूची २ मा सिफारिस गरिएको छ। नयाँ ऐनका लागि प्राकृतिक वासस्थानमा वन्यजन्तुको संख्या, अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयूसीएन)को रेड लिस्ट, राष्ट्रिय सूचीलाई आधार मानिएको छ। त्यसै गरी विज्ञहरूसँग विभिन्न चरणमा भएको छलफल र सुझावका आधारमा वन्यजन्तुलाई ४ अनुसूचीमा वर्गीकरण गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका विभागले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# विवादमा किन तानिन्छन् प्रधानन्यायाधीश ?

प्रशान्त वली, काठमाडौं

सर्वोच्च अदालतमा २०४६ सालपछि अहिलेसम्म २० जना न्यायाधीश प्रधानन्यायाधीश बने। जो जसरी सिङ्गो न्यायालयको उच्च ओहदामा पुगे पनि कतिपय कोही शैक्षिक प्रमाणपत्र त कोही जन्ममिति विवादमा मुछिए। कसैलाई भने महाअभियोगको प्रस्ताव सामना गर्नुपर्ने चुनौती नै आइलाग्यो।

२०७० साल चैत्र १७ गते नियुक्त हुनुभएका प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा न्यायाधीश नियुक्ति सिफारिस हुँदा विवादमा तानिनुभएको थियो। न्यायपरिषद्ले सिफारिस गरेका न्यायाधीशमा कानुन व्यवसायीलाई नसमेटिएको र विवादमा आएका व्यक्तिलाई ल्याइएको भन्दै तत्कालीन नेपाल बार एसोसियसनले विरोध गरेको थियो। प्रधानन्यायाधीश शर्माले २०७१ असोज २३ गते राजीनामा दिनुभएको थियो।

२०७३ असार २३ गते नियुक्त हुनुभएकी प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध तत्कालीन सांसदहरूले महाअभियोग प्रस्ताव दर्ता गराए। कांग्रेस र माओवादी केन्द्रका २ सय ४९ जना सांसदले कार्कीविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गराएका थिए। उनलाई तत्कालीन प्रहरी महानिरीक्षकको बढुवासम्बन्धी रिटमा फैसला गर्दा मन्त्रिपरिषद्को कार्यकारिणी अधिकारमाथि हस्तक्षेप हुने गरी फैसला गरेको आरोप लगाइएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

### २०४६ पछिका प्रधानन्यायाधीश

| | | |
|---|---|---|
| धनेन्द्रबहादुर सिंह | गोविन्दबहादुर श्रेष्ठ | खिलराज रेग्मी |
| विश्वनाथ उपाध्याय | हरिप्रसाद शर्मा | दामोदरप्रसाद शर्मा |
| सुरेन्द्रप्रसाद सिंह | दिलीपकुमार पौडेल | रामकुमारप्रसाद शाह |
| त्रिलोकप्रताप राणा | केदारप्रसाद गिरी | कल्याण श्रेष्ठ |
| ओमभक्त श्रेष्ठ | मीनबहादुर रायमाझी | सुशीला कार्की |
| मोहनप्रसाद शर्मा | अनुपराज शर्मा | गोपाल पराजुली |
| केदारनाथ उपाध्याय | रामप्रसाद श्रेष्ठ | |

## ४ सय ६७ कर्मचारीद्वारा निवेदन फिर्ता

काठमाडौं, (नेस)

स्वैच्छिक अवकाश रोजेका ४ सय ६७ कर्मचारीले स्वैच्छिक अवकाशमा नजाने भन्दै निवेदन दर्ता गराएका छन्। निवेदन फिर्ता गर्नेमा सचिव डा. सरोज पोखरेल र सन्तु कोइरालासहित ६ सहसचिव, २२ उपसचिव, २५ शाखा अधिकृतले अवकाशका लागि दिएको निवेदन फिर्ता गरेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

सेलायो टालिएको शरीर

# दोस्रो विश्वयुद्धका योद्धाको मृत्युले लामीडाँडा शोकमा



रामधन राई, खोटाङ

दोस्रो विश्वयुद्ध लडेर बहादुरी कमाउनुभएका रावाबेंसी गाउँपालिका-३ लामीडाँडाका योद्धा पत्थरमान राईको निधन भएपछि पूरै गाउँ शोकमा डुबेको छ। गाउँकै अभिभावकका रूपमा चिनिएका योद्धा राईको ९५ वर्षको उमेरमा निधन भएपछि लामीडाँडामा शोक डुबेको हो।

सोमबार मृत्युवरण गर्नुभएका राईले विसं २००० सालमा दोस्रो विश्वयुद्ध लड्नुभएको थियो। अपच हुने समस्या भएपछि असार २५ गते उपचारका लागि काठमाडौं लगिएका राईको घर ल्याउनेक्रममा उदयपुरको घुर्मीमा निधन भएको थियो। हप्ता दिन अस्पतालमा राखेपछि डिस्चार्ज गरिएका राईले घर फर्किने इच्छा देखाउनुभएपछि घर फर्काउने क्रममा बाटैमा निधन भएको आफन्त पदम थुलुङले बताउनुभयो। बाबु गजवसिं राई र आमा सरिमायाको कोखबाट विसं १९८० साल माघ २ गते जन्मिनुभएका राईको मंगलबार गाउँमा अन्तिम संस्कार गरिएको छ।

दोस्रो विश्वयुद्ध चलिरहेकै बेला साथीहरूसँग भागेर गल्लावाल पछ्याउँदै १९ वर्षको उमेरमा विसं १९९९ सालमा भर्ती हुनुभएका राईले दोस्रो विश्वयुद्धमा जापानी सेनाविरुद्ध बहादुरीपूर्वक लड्नुभएको थियो। पल्टन नम्बर टेनजीआर १०९९९६ भएका राई घाइते अवस्थामा जापानी सेनाले प्रहार गरेको ग्रिनेटले लाग्दा गम्भीर घाइते हुनुभएको थियो। ग्रिनेटको छर्राले उहाँको शरीर छियाछिया बनेको थियो। ग्रिनेटले चिउँडो उडायो। देब्रे हातको चोर औंला चुँडियो, दायाँ हातको पाखुरामा छर्रा लाग्दा नशामा असर पुगेकाले सबै औंला बाँगिएको थियो।

घाइते भएपछि युद्ध मैदानबाट उपचारमा लगिएका राईको अस्पतालमै ४ वर्ष ६ महिना बितेको थियो। अस्पतालमा लगिएका राईको ग्रिनेटले चुँडाएको चिउँडोमा टाउकाको छाला काटेर दारी बनाइएको थियो। उहाँको १८ ठाउँमा शल्यक्रिया गरिएको आफन्तले जनाएका छन्। शरीरकै छाला काटेर उहाँको ओठका रूपमा टाँसिएको थियो भने नक्कली दाँत हालिएको आफन्त बताउँछन्। लडाइँमा छियाछिया भएको शरीर टालटुल गरिएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

दोस्रो विश्वयुद्ध चलिरहेकै बेला साथीहरूसँग भागेर गल्लावाल पछ्याउँदै १९ वर्षको उमेरमा विसं १९९९ सालमा भर्ती हुनुभएका राईले दोस्रो विश्वयुद्धमा जापानी सेनाविरुद्ध बहादुरीपूर्वक लड्नुभएको थियो।

# कांग्रेसको देशव्यापी प्रदर्शन

रामकृष्ण चापागाईं, काठमाडौं

पूर्वघोषित कार्यक्रमअनुसार नेपाली कांग्रेसले देशैभरि सरकारविरुद्ध प्रदर्शन गरेको छ। सरकार अधिनायकवादी बाटोमा अग्रसर भएको आरोप लगाउँदै आयोजना गरेको विरोध प्रदर्शनमा हजारौं कार्यकर्तालाई सडकमा उतारेको कांग्रेसले दाबी गरेको छ।

महँगी, भ्रष्टाचार, अनियमिततामा मात्र होइन न्यायालयमा समेत हस्तक्षेप हुने गरी सबै राज्य संयन्त्रमा कब्जा गरेर पार्टी कार्यकर्ता पोस्न वर्तमान सरकार उद्यत रहेको भन्दै कांग्रेसले विरोध जनाएको छ। सबै जिल्ला सदरमुकाममा गरिएको एक दिने विरोध प्रदर्शनमा नेपाली कांग्रेसका ५ लाखभन्दा बढी कार्यकर्ता सरकारविरुद्धको आन्दोलनमा उत्रिएको दाबी गरेको छ।



'यो इन्गेजमेन्ट मात्र हो, सरकार नसच्चिए जन्ती लिएर आउँछौं'

(क्रमशः पृष्ठ ९ मा)

प्रदेश सांसदहरूले प्राधिकरणको कार्यशैली निकै सुस्त रहेको भन्दै आलोचना गरेका छन्।

## लालपुर्जाले रोक्यो

# भूकम्पपीडितको अनुदान

रोशन पराजुली, हेटौंडा

२०७२ वैशाखको भूकम्पबाट पीडित ६ हजार ९ सय ३० जनासँग अझै अनुदान सम्झौता हुन सकेको छैन। एक तथ्यांकअनुसार ७५ प्रतिशत लालपुर्जाको समस्याले लाभग्राही सूचीमा परेर पनि अनुदान सम्झौता नभएको पाइएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गरेको भूकम्पपीडितको आवास पुनर्निर्माण अवस्थाबारे सार्वजनिक सुनुवाइमा पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ प्रमुख सोमनाथ तिमल्सिनाले यस्ता समस्याका कारण जिल्लाका भूकम्पपीडित सरकारी अनुदानबाट वञ्चित भएको बताउनुभयो।

तिमल्सिनाले अनुदान सम्झौता हुन बाँकीमध्ये ४ हजार २ सय ५७ पीडितमा गरिएको नमुना सर्वेक्षणबाट अधिकांश जग्गाको समस्या पाइएको छ।

भूकम्पपछि गरिएको सर्वेक्षणबाट सरकारले तयार पारेको लाभग्राही सूचीमा नाम रहे पनि जग्गाको लालपुर्जालगायत समस्याका कारण उनीहरूले सरकारी अनुदान सम्झौता गर्न पाएका छैनन्।

सरकारले ३१ हजार ८ सय १७ लाभग्राही पहिचान गरेको छ। तीमध्ये २४ हजार ८ सय ८७ जनासँग मात्र अनुदान सम्झौता भएको छ।

६ हजार ९ सय ३० लाभग्राहीसँग सम्झौता हुन बाँकी छ। यीमध्ये लालपुर्जा विहीनताका समस्याका कारण ४ हजार २ सय ५७ जनासँग सम्झौता हुन नसकेको कार्यालयको तथ्यांक छ।

सुकुम्बासीका कारण २ सय १३, पुनर्बासमा १ सय ५८, लाभग्राहीको मृत्युका कारण ४३, लाभग्राही विदेशमा भएका कारण १ सय ७०, बहुस्वामित्वमा ८१, लाभग्राहीको अरुचिलगायत अन्य कारणले सम्झौता हुन नसकेको तिमल्सिनाले जानकारी दिनुभयो।




भूकम्पबाट घर भत्किएका पीडितलाई सरकारले घर पुनर्निर्माणका लागि ३ लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ। यसका लागि लाभग्राही सूचीमा सूचीकृत हुनुका साथै अनुदान सम्झौता गर्नु अनिवार्य हुन्छ।

वन तथा सरकारी जग्गामा बसोबास गर्दै आएका र आफ्नो नाममा लालपुर्जा नभएका धेरै पाइएको उहाँले बताउनुभयो। राक्सिराङमा १० घर र बकैयाको ठिंगनमा ४ घर लाभग्राही जोखिमयुक्त बस्तीको पाइएको छ। उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने भएकाले अनुदान सम्झौता हुन नसकेको प्रतिवेदनमा उल्लेख छ।

तिमल्सिनाले अनुदान सम्झौता हुन बाँकी लाभग्राहीको समस्या सम्बोधन गर्ने प्रयास भइरहेको बताउनुभयो। लाभग्राहीमा नाम परेको र आफ्नो परिवारको नाममा कतै जग्गा नभएकालाई २ लाख दिने व्यवस्था गरेको उहाँले बताउनुभयो। जोखिमयुक्त बस्तीका लाभग्राहीलाई सुरक्षित स्थानमा जग्गा खरिद गर्न २ लाख प्रदान गरिनेछ।

### चित दुखाए इन्जिनियरले

भूकम्पपीडितका समस्या सुल्झाउँदै हिँडेका इन्जिनियरहरूले समयमै तलब र अन्य सुविधा पाउन नसक्दा आफ्नो दैनिकी नै अप्ठेरोमा परेको भन्दै चित्त दुखाएका छन्।

'पुनर्निर्माण प्राधिकरणले खटाएका हामी इन्जिनियरहरू स्थलगतरूपमा नगएको भन्ने सेवाग्राहीको गुनासो दिनहुँ आउँछ। तर, हाम्रो समस्या कसैले वास्ता गरेनन्।' - मकवानपुरमा गाउँ-गाउँ खटिएका इन्जिनियरहरू बताउँछन्। मकवानपुरमा प्राधिकरणले ११ वटा स्थानीय तहमा करिब १ सय ३० जना इन्जिनियर खटाएको छ।

'दैनिकजसो उकाली-ओराली हिँड्नुपर्छ। खाना र खाजा खाएको ठाउँमा आफ्नै खर्चले धान्नुपर्ने हुन्छ। तर, तलब २ महिनासम्म पनि नआउँदा निकै अप्ठेरो भएको छ।' -बकैया गाउँपालिकामा खटिएका इन्जिनियर प्रकाश भण्डारीले गुनासो गर्नुभयो।

यसले आफूलाई सधैं आर्थिक समस्या झेल्न बाध्य बनाएको भण्डारीको गुनासो छ। आफूले गर्नुपर्ने कार्यका लागि आवश्यक मसलन्द खर्च पनि आफूले नै व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो।

फिल्डमा खटिएका इन्जिनियरलाई ट्याब दिने भनेको 'उखान जस्तो' भएको राक्सिराङ गाउँपालिकामा कार्यरत इन्जिनियर सन्तोष भट्टराईले बताउनुभयो। सरकारले पीडितलाई सहुलियत ब्याजदरमा ऋण प्रदान गर्ने भनिए पनि त्यसो नहुँदा भूकम्पपीडितले आफूहरूलाई गाली गर्ने गरेकोमा उनको चित्त दुखेको छ।

हेटौंडा उपमहानगरमा ३ महिनादेखि कार्यरत साजदा खातुनले आफूले हालसम्म आईडी कार्ड प्राप्त नगरेको गुनासो राख्नुभयो। यसले आफूलाई कुनै कार्यक्रम वा परिचय खुलाउनुपर्ने ठाउँमा जाँदा समस्यामा परेको उहाँले बताउनुभयो। स्थानीयस्तरका जनप्रतिनिधिले पीडितका समस्या इन्जिनियरले मात्र समाधान गर्नुपर्छ भन्ने सोचका कारण आफूहरूको कार्यमा झन् जटिलता थपिएको खातुनले बताउनुभयो।

हेटौंडा उप-महानगरपालिकाका इन्जिनियर प्रमोद रिजालले भन्नुभयो- 'भूकम्पपीडितको ऐलानी जग्गामा निर्माण गर्ने घरको सम्झौता हुन नसक्दा आफूहरूले यस विषयमा ठूलो समस्या भोग्नुपरेको छ।'

नगरपालिकाले नक्सापास गर्न बन्देज लगाएपछि पुनर्निर्माण भएका त्यस्ता जग्गामा निर्माण भएका घरको नक्सापास नहुने समस्या रहेको उहाँले बताउनुभयो।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पीडितलाई झुलाउने र अलमल्याउने खालको कार्यशैली र कार्यविधि ल्याएको गुनासो आउने गरेको छ। शुरुमा सरकारले प्राधिकरणले बनाएको मापदण्ड र कार्यविधिअनुसार मात्र घर बनाउन उर्दी गर्‍यो। सरकारले तोकेको मापदण्ड पूरा नगरी घर बनाउनेलाई अनुदान नदिने सरकारले घोषणा गर्‍यो।

पीडित आफ्नै तरिकाले चाँडो घर निर्माण गर्न चाहन्थे। सरकारले यसका लागि उनीहरूलाई चाँडो अनुदान दिएको भए सरकारको गैरजिम्मेवारको शिकार पीडित हुनुपर्ने थिएन। तर, सरकारले सिंहदरबारमा बसेर 'माछो-माछो भ्यागुतो' को हालत बनाइदिएको पीडितको गुनासो छ।

प्राधिकरणले उर्दी गर्नुभन्दा पहिल्यै घर बनाइसकेका पीडितले बनाएको घरको संरचना हेरेर इन्जिनियरले भूकम्पप्रतिरोधी ठहर्‍याएमा अनुदान दिन सकिने भनिए पनि यसले जटिलता पैदा गर्‍यो।

सरकारको अक्षमता, राजनीतिक इच्छाशक्ति अभाव, कर्मचारीतन्त्रको बेवास्ता र प्राधिकरणको अकर्मण्यताले खरायो गतिमा गरिनुपर्ने भूकम्पपछिको पुनर्निर्माण कछुवा गतिमा छ।

### सकियो ९ अर्ब २५ करोड

मुलुकको केन्द्रीय राजधानीसमेत पर्ने ३ नम्बर प्रदेशका भूकम्पपीडित झन्डै पौने २ लाख परिवारले घर निर्माण शुरु गरेका छैनन्। १ लाख ८५ हजार परिवारले घर पुनर्निर्माण गर्ने सम्झौता गरेर ५० हजार रुपियाँका दरले पहिलो किस्ता लिए पनि घर निर्माण गरेका छैनन्। सरकारसँग अनुदान सम्झौता गरेर घर निर्माण नगर्नेहरूले लिएको ९ अर्ब २५ करोड रुपियाँ घर निर्माण शुरु गर्नुको साटो घरखर्चमै सकेका हुन्।

पहिलो किस्ता अनुदान घरायशी प्रयोजनमा खर्च गरेको र आर्थिक तथा दक्ष कामदार अभाव, आकासिँदो मूल्यवृद्धिका कारण घर निर्माण गर्न कठिनाइ भएको पीडितले बताएका छन्। सरकारले पहिलो सम्झौतापछि ५० हजार रुपियाँ जग राख्न उपलब्ध गराएको थियो। तर, उक्त रकमबाट घरको जग ठडिएन।

> दोस्रो किस्ता पाउन डीपीसीसम्म घर बनाइसक्नुपर्छ। दोस्रो किस्ता माग गर्नेको संख्या पहिलो किस्ता लिनेको भन्दा निकै कम हुनुले के देखाउँछ भने पीडितले घर बनाएका छैनन्। तीन वटा वर्षा सकिन लाग्दासमेत भूकम्प प्रभावितले ओत लाग्ने घर बनाउन सकेका छैनन्।

भूकम्पले सबभन्दा क्षति पुर्‍याएको ३ नम्बर प्रदेशमा भूकम्पबाट पीडित बनेका परिवारमध्ये करिब आधा परिवारले मात्र घर निर्माण शुरु गरेका छन्। प्रदेशका १३ जिल्लाका अनुदान सम्झौता गरेका ५ लाख ४९ हजार ४ सय ९७ परिवारमध्ये ३ लाख ६४ हजार परिवारले घर निर्माण थालेका हुन्।

प्रदेशमा ५ लाख ९३ हजार ५ सय १५ परिवार लाभग्राहीमध्ये ५ लाख ३८ हजार १ सय ९७ परिवारले पहिलो किस्ता लिएका छन्। विभिन्न कारण प्रदेशका ११ हजार ३ सय परिवारले पहिलो किस्ता रकम लिन बाँकी छ।

दोस्रो किस्ता पाउन डीपीसीसम्म घर बनाइसक्नुपर्छ। दोस्रो किस्ता माग गर्नेको संख्या पहिलो किस्ता लिनेको भन्दा निकै कम हुनुले के देखाउँछ भने पीडितले घर बनाएका छैनन्। ३ वटा वर्षा सकिन लाग्दासमेत भूकम्प प्रभावितले ओत लाग्ने घर बनाउन नसकेका हुन्।

प्रदेशमा आफ्नो नाममा लालपुर्जा नभएका पीडित १९ हजार ७ सय १६ परिवार छन्। उनीहरूको घर भत्किए पनि हालसम्म घर निर्माणका लागि सम्झौता गर्न सकेका छैनन्।

२०७२ वैशाख १२ गतेको 'गोरखा भूकम्प' मा परी देशभरमा ७ लाख ६७ हजार ७ सय ५ निजी घर भत्किएकोमा ३ नम्बर प्रदेशमा ७७ प्रतिशत घर भत्किएको थियो। प्रदेशमा १६ हजार ७ सय ९७ घर प्रवलीकरण गरिने भएको छ।

जिल्लाका पीडितले सरकारी नक्साअनुसार घर निर्माण नगर्दा पूरा किस्ता पाउन सकेका छैनन्। सरकारी मापदण्डको नक्साअनुसार नबनाएकाले अधिकांशको दोस्रो र तेस्रो किस्तामा अड्किएको छ।

सरकारले रकम समयमा उपलब्ध गराउन नसक्दा भूकम्पले भत्किएका घर ठडिन नसकेको पीडितको गुनासो छ। सरकारले अनुदान रकम उपलब्ध गराए पनि मापदण्डअनुसार नभएको र आफूखुसी घर बनाएकाले समस्या बढेको हो।

सरकारी अनुदानमा आवास निर्माण गरिरहेका पीडितले भने पछिल्ला दिनमा निर्माण सामग्रीको मूल्य बढेकाले सरकारले दिने ३ लाख रुपियाँमै घर बनाउन कठिनाइ उत्पन्न भएको बताउने गरेका छन्।

निर्वाचन सकिएपछि जनप्रतिनिधिले निजी आवास पुनर्निर्माणलाई अभियानकै रूप देलान् भन्ने धेरैले आशा गरेका थिए। तर, जनप्रतिनिधिहरू कार्यालय व्यवस्थापनका साथै आफ्ना काम, कर्तव्य र अधिकारको खोजीमै लागिपरेका छन्, पुनर्निर्माणलाई गति दिन सकिरहेका छैनन्। स्थानीय निर्वाचनअघि राजनीतिक दलहरूले पुनर्निर्माण अभियानलाई तीव्रता दिने प्रतिबद्धतासहित घोषणापत्रमा निजी आवास निर्माणमा सघाउने उल्लेख गरेका थिए।

प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले भूकम्पबाट ध्वस्त भएको संरचना निर्माणमा ढिलाइ भएको भन्दै पुनर्निर्माण प्राधिकरणको काम सुस्त भएकोप्रति चिन्ता व्यक्त गर्नुभएको छ। प्रदेशस्तरीय कार्यक्रममा मुख्यमन्त्री पौडेलले भूकम्प गएको ३ वर्ष बित्दा पनि पुनर्निर्माणको काम ढिला भएको भन्दै चिन्ता व्यक्त गर्नुभएको हो।

मुख्यमन्त्री पौडेलले भन्नुभयो- 'भूकम्प गएको यतिका समय बित्दा पनि सरकार, प्राधिकरणले किन काम गर्न सकेन, किन समस्या आइरहेको छ, किन समस्या पहिल्याउन सकिएन। यो मुख्य विषय हो।'

कानुनका कारण काम गर्न असहज भएको भए कानुन परिमार्जन गर्नुपर्ने बताउँदै उहाँले

सरकार र प्रधानमन्त्रीले 'काम छिटो गर्नू' भन्ने निर्देशन दिए पनि प्रगति नभएकोप्रति आश्चर्य व्यक्त गर्दै मुख्यमन्त्री पौडेलले अब काम गर्ने कार्यशैली परिवर्तन गर्नुपर्ने बताउनुभयो। प्रदेश सांसद्हरूले प्राधिकरणको कार्यशैली निकै सुस्त रहेको भन्दै आलोचना गरेका छन्।





**श्रावण शृंगार**
नायिका अनु शाह साउने शृंगारमा रमाउँदै।

PAGE3

**क्याप्टेन**
अभिनेता तथा निर्माता निर्देशक भुवन केसी अलेक्स एक्सटी क्यामरा अवलोकन गर्दै।





# गोपीमा वर्षा

पत्रकार दीपेन्द्र लामाको निर्देशनमा बन्न लागेको दोस्रो फिल्म *गोपी*मा नायिकाका रूपमा वर्षा शिवाकोटी थपिएकी छिन्। डेब्यु निर्देशनमै *घामपानी* जस्तो सफल फिल्म दिएका लामाले *गोपी*मा मुख्य अभिनेता खगेन्द्र लामिछानेले अब वर्षासहित २ नायिकासँग रोमान्स गर्नेछन्। फिल्ममा अर्की नायिका सुरक्षा पन्त छिन्।

*गोपी*को पटकथाले अन्तिम रूप लिएसँगै वर्षालाई कास्ट गरिएको निर्देशक दीपेन्द्र लामाले बताए। फिल्मको घोषणा हुँदा खगेन्द्र र सुरक्षा मात्र अनुबन्धित भएका थिए। निर्देशक दीपेन्द्रका अनुसार पटकथालाई सुहाउने भएकीले वर्षालाई लिइएको हो। दुई नायिका भए पनि यो त्रिकोणात्मक प्रेमकथा भने नरहेको उनले प्रस्टयाए।

खगेन्द्रले यसअघि वर्षासँग *पशुपतिप्रसाद* र सुरक्षासँग *धनपति*मा अभिनय गरिसकेका छन्। आफ्ना अघिल्ला नायिकाहरूसँग फेरि एकसाथ एउटै फिल्ममा काम गर्न पाउँदा खगेन्द्रले खुसी व्यक्त गरेका छन्। 'यो रमाइलो संयोग हुन पुग्यो, वर्षा र सुरक्षा दुवैसँग पहिला काम गर्दा राम्रो अनुभव भएको थियो, यसपालि पनि पक्कै राम्रो हुनेमा म विश्वस्त छु।' -खगेन्द्र भन्छन्।

वर्षा र सुरक्षाले केहीअघि रिलिजमा आएको फिल्म *भैंरे*मा सँगै काम गरेका थिए। '*पशुपतिप्रसाद*मा खगेन्द्र दाइसँग काम गरे पनि खासै स्क्रिन शेयर गर्न पाएकी थिइनँ, तर *गोपी*मा दर्शकले उहाँ र मेरो केमिस्ट्री अलि बढी नै हेर्न पाउनुहुनेछ।' -वर्षाले भनिन्। वर्षाको आगमनले फिल्ममा ग्ल्यामर थपिएको महसुस सुरक्षाले गरेकी छिन्। 'पछिल्लो समयका सुन्दर अभिनेतृमध्ये एक पर्छिन् वर्षा, उनी पनि *गोपी*मा जोडिएको खबरले म उत्साही छु।' -सुरक्षा भन्छिन्।

आरोही केसी निर्माता, श्रीधर पौडेल कार्यकारी निर्माता रहेको *गोपी*को छायांकन आगामी भदौ १ गते काठमाडौंबाट शुरू हुँदै छ। फिल्ममा निर्देशक दीपेन्द्रको कथा, सामिप्य तिमल्सिनाको पटकथा, शैलेन्द्रध्वज कार्कीको छायांकन र निमेश श्रेष्ठको सम्पादन रहनेछ। फिल्म आगामी चैत १५ गते रिलिजमा ल्याइने कार्यकारी निर्माता श्रीधरले बताए। न्ह्यु वज्राचार्य, अर्जुन पोखरेल र कल्याण सिंहको संगीत रहने फिल्मका गीतहरू विप्लव प्रतीक र बुद्धिसागरले लेखेका छन्।



# मिसेस मकवानपुरमा ११ को स्पर्धा

हेटौंडा, (नेस)। मकवानपुरमा रहेका विवाहित महिलाको क्षमता र सुन्दरता प्रस्तुत गराउन *मिसेस मकवानपुर प्रतियोगिता* हुने भएको छ।

विवाहित महिलाको आत्म तथा व्यक्तित्व विकास एवं महिला सशक्तीकरणका लागि प्रतियोगिता गर्न लागिएको हो। प्रतिस्पर्धीहरूलाई आयोजकले व्यक्तित्व विकास, तनाव, रिस र समय व्यवस्थापन, कुशल बोलीचाली अभ्यास, नेतृत्व क्षमता अभिवृद्धि, अवलोकन भ्रमण, साक्षात्कार, कलासम्बन्धी कक्षा, सेल्फ मेकअप, मिडियासम्बन्धी कक्षा र महिला सशक्तीकरण जस्ता तालिम प्रदान गर्नेछन्। हेटौंडा लेडी जेसिजको आयोजनामा हुन लागेको *मिसेस मकवानपुर-२०१८* मा मकवानपुरका ११ जनाले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा सहभागी हुनेलाई २० दिनसम्म विभिन्न विषयका तालिमको व्यवस्था गरिएको छ।

जेसिज अध्यक्ष अस्मिता श्रेष्ठले प्रतियोगिताले विवाहित महिलालाई नयाँ अवसर प्रदान गर्ने बताइन्। प्रतियोगितामा प्रथम हुनेले २५ हजार, दोस्रोले १५ हजार तथा तेस्रोले १० हजारसहित विभिन्न पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगिताको फाइनल साउन २६ गते हुनेछ।



# मेरो गजल तिम्रो लागि


गजलकार सञ्जिता देउजाको पहिलो गजल एल्बम *मेरो गजल तिम्रो लागि* मंगलबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको छ।

प्रमुख अतिथि गीतकार डा. कृष्णहरि बराल, गीतकार तथा प्राज्ञ उन्नति बोहरा 'शिला', गजलकार ज्ञानुवाकर पौडेल, मेरिना स्मृति र गजलकार देउजाले एल्बम संयुक्तरूपमा सार्वजनिक गरेका थिए। प्राज्ञ तथा गीतकार शिलाले गजलमाथि चर्चा गरिन् भने ज्ञानुवाकर पौडेलले सञ्जिताको गजल लेखनमाथि चर्चा गरे। प्रमुख अतिथि डा. बरालले एल्बममाथि चर्चा गर्दै नेपाली गजल संगीतमा *मेरो गजल तिम्रो लागि* उत्कृष्ट संकलनका रूपमा आएको बताए। उनले गीत-संगीत लोकप्रिय हुन स्वर, संगीत, एरेन्जमेन्ट, भिडियोभन्दा पनि गीत, गजल नै शब्द संरचना र लयका हिसाबले उत्कृष्ट हुनुपर्ने चर्चा गरे।



एल्बममा विभिन्न समयमा लेखिएका सञ्जिताका ८ गजल संग्रहित छन्। एल्बममा सत्यराज आचार्य, स्वरूपराज आचार्य र दीपक थापाको स्वर रहेको छ। सत्य-स्वरूपको संगीत रहेको एल्बममा *तिम्रो लागि, छ अझै, जवाफ यौटा, दैवको हातमा, कुनै बेला म, एक मानिस, किन* र *अनुरोध* बोलका गजल रहेका छन्।

# श्रीदेवीको निधनपछि सबै सन्तानका साथ बस्न चाहे बोनी



बलिउड हस्ती बोनी कपुरको पत्नीहरू अभिनेतृ स्व. श्रीदेवी र स्व. मोनाको तर्फबाट दुई/दुई बच्चा छन्। बोनीका दुवै पत्नी अब यो दुनियाँमा छैनन्।

पहिलो पत्नी मोनाको तर्फबाट अर्जुन कपुर र छोरी अंशुला रहेका छन् भने दोस्री श्रीमती श्रीदेवीबाट छोरीहरू जान्वी र खुसी रहेका छन्। हाल बोनी आफ्नो छोरीहरू खुसी र जान्वीसँग बस्छन् भने अंशुला र अर्जुन अर्कै घरमा बस्छन्। श्रीदेवीको निधनले शोकाकुल बन्न पुगेका बोनी हाल एक्लो महसुस गरिरहेका छन्।

यति बेला छोरा अर्जुन कपुर अगाडि बढेर बोनीलाई साथ दिइरहेका छन्। उनी खुसी र जान्वीको साथ पनि देखिएका छन्। यसभन्दा अघि अर्जुन र अंशुलाले सायदै खुसी र जान्वीका साथ कुराकानी गरेका थिए। भारतीय सञ्चारमाध्यमका अनुसार अब श्रीदेवीको निधनसँगै उनको चारै सन्तानबीचको दूरी सकिएको छ। यस बेला बोनी आफ्नो सबै सन्तानका साथ एकै छतमुनि बस्न चाहन्छन्। एक बलिउड अनलाइनले सूत्रलाई उद्धृत गर्दै लेखेको समाचारमा बोनीले यही बेला आफ्ना सबै सन्तानका साथ सँगै बस्ने निधो गरेका छन्। बोनी जान्वी र खुसी तीनै जना अर्जुन-अंशुलाको घरमा सिफ्ट हुनेछन् र एक परिवार बनेर सुख-दुःख बाँड्ने छन्।



# ब्रेकअपपछि जन्मियो कायरा

नायक-नायिका आर्यन सिग्देल र साम्राज्ञी राज्यलक्ष्मीदेवी शाहले एकै स्वरमा आगामी शुक्रबारदेखि रिलिजमा आउन लागेको फिल्म *कायरा* फरक फिल्म भएको बताएका छन्।

फिल्मको प्रवर्द्धनका लागि चितवन पुगेका सिग्देलले *कायरा* एउटा गहिरो लभस्टोरी भएको चर्चा गर्दै फरक फिल्म भएको बताए। नायिका साम्राज्ञीराज्यलक्ष्मीदेवी शाहले प्रेममा ब्रेकअपपछिको कथा नै *कायरा* भएको बताइन्।

लक्ष्मण रिजालद्वारा निर्देशित फिल्ममा आर्यन र साम्राज्ञीसँगै शिशिर राणा, हितेश शर्मा, मरिषा श्रेष्ठ, रोजेट्टे काय पब्लोलगायतका कलाकारले अभिनय गरेका छन्। कोशिस क्षत्री, अर्जुन पोखरेल र कल्याण सिंहको संगीत, प्रवीण सिंहको कोरियोग्राफी, बनिष शाह र मिलन श्रेष्ठको सम्पादन र शिवराम श्रेष्ठ (आशिकी) को रहेको फिल्म आर्यन सिग्देल इन्टरटेनमेन्ट र आर एन्ड आर प्रोडक्सनको ब्यानरमा निर्माण भएको हो।

कामना GAIJATRA 35Th EDITION
ENTERTAINING NEPALESE SINCE 1984

आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिँ छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुऱ्याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लड्िरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र
यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# विचार

ईश्वरले त्यस मानिसलाई कहिल्यै सहायता गर्दैनन्, जो काम गर्दैन।
– सोफोकलस

जनशिक्षा नै सरकारको पहिलो उद्देश्य हुनुपर्दछ।
– नेपोलियन

## सम्पादकीय

नेपाल समाचारपत्र

## प्रधानन्यायाधीश नियुक्तिमा विवाद किन?

सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको पद खाली भएको ५ महिना बितिसकेको छ । सर्वोच्च अदालत ५ महिनादेखि कामु प्रधानन्यायाधीशको भरमा चलेको छ । सरकारले सर्वोच्चमा न्यायाधीश नियुक्त गर्न कामु प्रधानन्यायाधीश दीपकराज जोशीको नाम संसदीय सुनुवाइ समितिमा पेस गरेको भए पनि अहिलेसम्म सो नाम अनुमोदन हुन सकेको छैन । समितिका सदस्यहरूको भनाइ हेर्दा जोशीको नाममा सहमति होलाजस्तो पनि देखिँदैन । प्रधानन्यायाधीशको रूपमा संसदीय सुनुवाइ समितिमा पेस गरिएको नामलाई दुई तिहाइ बहुमतले अस्वीकार गर्ने सम्भावना बढेपछि कामु प्रधानन्यायाधीश जोशी गम्भीर संकटमा पर्नुभएको छ ।

यसअघि संसदीय सुनुवाइ समितिले जस्तोसुकै गम्भीर आरोप लागेका व्यक्ति भए पनि उनीहरूको नाम अनुमोदन गर्ने गरेको थियो । तर अहिले भने समितिले संसदीय सुनुवाइलाई कर्मकाण्डीभन्दा पनि उजुरीको आधारमा छानबिन गर्ने परिपाटी बसाल्न लागेको छ । कामु प्रधानन्यायाधीश जोशीमाथि लागेको आरोपका बारेमा उहाँले दिएको जवाफ चित्तबुझ्दो नभएको र शैक्षिक प्रमाणपत्रका बारेमा फरक–फरक मिति भएको भन्ने जानकारी पाएकोले समितिले छानबिनलाई गम्भीर रूपले अगाडि बढाएको छ । संसदीय सुनुवाइ समितिले नाम अनुमोदन नगरेपछि तनावमा रहनुभएका जोशी ५ दिनदेखि सर्वोच्च अदालतसमेत जानुभएको छैन ।

हो, पटक–पटक संसदीय सुनुवाइ समितिमाथि नै प्रश्न उठ्ने गरेको छ । समितिले कुनै पनि संवैधानिक निकायका उम्मेदवारका बारेमा परेका उजुरीहरूको छानबिन नगर्ने र समितिमा बोलाएर हुर्मत लिने काम गरेको आरोप लाग्दै आएको थियो । यसपटक समितिले प्रधानन्यायाधीशमा सिफारिस हुनुभएका जोशीको बारेमा पटक–पटक सुनुवाइ गर्दै आएको छ । जोशीको जवाफ चित्त बुझ्दो नभएको र शैक्षिक प्रमाणपत्र नक्कली भएको भन्ने आरोपको गम्भीर रूपमा छानबिन गरी दोषी देखिएमा नाम अनुमोदन नगरी अन्य न्यायाधीशलाई सर्वोच्चा अदालतको प्रधानन्यायाधीश बनाइनुपर्ने हुन्छ । होइन, सर्वोच्चा अदालतसँग मोलमोलाइ गर्न समितिका सदस्यहरूले सुनुवाइलाई पटक–पटक स्थगित गरेका हुन् भने यो गलत कार्य हो । सरकारको विपक्षमा अदालतले निर्णय गर्‍यो भन्दैमा बलिको बोको बनाउने काम हुन लागेको हो भने मुलुकको संसदीय इतिहासमा यो निर्णय कलंकको रूपमा स्थापित हुन सक्छ । यसतर्फ समितिले ध्यान दिनु जरुरी छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# देशमा जलविद्युत् उत्पादनको स्थिति



डिल्लीराम मिश्र

नेपाल जलविद्युत् उत्पादनको इतिहासमा दक्षिण एसियामै सबैभन्दा पुरानो मुलुक हो तर विद्युत् उत्पादनको गति भने कछुवाकै गतिका रूपमा रहेको छ। आजभन्दा १०८ वर्षअघि १९६८ सालमा बेलायतको वित्तीय सहयोगमा नेपालमा पहिलोपटक ५ सय किलोवाटको फर्पिङ जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भएको थियो, जुन अध्यावधि छँदै छ। यही विन्दुबाट नेपालले आफ्नो विद्युत् उत्पादनको यात्रा प्रारम्भ गरेको हो। त्यसैले मुलुकको पूर्वाधार विकासको प्रमुख आधार संरचना नै जलविद्युत्को विकास हो। यसकारण पनि नेपालको आर्थिक विकासका लागि प्राकृतिक वरदानको रूपमा उलब्ध नवीकरणीय स्रोतको सबैभन्दा दिव्य सम्भाव्य साधन अपार जलस्रोत नै हो। राष्ट्रको कुनै पनि क्षेत्रमा जलविद्युत्ले दिन सक्ने सर्वोपरि योगदानको महत्व विकासका लागि अपारम्पार छ। जल तथा ऊर्जा आयोगले पछिल्लोपटक नदी वेनिसका आधारमा जलविद्युत्को क्षमता मापन गरेको छ। विद्युत् विकास विभागले १३ हजार ९ सय ५० मेघावाट क्षमताका विभिन्न आयोजनालाई सर्वेक्षणको अनुमति दिएको छ भने ४ हजार ४ सय ३० मेघावाट क्षमताका आयोजनाले विद्युत् उत्पादनको अनुमति प्राप्त गरेका छन्। यसरी हेर्दा देशमा २८ हजार ८ सय २३ मेघावाट क्षमताका विभिन्न आयोजनाहरू निर्माणका चरणमा रहेका छन्।

नेपालमा अहिलेसम्म जति जलविद्युत् उत्पादन भएको छ त्यो भन्दा बढी आगामी तीन वर्षभित्र उत्पादन हुन सक्ने आधार रहेको छ, जुन मुलुकै लागि सकारात्मक कार्य हो। कुल ४ सय ५६ मेघावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना यसै वर्ष निर्माण कार्य सम्पन्न भई विद्युत् उत्पादन हुँदै छ। यस क्षेत्रको लागि यो धेरै ठूलो सफलता हो। यस आयोजना सम्पन्न भएपछि भारतसँग बढ्दै गएको बिजुली आयात परनिर्भरतामा केही मात्रामा भए पनि कमी आउनेछ। अहिले भारतबाट ४ सय ७० मेघावाट विद्युत् आयात भइरहेको छ। सुक्खायामको शुरूवातसँगै पानीको सतह कम भएकाले नदीको प्रवाहमा आधारित विद्युत् आयोजनाहरूको उत्पादन घटेकाले मुलुकमा लोडसेडिङ हुन नदिन भारतबाट ठूलो मात्रामा विद्युत् आयात गर्नुपरेको छ। विद्युत्को माग बढी हुने साँझको समयमा भारतबाट बढी विद्युत् आयात हुने गरेको छ भने राति र दिउँसो आयातको मात्रामा कमी आउने गरेको छ। अहिले देशमा साँझको समयमा विद्युत्को कुल माग १ हजार ३ सय ८० मेघावाट छ भने भारतबाट आयात हुने विद्युत्सहित विद्युत् उत्पादन आयोजनाहरूको जडित क्षमता ९ सय ५० मेघावाटको हाराहारीमा छ। नेपालका अधिकांश आयोजनाहरू जलाशययुक्त नभई रन अफ दि रिभर प्रकारका भएकाले पनि यो समस्या आएको हो। अहिले देशमा नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रका आयोजनाहरूबाट गरी कुल ५ सय ८० मेघावाट उत्पादन रहेको छ। यस्तो अवस्थामा झन्डै ५० प्रतिशत देशको विद्युत् आपूर्ति भारतबाट भएको छ। त्यसैलै पनि भारतसँग बर्सेनि विद्युत्मा परनिर्भरता तीव्र गतिमा बढ्दो छ। तथापि माग र आपूर्तिबीच सन्तुलन कायम राख्न मुलुकमा जलाशययुक्त आयोजनाहरूको निर्माण अति आवश्यक छ।

नेपाल विद्युत् प्राधिकरणको निष्कर्ष छ- अब पानीको बहावका आधारमा विद्युत् निस्कने अर्थात् आरओआर योजनाहरूमा लगानी नगर्ने भएको छ। मुलुकको दीर्घकालीन माग र आपूर्तिको आधारमा जलविद्युत् उत्पादन, प्रसारण र वितरणको जिम्मा पाएको प्राधिकरणले जलाशययुक्त आयोजनाहरूलाई नै विशेष प्राथमिकतामा राखेको छ। खडेरीको समयमा पनि आवश्यकताअनुरूप विद्युत् उत्पादन गर्न सकिने भएको हुँदा यस्ता आयोजनामा ध्यान केन्द्रित गर्ने उद्देश्य प्राधिकरणको रहेको छ। मुलुकमा निर्माण सम्पन्न भएका जलाशययुक्त आयोजनाहरूमा ९२ मेघावाट क्षमता रहेको कुलेखानी प्रथम र दोस्रो आयोजना मात्र जलाशययुक्त आयोजना हुन् भने १ सय ४० मेघावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको निर्माणकार्य अन्तिम चरणमा छ।

यस वर्ष देशको विभिन्न भागमा सञ्चालित साना-ठूला गरी २२ वटा जलविद्युत् आयोजनाहरूबाट मुलुकको राष्ट्रिय विद्युत् प्रसारण ग्रीडमा २१४.२८ मेघावाट बिजुली थपिने भएको छ। यस वर्ष निर्माण सम्पन्न हुन सक्ने सम्भाव्य आयोजनाहरूबाट पनि केही मेघावाट विजुली थपिएको छ।

नेपालका तीन प्रमुख नदीहरू गण्डकी, कोशी कर्णालीको सेरोफेरोअन्तर्गत जलविद्युत् उत्पादन क्षमता ८३ हजार मेघावाट रहेको छ। देशको कुल उत्पादन क्षमतामध्ये २१ हजार मेघावाट सप्तगण्डकी क्षेत्रले ओगटेको छ। यस्तै सप्तकोशी क्षेत्रमा २२ हजार मेघावाट विद्युत् उत्पादनको हिस्सा रहेको छ। मुलुकको कुल विद्युत् उत्पादन क्षमतामध्ये ३२ हजार मेघावाट कर्णाली क्षेत्रमा रहेको छ। यसरी गण्डकी, कोशी, कर्णाली र तिनका सहायक नदीहरूको कुल विद्युत् उत्पादन क्षमता ७५ हजार मेघावाट छ। यी ठूला नदीबाहेक अन्य दुनबेनिसहरूबाट ८ हजार मेघावाट जलविद्युत् उत्पादन गर्न सक्ने प्रचूर क्षमता छ, तर देशमा अझै पनि २५ प्रतिशत जनताले विद्युत् सेवा उपभोग गर्न पाएका छैनन् भने पाएकाको स्थिति पनि सहज छैन। साना तथा मझौला जलविद्युत् आयोजना निर्माण गर्न कम्तीमा तीनदेखि पाँच वर्ष लाग्ने गरेको छ।

विद्युत् ऐन २०४९ तथा जलविद्युत्सम्बन्धी अन्य नीति र आवधिक योजनासमेतबाट जलविद्युत्को उत्पादन तथा वितरणमा निजी क्षेत्र र समुदायको संलग्नता रहँदै आएको छ। निजी क्षेत्रका प्रवर्धकले साना तथा मझौला खालका आयोजनाहरू निर्माण गर्दै आएका छन्। मुलुकमा दरो र स्थायी सरकारको परिपाटी निर्माण भएपछि जलविद्युत् आयोजना निर्माणमा निजी क्षेत्रको आक्रामक प्रवेश तथा निजी क्षेत्रलाई सरकारले प्रदान गर्ने सुविधालगायतका कारणले गर्दा विद्युत् उत्पादन क्रमशः बढेको हो। अबका दिनमा निजी क्षेत्रले जलविद्युत्लाई उच्च प्रतिफल प्राप्त गर्ने क्षेत्रको रूपमा लिएपछि आयोजना निर्माणले गति लिएको छ।

गत आर्थिक वर्षमा निजी क्षेत्रबाट ९७ मेघावाट क्षमताका पाँचवटा जलविद्युत् आयोजना सम्पन्न भएका थिए। अहिले विद्युत् उत्पादन अनुमति दिइएका अधिकांश आयोजनाहरूमा निजी क्षेत्रको लगानी रहेको छ। देशमा निजी क्षेत्रको कुल जडित क्षमता ४ सय ४१ मेघावाट छ। निजी क्षेत्रका साना जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन भइरहेको छ। इलाम जिल्लाले पूर्वाञ्चलको जलविद्युत् आपूर्तिमा उल्लेख्य भूमिका खेलेको छ। अहिले इलामको एउटै खोलामा आठवटा जलविद्युत् आयोजना सञ्चालित छन्। सिंगो इलाम जिल्लालाई दुई भागमा विभाजन गरेर बग्ने प्रशिद्ध माईखोलामा मात्र पाँचवटा योजना सम्पन्न भई विद्युत् उत्पादन भइरहेको छ भने अन्य तीनवटा आयोजना निर्माणका क्रममा रहेका छन्। यी सबै आयोजनाहरूबाट ८०.७ मेघावाट जलविद्युत् उत्पादन भइरहेको छ। माईखोलामा १६.८ मेघावाट क्षमताका दुईवटा जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्। जलविद्युत्को क्षेत्रमा इलाम जिल्लाले आफ्नो पहिचान नै बनाएको छ। इलाम क्षेत्रमा जलविद्युत् आयोजना निर्माण हुने क्रम केही वर्षयतादेखि बढेको छ।

यतिखेर २ नम्बर प्रदेशबाहेक अरू सबै प्रदेशमा विद्युत् उत्पादन क्षमता प्रचूर छ। भौगोलिक, सामाजिक र आर्थिक दृष्टिकोणले सातवटा प्रदेशमा जलविद्युत् उत्पादनको सम्भावनालाई हेर्दा ७ नम्बर प्रदेश सबैभन्दा धनी छ। जलविद्युत् उत्पादनको दृष्टिकोणलाई हेर्दा प्रादेशिकरूपमा प्रदेश नम्बर ४ मा सबैभन्दा धेरै जलविद्युत् आयोजनाहरू सञ्चालित छन्। नेपाल विद्युत् प्राविधकरणका अनुसार यस प्रदेशमा १ सय २५ आयोजना छन् र तिनको कुल जलविद्युत् उत्पादन क्षमता ३ हजार ३ सय ७३ मेघावाट छ। सबै प्रदेशमा नेपाल विद्युत् प्राधिकरणले आयोजनासँग विद्युत् खरिद सम्झौताको प्रक्रिया पनि अगाडि बढाएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मार्फत नीति बनाएर एक मेघावाटसम्मका जलविद्युत् आयोजनाको लाइसेन्स स्थानीय सरकारले दिन सक्ने व्यवस्था गरेको छ।

तथापि, देशमा अहिले निर्माणाधीन अवस्थामा रहेका एवम् निर्माणका लागि अनुमतिपत्र प्राप्त गरिसकेका आयोजनाहरूको संख्यात्मक स्थितिलाई हेर्दा आगामी ३ वर्षसम्म जलविद्युत् उत्पादनले फड्को मार्ने देखिन्छ। मुलुकमा नयाँ योजनाहरू सञ्चालन गर्नुभन्दा पनि कार्यान्वयनमा रहेका योजनाहरूलाई समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा व्यापक उपलब्धि हासिल हुन सक्छ। जलविद्युत् आयोजनाहरूको अनुमतिपत्र दिने प्रणाली र पद्धतिलाई वैज्ञानिक बनाउनु जरुरी छ। सातैवटा प्रदेशमा जलस्रोतको समविकासको अवधारणाअनुरूप काम गर्न सकेको खण्डमा यस क्षेत्रमा जलस्रोतमैत्री भावनाको विकास हुन सक्छ। जलस्रोतको विकासबाट नै देशको समृद्धि र विकास सम्भव छ। यसका लागि दरो आत्मविश्वासको सरकार, इमानदारिता, नैतिकता, वित्तीय अनुशासन, भ्रष्टाचारमुक्त समाज र सुशासन कायम हुनु जरुरी छ। देशमा प्रचूर मात्रामा विद्युत् उत्पादन हुँदा एलपी ग्यासको आयातमा भारी कटौती हुन्छ। यसले गर्दा अर्बौं रुपियाँ देशभित्र बचत हुन्छ भने भारतबाट आयातीत विद्युत्समेत रोकिने हुन्छ। साथै डिजलप्लान्ट र थर्मलप्लाटजस्ता आयोजनासमेत विस्थापित हुनु मुलुकको लागि हितकर छ। संघीय सरकार र प्रादेशिक सरकारको लगानीमा उत्पादन हुने विद्युत् छिमेकी देशलाई बेचेर पैसा कमाउने उद्देश्यका लागि भन्दा पनि स्वदेशी उद्योगधन्दामा नै खपत हुने हिसाबले उत्पादन अगाडि बढाउनुपर्ने तर्क जलस्रोत विज्ञहरूको छ। स्वदेशमै उपभोग गर्ने आधारले प्राथमिकता पाउनुपर्छ अनि मात्र मुलुक समृद्ध हुन्छ। 'नेपालको पानी जनताको लगानी'को सही न्याय पनि यही हो।

> देशमा प्रचूर मात्रामा विद्युत् उत्पादन हुँदा एलपी ग्यासको आयातमा भारी कटौती हुन्छ। यसले गर्दा अर्बौं रुपियाँ देशभित्र बचत हुन्छ भने भारतबाट आयातीत विद्युत्समेत रोकिने हुन्छ। साथै डिजलप्लान्ट र थर्मलप्लाटजस्ता आयोजनासमेत विस्थापित हुनु मुलुकको लागि हितकर छ।

## पाठक पत्र

### कर्णाली प्रदेश पर्यटनको केन्द्र बन्छ

कर्णाली प्रदेश आफैंमा पछाडि परेको पहाडी प्रदेश हो। कर्णाली प्रदेशलाई अहिले विश्वको पर्यटनमा नयाँ गन्तव्य बन्न सक्ने सम्भावनाको प्रदेश भनेर धेरै खाले भाषणहरू शुरू गरिएका छन्। केही समयपहिले प्रधानमन्त्री केपी शर्मा ओलीले समेत कर्णाली प्रदेशको सबैभन्दा महत्वपूर्ण स्थान रारामा पुगेर देशवासीका नाममा सम्बोधन गरेपछि आन्तरिक र बाह्य पर्यटकहरूको संख्या रारामा उल्लेख्य मात्रामा वृद्धि भएको छ।

कर्णाली प्रदेशमा पर्यटकको वृद्धि भएसँग पर्यटकहरूका लागि विभिन्न स्थानमा आवश्यक पर्ने होटल बास, पर्यटकहरूलाई आवश्यकता परेका जानकारीहरू दिने व्यक्तिहरू, स्थानीय उत्पादन र उपभोगजस्ता विषयमा आवश्यक तालिम, भौतिक पूर्वाधार, यातायातलगायतका विषयमा सरकार, स्थानीय नागरिक, अन्य सम्बन्धित क्षेत्रहरू, होटेल व्यवसायीले पर्यटन प्रवर्द्धनमा थप जिम्मेवार भएर अगाडि बढ्नुपर्ने देखिएको छ।

देश-विदेशका पर्यटकहरूका लागि पहिलो रोजाइ बन्न सक्ने कर्णाली प्रदेशमा अहिलेसम्म १ सय १ उत्कृष्ट गन्तव्यहरूको निर्माण गरिएको प्रदेश सरकारले जानकारी दिएको भए पनि अझै धेरै गन्तव्यहरू र पर्यटकहरूका लागि सर्किट निर्माण गरेर अब सरकारले ठोस योजना लागु गर्नुपर्ने देखिएको छ।

पर्यटन प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने पूर्वाधार, गन्तव्यहरूको खोजी, पर्यटन कति दिनसम्म बस्न सक्छन् भन्ने विषयहरूको प्रदेशमै जानकारी हुने गरी सूचना केन्द्र स्थापना, हवाई तथा अन्य पूर्वाधारको व्यवस्थापनलगायतका विषयमा पनि सबै निकायहरू जिम्मेवार बन्नुपर्ने देखिएको छ। कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट, दैलेख, कालिकोट, जुम्ला, मुगु, हुम्ला हुँदै मानसरोवरसम्मका विभिन्न सर्किटहरू निर्माण गर्दै त्यो रुटसम्म लाखौं पर्यटकहरू भित्र्याउने अभियानका लागि कर्णाली प्रदेशका सबै नागरिकले आ-आफ्नो मस्तिष्कबाट सकारात्मक सोच निर्माण गरेर प्रदेशकै आर्थिक समृद्धिका लागि अगाडि बढ्नुपर्ने देखिएको छ। सरकारले पर्यटनलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम अगाडि ल्याउन जरुरी छ।

*- सरस्वती आचार्य, डोटी।*

### ढुकुटीको दुरूपयोग नहोस्

लाखौं नेपाली युवायुवती विदेश गई कमाएर रोएल्टी तिरेको पैसा नेताको आसेपासेलाई दिने चलन आज मात्र हैन सदियौंदेखि चलिआएको छ नेपालीले पसिनाको धारा बगाएर आफूले खाई नखाई सरकारलाई कर तिरेको पैसा किन यति धेरै दुरूपयोग गरिन्छ ? सरकारले ढुकुटीमा फुत्त आफैं आएजस्तो ठानेर दुई-चारजना नेताहरूको निर्णयमा सरकारी ढुकुटी स्वाहा पार्ने नियति कहिलेसम्म चलिरहने हो ? यहाँहरूलाई आलिसान बंगलामा राखेर पजेरोमा चढाउने जनता आज भोकभोकै मरिरहेका छन्, यहाँहरू सुखसयल र मोजमस्तीमा बस्नुभएको छ। यसमा कुनै आपत्ति छैन तर यति धेरै सुविधा दिँदादिँदै पनि सरकारी ढुकुटी आफू अनुकूलका व्यक्तिलाई दिने नियतिले गर्दा जनताको मन दुखेको छ।

एउटा नेपाली नागरिक विदेशमा ५८ डिग्रीको तापक्रममा काम गर्छ र सरकारलाई रोयल्टी तिर्छ, बचेको पैसा घर पठाउँछ अनि घरमा ऊ फर्किने बेलासम्म उसले कामाएको पैसा सकिइसकेको हुन्छ। घरमा आउँदा उसको जवानी पनि सकिइसक्छ। अनि टाउकोमा हात राख्दै भन्छ- 'हे प्रभु' मलाई किन गरिबको कोखमा जन्म दियौ ? आज म काम पनि गर्न सक्दिनँ, कसैले केही दिँदैन। भएको पैसा सरकारलाई रोयल्टी तिर्दा र बालबच्चा पढाउँदै सकियो।'

हेमन्त राणाले त्यसै 'परदेशबाट म आउँला, ४० कटेसी रमाउँला' भन्ने गीत गाएका हैन रहेछन्। यस्तै पीडालाई समेट्न नसकेर गाएका रहेछन्। एउटा युवा, आफ्नो जोशिलो जवानीमा देशका लागि केही गर्न सक्ने भए पनि विदेशमा गएर आफ्नो जवानी पत्करको भाउमा बेच्न बाध्य छ। यहाँ ठूला-ठूला सपना बाडिन्छ। अझ चुनावको बेला त आकशै झार्छौं भनेझैं गरी गुलिया भाषण गरिन्छ। यो प्रवृत्ति सबैको पालामा भएको छ। तपाईं नेताहरू सबैको नेता हो भने यस्ता कुरामा ध्यान जाओस्।

अझै भूकम्पपीडितहरूले घर बनाउन नसकिरहेको अवस्था छ। यसमा सरकारको ध्यान जानुपर्ने हो। तर यहाँ खाली आफ्नो स्वार्थको लागि मात्र काम हुँदै छ। जनता बलिया भए भने नेता आफैं भलिया हुन्छन् भन्ने धारणा कहिले आउला खै ? पहिला देश र जनतालाई धनी बनाउनुस् अनि नेता बलियो हुन्छ, नत्र विदेशीसँग अनुदान र रिण लिनेभन्दा बाहेक केही गर्न सकिन्न। त्यसैले अब एकचोटि देश र जनाताका लागि सोच्ने हो कि ?

*- उज्वल अधिकारी,*
*सरस्वती क्याम्पस, ठमेल*
*सूर्यबहादुर धिमिरे, च्यामा, दोलखा*

### गुणस्तरीय शिक्षाको खाँचो

मुलुकमा सामुदायिक विद्यालयको संख्या धेरै रहेको छ। सुगमका जिल्लाहरूमा प्रत्येक गाउँमा एउटा प्राथमिक विद्यालय सञ्चालन भइरहेको छ। सरकारले शैक्षिक गुणस्तरको लागि भनेर राज्यको ठूलो धनराशि खर्च गर्ने गरेको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि भनेर सरकारले पैसा खर्च गर्ने गरेको भए पनि धेरै सामुदायिक विद्यालयमा गरिएको लगानीको प्रतिफल सकारात्मक छैन।


सरकारले केन्द्रबाट छुट्याएको बजेट ग्रामीण क्षेत्रको विद्यालयसम्म पुग्न नसक्दासमेत विद्यालयको शैक्षिक गुणस्तर वृद्धि हुन नसकेको हो। धेरै ठाउँमा चुहावट हुँदै लक्षित विद्यालयमा पुग्ने पैसाले विद्यालयले शिक्षाको स्तर गुणस्तर गर्न सक्दैन। गाउँघरदेखि शहरबजारसम्म छ्यापछ्याप्ती खुलेका निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न नसकेर सामुदायिक विद्यालयहरू बन्द हुने अवस्थामा पुगेका छन्। सामुदायिक विद्यालयका विद्यार्थी निजी विद्यालयमा जान लागेपछि विद्यालयको अस्तित्व नै संकटमा पर्ने गरेको छ।

कतिपय विद्यालयमा विद्यार्थी नहुँदा विद्यालय मर्जसमेत गरिएको छ। सामुदायिक विद्यालयमा सरकारबाट तलब खाने शिक्षकहरूले विद्यालयको शैक्षिक गुणस्तरमा ध्यान नदिँदासमेत विद्यालयको शिक्षा खस्किएपछि विद्यार्थी अन्यत्रका निजी विद्यालयमा महँगो शुल्क तिरेर पढ्न जान थालेका हुन्। परिवर्तित समयसँगै सामुदायिक विद्यालयको पनि पढाइलाई सुधार गर्दै विद्यार्थीलाई आधुनिक शिक्षा दिनेतर्फ विद्यालय र सरकार लाग्नुपर्छ।

विद्यालयको पाठ्यक्रममा भएको विषयवस्तुअनुसार विद्यार्थीलाई पढाउनको लागि विद्यालयसँग भौतिक पूर्वाधार नै हुँदैन। सामुदायिक विद्यालयमा कक्षा ४ मा नै कम्प्युटरको विषयमा विद्यार्थीलाई बुझाउन पर्ने भए पनि धेरै विद्यालयमा कम्प्युटर अभाव छ। अधिकांश सामुदायिक विद्यालयबाट २१औं शताब्दी सुहाउँदो शिक्षा दिन सकिएको छैन। केही सीमित सामुदायले निजी विद्यालयलाई समेत मात खुवाउने गरी शैक्षिक गुणस्तर वृद्धि गर्दै अब्बल नतिजा ल्याइरहेको अवस्थामा ग्रामीण तहमा सञ्चालित सामुदायिक विद्यालयको समेत गुणस्तर वृद्धिमा सरकार र स्थानीय समुदायले ध्यान दिनु जरुरी छ। सामुदायिक विद्यालय भनेको समुदायको सम्पत्ति भएका कारणसमेत विद्यालयमा हुने हरेक क्रियाकलापमा अभिभावकहरू चनाखो र सचेत हुँदै गुणस्तरीय शिक्षाको लागि खबरदारी गर्नुपर्दछ -।

*-सुरज ताम्राकार, काठमाडौं।*

## सामाजिक सञ्जाल



श्रीमान् गोपाललाई हटाएर ठूलो गाँस खान तम्सिएका अहिलेका दीपक जोशी मुद्दा छिन्दा निकै बजेट हसुर्नेमध्येका एक हुन्। करोडौं जम्मा गरिसकेका छन्। यिनलाई अब प्रन्या बन्नबाट रोकेर सम्पत्ति छनबिन गरियोस्। छानबिन आयोग निर्माण गर्न मेरो पालामा भने बजेट प्रशस्त राख्थे, ओलीको हुत्ति भएन।

**Ram Saran Mahat**
**@ramharanmahat**




जुन घरमा नारीको आत्मसात्सहित आत्मसम्मान हुन्न त्यो घरमा सदैव द्वेष, कलह हुन्छ। साथै धन, सुख, शान्ति कहिल्यै हुन्न। त्यसैले नारीलाई साक्षात लक्ष्मीस्वस्प्र मानिन्छ।

**गोपाल लम्साल**
**@GopalGopalgita1**

२०७५, साउन
बुधबार
१६

मध्यपुरथिमि नगरपालिकामा नेपाली कांग्रेसको तर्फबाट विजयी २९ जना जनप्रतिनिधिले जनताप्रति पूर्णरूपमा जिम्मेवार रही नगरपालिकालाई समृद्ध र नमुना नगर बनाउन प्रतिबद्ध रहेको बताएका छन्।



# नेपाल



प्रतिपक्षी दल नेपाली कांग्रेसले मंगलबार सरकारविरुद्ध बृहत् विरोध प्रदर्शन गरेको छ। देशभर विरोध प्रदर्शनको कार्यक्रम राखेको कांग्रेसले काठमाडौंमा शान्तिवाटिकाबाट जुलुश निकालेको थियो। *तस्वीर : अनिल आङ्देम्बे/काठमाडौं*

## 'जनतालाई मार पर्ने गरी कर वृद्धि गरिएको छैन'

भक्तपुर, (नेस)

मध्यपुरथिमि नगरपालिकामा नेपाली कांग्रेसको तर्फबाट विजयी २९ जना जनप्रतिनिधिले जनताप्रति पूर्णरूपमा जिम्मेवार रही नगरपालिकालाई समृद्ध र नमुना नगर बनाउन प्रतिबद्ध रहेको बताएका छन्। उनीहरूले कौशलटारमा पत्रकार सम्मेलनको आयोजना गरी पार्टीको सिद्धान्त, मूल्य मान्यता र विधानअनुरूप अनुशरण गर्दै नगरको नीति निर्माण गरिएको प्रस्ट पारेका छन्। पत्रकार सम्मेलनमा मथिनपा-२ का वडा अध्यक्ष तथा नपाका प्रवक्ता राम थापा मगरले सचेत नगरबासीप्रति भ्रम सिर्जना हुने गरी जनप्रतिनिधिहरूको भत्ता, सुविधा बढाउन कर वृद्धि गरिएको भन्ने हल्लाप्रति दुःखी, सजग र सचेत रहेको बताउनुभयो।

आव ०७५/७६ को बजेट, नीति तथा कार्यक्रममा नेपाल सरकार तथा प्रदेश सरकारबाट निर्णय भएको भन्दा कहींकतै पनि सेवा सविधा, लिने र दिने गरी कुनै निर्णय नभएको संयुक्त प्रेस विज्ञप्तिमा उल्लेख छ। आफूहरू जनताप्रति अत्यन्त सम्वेदनशील रहेको र प्रत्यक्ष जनसरोकार रहेको एकीकृत सम्पत्ति करको विषयमा पनि सबै पदाधिकारी सचेत रहेको विज्ञप्तिमा उल्लेख छ। व्यापक छलफल र विचार विमर्श गरी नीति तथा कार्यक्रममै राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई अंगिकार गर्दै बजेट तथा कार्यक्रम पारित भएको विज्ञप्तिमार्फत उनीहरूले प्रस्ट पार्न खोजेका छन्।

संयुक्त प्रेस विज्ञप्तिमा नपाका ४५ जना पदाधिकारीमध्ये २९ जना जनप्रतिनिधिले हस्ताक्षर गरेका छन्। पत्रकार सम्मेलनमा उपप्रमुख अञ्जनादेवी मधिकर्मीलगायत केही कार्यपालिका सदस्य र नगर सदस्य भने उपस्थित थिएनन्। तर, विज्ञप्तिमा उनीहरूको हस्ताक्षर भने समावेश छ। कार्यव्यस्तताका कारण उनीहरू उपस्थित हुन नसकेको नगर सदस्य हरिदास प्रजापतिले जानकारी दिनुभयो। यस नगरपालिकामा कांग्रेसले गत स्थानीय निर्वाचनमा उपप्रमुखसहित दुई तिहाइ स्थानमा विजय हासिल गरेको थियो।

## प्रेस लेखेको मोटरसाइकलमा लागूऔषध

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२२ पुरानो नगरपालिका नजिकबाट लागूऔषधको कारोबार गर्ने दुई जनालाई 'प्रेस' लेखेको ज७प १४०४ नम्बरको मोटरसाइकल सहित सोमबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा धनुषा गणेशमान चारथान नगरपालिका-४ घर भई हाल सिनामंगल डेरा गरी बस्ने राजकुमार चौधरी र वसन्तपुर बस्ने मोहम्मद साहिद रहेका छन्।

चौधरीलाई प्रहरीले लागूऔषध कोडाइन फोसफेट्स डिप्लेक्स डीसी ३५ बोतल, स्पासपोक्राम दुई ट्याब्लेट, इन्ट्रानेट २१ ट्याब्लेट, प्रेस लेखिएको ज७प १४०७ नम्बरको मोटरसाइकल, नगद २५ हजार रुपियाँ, ग्लोबल आईएमई बैंकमा विभिन्न मितिमा जम्मा गरेको ४ लाख १ हजार रुपियाँका भौचरहरू र २ थान मोबाइलसहित प्रहरीले पक्राउ गरेको हो।

चौधरीले लागूऔषध काठमाडौं ल्याउदा भारतीय सीमा क्षेत्रबाट काठमाडौं आउने सवारीसाधनमार्फत ल्याउने गरेको र लागूऔषध बिक्री-वितरण गर्दा कसैले शंका नगरोस् भन्नका लागि 'प्रेस' लेखिएका मोटरसाकल प्रयोग गर्ने गरेको खुल्न आएको छ।

## लागूऔषधसहित ५ पक्राउ

भक्तपुर, (नेस)

महानगरीय प्रहरी वृत्त थिमिका प्रहरी टोलीले लागूऔषधसहित पाँच जनालाई पक्राउ गरेको छ। प्रहरी परिसर भक्तपुरका अनुसार मध्यपुर थिमि नगरपालिका ९ राधेराधेबाट भक्तपुर नगरपालिका ४ घर भई हाल सूर्यविनायक नगरपालिका ५ चुनदेवी बस्ने ५१ वर्षीया पद्मा राणालाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीले राणाको साथबाट फेनेरगन १०० थान, नोफिन, १०० थान, डाइजोल्याब १०० थान लागूऔषध बरामद गरेको परिसरका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जानकारी दिनुभयो। त्यसै गरी प्रहरीले पर्सा धोबनी गाउँपालिका-२ घर भएका पृथ्वीराज सिंह, मकवानपुर सानोपोखरा ५ घर भई हाल काठमाडौं बालाजु बस्ने सुष्मा तिमिल्सिना, मध्यपुरथिमि नगरपालिका-५ चपाचो बस्ने राजेश प्रजापति, मध्यपुरथिमि नगरपालिका-६ पोबुटोल बस्ने दिनेश भासीलाई प्रहरीले फेनेरगन, नोफिन, ६ सय ९० थान लागूऔषधसहित पक्राउ गरेको पोखरेलले जानकारी दिनुभयो।

# अदालतको फैसला कार्यान्वयन गर्न माग

**नेपाल समाचारपत्र**

काठमाडौं

सडक विस्तार पीडितले सर्वोच्च अदालतको पछिल्लो आदेश चाँडोभन्दा चाँडो कार्यान्वयन गर्न दबाब दिने थालेको छ।

गैरन्यायिक सडक विस्तारको पक्षमा रहेको सरकार र काठमाडौं उपत्यका विकास प्राधिकरण अदालतको फैसला कार्यान्वयन गर्न नचाहेको भन्दै उनीहरूले दबाबमूलक कार्य थालनी गरेको हो। उपत्यकाव्यापी सडक विस्तार पीडित संघर्ष समितिले मंगलबारदेखि दबाबमूलक कार्य थालेको हो। समितिले उपत्यकाका विभिन्न स्थानीय तहका प्रमुखहरूलाई ज्ञापनपत्र बुझाएको छ। समितिले साउन २८ गते सम्ममा काठमाडौं उपत्यकाका १८ वटै नगरपालिका, पुरातत्त्व विभाग, गुठी संस्थानमा ज्ञापन बुझाउने समितिका अध्यक्ष सुमन सायमीले बताउनुभयो।

'अदालतको फैसला कार्यान्वयन गर्ने दायित्व सरकारको हो। यदि सरकारले नै फैसला कार्यान्वयन नहुने हो भने मुलुकमा न्यायविहीन भई अराजकता मच्चिनेछ।' -अध्यक्ष सायमीले भन्नुभयो। सडक विस्तारको विरुद्धमा आन्दोलन गर्दै आएको सन्दर्भमा गत असार १२ गते अदालतले गरैन्यायिक तरिकाले सडक विस्तार कार्य रोक्न सरकार, सम्बन्धित निकायको नाउँमा आदेश दिएको थियो। २०६८ सालदेखि शुरू भएका सडक विस्तार र त्यसयता नै विरोध हुन थालेको हो। उपत्यकामा पाँच सय किलोमिटर सडकमध्ये तीन सय ८० किलोमिटर सडक विस्तार भइसकेको छ। एक सय २० किलोमिटरमध्ये ६० किलोमिटर क्षेत्रमा सडक विस्तारमा अवरोध देखिएको छ। बाँकी रहेको ६० किलोमिटरमा सडक रेखांकन गर्नसमेत नसकेको प्राधिकरणले जनाएको छ।

पीडितहरूलाई सहमतिमा ल्याई उचित क्षतिपूर्ति र मुआब्जा दिएर मात्र सडक विस्तार गर्नुपर्ने पक्षमा पीडितले आन्दोलन गर्दै आएको थियो। उपत्यकाको विभिन्न स्थानका घरधनीले क्षतिपूर्तिका लागि १ अर्ब ३० करोड रुपियाँ मागसहितको निवेदन दिए पनि प्राधिकरणसँग उनीहरूलाई क्षतिपूर्ति दिने पर्याप्त रकम नभएको बताइएको छ। यस पृष्ठभूमीमा पीडितहरूले अदालतको फैसला निकै महत्त्वका साथ हेरिएको छ।

फैसलाले सडक विस्तार गर्नुअघि नै त्यहँका जग्गाधनीलाई क्षतिपूर्ति र मुआब्जा दिन निर्देशनात्मक आदेश जारी गरेको छ। बीचैमा रोकिएका विस्तार योजनामा भने जग्गाधनीलाई मुआब्जा दिने र सडक निर्माण कार्य सँगसँगै गर्नुपर्नेछ। आफ्नो घरजग्गा मिच्ने गरी बाटो विस्तार गर्ने निर्णय भएको र त्यसबारे कुनै सूचनासमेत नदिएको भन्दै रिट दायर गरिएको थियो। आदेशअनुसार अब सडक विस्तार गर्दा सबैभन्दा पहिले त्यो सडकले मिच्ने जग्गा सरकारी स्वामित्वमा ल्याउनुपर्नेछ। यसको निम्ति जग्गाधनीसँग मुआब्जा र क्षतिपूर्तिमा सहमति गर्नुपर्नेछ। सहमतिअघि जग्गा अधिग्रहण गर्न पाइनेछैन।

सार्वजनिक सडक ऐनअनुसार जग्गा प्राप्त गरेपछि मात्र सडक सीमा तोक्नू भन्ने सर्वोच्चको फैसलामा छ। सर्वोच्चले त्यो हो, सरोकारवालासँग वार्ता गरेर जग्गा प्राप्ति गर्न पनि भनेको छ। फैसलामा भनिएको छ- 'सहज, सरल, प्रभावकारी र निर्विवादरूपमा जग्गा प्राप्ति गर्ने माध्यम भनेको वार्ता हो। विज्ञ समूहबाट सरोकारवालासँग वार्ता गरी जग्गा प्राप्त गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नू।'

सडक निर्माण वा विस्तार गर्दा कसैको आवास गुम्ने कुरामा संवेदनशील हुन सर्वोच्चले सरकारलाई निर्देशन दिएको छ। आवास भत्काएर सडक बनाउनुपरे विकल्प व्यवस्था गर्न भनिएको छ। आवासको हकबाट वञ्चित गर्ने कार्यलाई अत्यन्तै संवेदनशील ढंगले ग्रहण गरी विकल्पहीन अवस्थामा बाहेक आवासको सुरक्षालाई प्रतिकूल असर पर्ने गरी कार्य नगर्नू/नगराउनू फैसलामा उल्लेख छ। जग्गाधनीलाई मुआब्जा दिंदा आयोजना निर्माणबाट लाभ प्राप्त गर्ने र विस्थापित नै हुनुपर्ने गरी दुई वर्गमा विभाजित गर्नुपर्नेछ। विस्थापित हुनेलाई पुनर्वास र पुनर्स्थापनाको बन्दोबस्त हुने गरी मुआब्जा र क्षतिपूर्ति निर्धारण गर्न सर्वोच्चले सरकारलाई निर्देशन दिएको छ।

बस्तीभित्र बाटो विस्तार र निर्माण गर्दा जग्गा वा मुआब्जा दिएर मात्र सरकारले सुख पाउनेछैन। विस्थापित हुने परिवारका बालबालिकाको पढाइको समेत ख्याल गर्नुपर्नेछ। शैक्षिक क्यालेन्डरको बीचमा बसोबास सार्नुपर्दा नयाँ स्कुलमा भर्ना पाइँदैन। यसैलाई हेरेर सर्वोच्चले शैक्षिक क्यालेन्डरको बीचमा सडक विस्तार गर्न रोक लगाएको छ। विद्यार्थीले अर्को सिजनमा मात्र भर्ना हुन पाउने भए सडक विस्तार त्यही बेलासम्म रोक्नुपर्ने फैसलामा छ। आवास क्षेत्रबाट सडक निर्माण गर्नुपर्ने अवस्थामा बालबालिकाको शिक्षाको हक आत्मसात् गरी उचित व्यवस्था गर्न लाग्ने यथोचित समय प्रदान गर्नू।' -फैसलामा भनिएको छ।

यति मात्र हैन, अब विकास निर्माणका कुनै पनि काम गर्दा अहिले जस्तो धूलोहिलो हुने, खोलानाला प्रदूषित पार्ने स्थिति बनाउन पाइनेछैन। पुरातात्त्विक महत्त्वका स्थल पनि भत्काउन पाइने छैन। वातावरण संरक्षण र पुरातात्त्विक महत्त्व राख्ने स्थलको संरक्षणलाई केन्द्रबिन्दुमा राखेर विकास आयोजना सञ्चालन र निर्माण गर्नु भनेर अदालतले भनेको छ।

फैसलाले पीडितलाई न्याय गरेको छ। यो फैसला कार्यान्वयन नभएसम्म दबाबमूलक कार्य गरिरहने छु। समितिका अध्यक्ष सायमीले भन्नुभयो।

# ढिलासुस्ती मान्य नहुने गृहमन्त्रीको चेतावनी

**नेपाल समाचारपत्र**

काठमाडौं

गृहमन्त्री रामबहादुर थापा 'बादल'ले गृह मन्त्रालय र सोअन्तर्गतका निकायका कर्मचारी तथा सुरक्षाकर्मीहरूलाई कार्यसम्पादनमा ढिलासुस्ती नगर्न निर्देशन दिनुभएको छ।

गृहमन्त्रीले चार महिनाअघि सार्वजनिक गरेको ८२ बुँदे गृह प्रशासन सुधार कार्ययोजनाबारे मंगलबार गृह मन्त्रालयमा आयोजित समिक्षा बैठकमा गृहमन्त्री थापाले कार्ययोजनाको कार्यान्वयन सन्तोषजन रहेपनि अझै गति बढाउन आवश्यक रहेको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो- 'प्राविधिक कारणले केही बुँदामा ढिलासुस्ती भएको भए केही छैन। अन्यथा जानाजान ढिलासुस्ती गरिएको हो भने त्यो मान्य हुनेछैन।'

उहाँले मन्त्रालयले दिएको जिम्मेवारीअनुसार शान्ति, सुरक्षा, सुव्यवस्था र सशासनका लागि प्रतिवद्ध भएर काम गर्न मातहतका निकायहरूलई निर्देशन दिनुभयो।

उहाँले भन्नुभयो- 'अहिले हामी सक्रिय भएपछि अपराधीहरू निस्क्रियजस्तो देखिएका छन्। मौका मिल्नेबित्तिकै उनीहरू फेरि सक्रिय हुन्छन्। त्यसैले उनीहरूको सञ्जाल तोडिने गरी काम गर्नुहोस्।' उहाँले यो अवधिमा यातायात क्षेत्रको सिन्डिकेट अन्त्य, सुन तस्करीलगायतका क्षेत्रमा बेथिति अन्य गर्न सफलता मिलेको भन्दै यसका लागि मातहतका कर्मचारी र प्रहरीहरूलाई धन्यवाद दिनुभयो।

कार्यक्रममा गृह मन्त्रालयमा सचिव प्रेमकुमार राईले आर्थिक मितव्ययिता कायम गर्न आग्रह गर्दै काम गर्न आवश्यक स्रोत र साधनको भने कमी हुन नदिइने स्पष्ट पार्नुभयो। बैठकमा गृह मन्त्रालयअन्तर्गतका महाशाखा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अध्यागमन विभाग, कारागार व्यवस्थापन विभागले ८२ बुँदे गृह प्रशासन सुधार कार्ययोजनाअनुरूप आफूहरूले हालसम्म गरेका कामकारबाहीको विवरण प्रस्तुत गरेका थिए।

८२ बुँदेमध्ये ७२ वटा बुँदा केही कार्यान्वयनमा आइसकेको, केही कार्यान्वयनको प्रक्रियामा रहेको तथा १० बुँदा भने अझै काम शुरू नभएको विवरण बैठकमा प्रस्तुत गरिएको थियो।

## ७ हजार थान एम्फेटामाइन समातियो

काठमाडौं, (नेस)

तेह्रथुम म्याङ्गलुङ नगरपालिका ७ घर भएका जयप्रसाद लिम्बूलाई अवैध मनोद्विपक पदार्थ एम्फेटामाइन ७ हजार १ सय २० ट्याब्लेटसहित प्रहरीले सोमबार पक्राउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका ३ महाराजगन्जबाट लिम्बूलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो।


सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि


ज्यो. चन्द्रेश शर्मा

**मेष** : नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**वृष** : द्रव्यलाभ, विविध प्राप्ति, उत्तम भोजन, पारिवारिक सुख।
**मिथुन** : सुख-सन्तोष, कार्य सफल, शारीरिक स्वस्थता।
**कर्कट** : राज्य सञ्चालकबाट भय, इज्जत-प्रतिष्ठामा धक्का।
**सिंह** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**कन्या** : धन आर्जन, अधुरा कार्य पूरा, सम्मान, समस्या समाधान।
**तुला** : द्रव्य लाभ, शत्रु विजय, गौरव, सुख-सन्तोष।
**वृश्चिक** : वायुजन्य रोगको भय, कार्य अधुरो, शोक-सन्ताप।
**धनु** : पेट गडबड, दौडधुप, परिवारमा विवाद, अस्तव्यस्त।
**मकर** : द्रव्यलाभ, सम्मान, जागिर-व्यापारमा सफलता।
**कुम्भ** : धननाश, मानसिक चञ्चलता, खर्च, आँखामा समस्या।
**मीन** : खाद्यान्न, उपहारादि वस्तु प्राप्ति, भाग्योदय, कार्य सफल।

2018, AUG
Wednesday
1



# प्रदेश-३



बहुविवाहमा ७ वटा, सरकारी कागजात कीर्तेको १ वटा, ठगीका ३ वटा, लागूऔषधका २ वटा र बोक्सीको आरोपमा १ वटा मुद्दा दर्ता भएको छ।

# हेटौंडामा कांग्रेसको सरकारविरुद्ध प्रदर्शन

## विरोध गर्नेमाथि मुक्का वर्षा




**रोशन पराजुली, हेटौंडा**

प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले सरकारविरुद्ध सडकमा विरोध प्रदर्शन गरेको छ। कांग्रेसले सरकारविरुद्ध कार्यकर्ता सडकमा उतारेर विरोध जनाएको हो।

हेटौंडामा भएको विरोध कार्यक्रममा वक्ता नेताले सरकारले आफ्नो व्यवहार परिवर्तन नगरे थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने तयारी भएको जनाए। उनीहरूले संविधान कार्यान्वयन गराउने प्रमुख दायित्व सरकारको भए पनि सरकार आफैंले बेवास्ता गरेको बताए।

नेपाली कांग्रेस मकवानपुर पार्टी कार्यालयबाट शुरू भएको विरोध र्‍यालीले हेटौंडाका विभिन्न क्षेत्र परिक्रमा गरेको थियो। सरकारविरुद्ध कडा नारासहित विरोधमा उत्रिएको जुलुस बुद्धचोकमा पुगी कोणसभामा परिणत भएको थियो।

कोणसभामा कांग्रेस केन्द्रीय सदस्य महालक्ष्मी डीना उपाध्यायले सरकारको रवैयाविरुद्ध आफूहरू आन्दोलित भएको बताउनुभयो। संसद्मा सभामुख र उपसभामुख छुट्टै पार्टीको हुनुपर्ने संवैधानिक व्यवस्था हुँदासमेत एउटै पार्टीबाट सभामुख र उपसभामुख रहेको भन्दै उहाँले तत्काल सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने बताउनुभयो। सरकारले मूल्यवृद्धि गरी जनताको ढाड सेक्ने काम गरेको भन्दै उहाँले सरकारको जनविरोधी कदमविरुद्ध आन्दोलित भएको बताउनुभयो।

सभामा सांसद इन्द्रबहादुर बानियाँले सरकारको चर्को आलोचना गर्नुभएको थियो। बानियाँले केपी ओली नेतृत्व सरकारको मनोमानी रोक्न आन्दोलनमा उत्रन बाध्य भएको बताउनुभयो।

कांग्रेसले वर्तमान सरकार देशमा महँगी बढ्दासमेत गैरजिम्मेवार बनेको, स्वतन्त्र न्यायपालिकामा हस्तक्षेप गर्न खोजेको, अघिल्लो सरकारका निर्णय लागू नगरेको, स्वतन्त्र प्रेसमाथि हस्तक्षेप गरेको, बाढी-पहिरोपीडितको बेवास्ता गरेकोलगायत विषयले गर्दा आन्दोलन गर्नुपरेको उहाँले जनाउनुभयो। बानियाँले सरकारले संविधानको खिल्ली उडाएको बताउनुभयो।

सरकारले लिएको अर्थनीतिका कारण धेरै कुरामा कर बढ्दा जनताले महँगीको मार खेप्नुपरेकाले जनतालाई परेका पीरमर्काको प्रतिपक्षले आवाज उठाउनु दायित्व भएको नेता बानियाँले बताउनुभयो। 'जनताको कर बढेकाले खर्च बढ्यो। जनताको आम्दानी बढेको छैन। अर्कोतिर सरकारी स्वामित्वको आयल निगमले पेट्रोलियम पदार्थमा ४/५ पटक मूल्य वृद्धि गरेपछि दैनिक जीवनमा असर परेको छ', उहाँले भन्नुभयो- 'रसायनिक मलको मूल्य बढ्दा किसानले मल किन्न सक्ने अवस्था छैन। यसले जनतालाई सकस थपिएको छ।'

५ वर्षका लागि फागुन ३ मा बनेको केपी ओली नेतृत्वको सरकारविरुद्ध प्रतिपक्षले पहिलोपटक देशव्यापी आन्दोलन गरेको हो। साउन १ गते कांग्रेसले ओली नेतृत्व सरकार अधिनायकवादतर्फ उन्मुख भएको तथा जनविरोधी काम गरेको भन्दै सरकारलाई खबरदारी गर्न देशव्यापी विरोध प्रदर्शन गर्ने घोषणा गरेको थियो।

सरकार र डा. गोविन्द केसीसँग भएको सहमतिको अक्षरशः पालना गर्नुपर्ने, नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति डा. कुलप्रसाद कोइरालालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गरिएको गिरफ्तारी, वीर अस्पतालका चिकित्सकलाई गृह मन्त्रालयमा बोलाएर अनुचित दबाब दिनुलगायत आरोप कांग्रेसले सरकारमाथि लगाएको छ।

कांग्रेसले महँगी, भ्रष्टाचारजस्ता जनजीविकाका सवालमा पनि सरकार गम्भीर नभएको तथा सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई आस्थाका आधारमा दुर्व्यवहार भएको भन्दै विरोध गरेको छ।

सरकारको विरोधमा नेपाली कांग्रेस मकवानपुरले हेटौंडामा गरेको विरोध प्रदर्शनका क्रममा हेटौंडा बुद्धचोकमा भएको सभामा कार्यकर्ताले एक व्यक्तिमाथि मुक्का वर्षाएका छन्। कांग्रेसको कार्यक्रममा पुगेर कांग्रेसको आन्दोलन जायज नभएको भन्दै 'मुर्दावाद' को नारा लगाउने हेटौंडा-६, चौघडाका सन्तोष सापकोटामाथि कांग्रेस कार्यकर्ताले मुक्का बर्साएका हुन्।

कांग्रेस जिल्ला सभापति तथा सांसद बानियाँले मन्तव्य राख्ने क्रममा सापकोटाले कांग्रेसको आन्दोलन जायज नभएको बताएपछि कार्यकर्ताले उनीमाथि मुक्का वर्षाएका थिए। उनको आँखामा चोट लागेको छ। उनलाई प्रहरीले हेटौंडा अस्पताल पुर्‍याएको छ।

विरोध प्रदर्शनमा जिल्लास्तरीय नेता, मकवानपुरका ८ वटै गाउँपालिका, हेटौंडा उपमहानगरपालिका र थाहानगरका नेता/कार्यकर्ता, भ्रातृ एवं शुभेच्छुक संस्थाका पदाधिकारी, सदस्य एवं कार्यकर्ताको सहभागिता थियो।

# जाइ नलाग्न चेतावनी

**नेपाल समाचारपत्र**

काभ्रे

नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिलेन्द्रप्रसाद बढुले नेकपा र नेकपा नेतृत्वको सरकारलाई चुनौती दिँदै कांग्रेसलाई नबिच्क्याउन चेतावनी दिएका छन्।

नेपाली कांग्रेस काभ्रेले आयोजना गरेको सरकारविरुद्धको र्‍यालीपछिको कोणसभामा बोल्दै नेता बढुले सरकारलाई सच्चिन आग्रह गरे। 'म सरकारलाई सच्चिन आग्रह गर्दछु, सरकार सच्चिएन भने सरकारको आयु आफैंले घटाउँछ, नेपाली कांग्रेसको यो आन्दोलन कास्टिङ मात्रै हो', नेता बढुले भने- 'कांग्रेसविरुद्ध जाइलाग्नेको हालत इतिहासले देखाइसकेको छ, कांग्रेससँग जाइलाग्ने प्रयास नगर।'

नेता बढुले कांग्रेस इतिहासमा राणा र शाहवंशलाई हटाउन सक्ने तागत भएको पार्टी भएकाले कम्युनिस्टको अधिनायकवाद सजिलै हटाउने भएकाले कांग्रेससँग जाइलाग्ने प्रयास नगर्न चेतावनी दिए। दुईतिहाइको दम्भमा संविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र राष्ट्रपति दुवै बनाउने प्रयास भए कांग्रेस चुप नलाग्ने नेता बढुले बताए।

अघिल्लो देउवा सरकारले गरेका सबै नियुक्ति सदर गर्न, अस्थायी र करार कर्मचारी नहटाउन, संसद्मा सभामुख वा उपसभामुख फरक-फरक पार्टीको बनाउन नेता बढुले सरकारको ध्यानाकर्षण गराए।

सरकारले न्यायालयमाथि समेत हस्तक्षेप गरेको बताउँदै नेता बढुले प्रधानन्यायाधीशको नियुक्ति रोकेर धम्क्याउने प्रयास भएको बताए। कम्युनिस्टहरूलाई चेतावनी दिँदै सरकारका कामकारवाहीका बारेमा विरोध जनाएका थिए। धुलिखेलको बसपार्कबाट शुरू भएको र्‍याली टुँडिखेल पार्कमा पुगी कोणसभामा परिणत भएको थियो। सभामा सहभागी हुन गाउँ-गाउँबाट बस रिजर्भ गरेर कार्यकर्ता ल्याइएको थियो भने स्थानीय तहअनुसार सहभागी कार्यकर्ताको हाजिरी गराइएको थियो।

सरकारले ल्याउन लागेको रेल नेपाल र नेपालीलाई आवश्यक नभएको बताउँदै आधारभूत क्षेत्रको विकासमा ध्यान दिन नेता बढुले बताउँदै सरकार आफैं मक्किसकेको बताए। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईंले भूकम्पपीडितलगायतका समस्यामा सरकारले ध्यान दिन नसकेको बताए। सोही सभामा क्षेत्रीय सभापति, जिल्ला सभापति मधु आचार्यलगायतले



# संगठित भए होमस्टे सञ्चालक

**नेपाल समाचारपत्र**

काभ्रे

होमस्टे एसोसिएसन नेपालको आयोजना तथा नेपाल पर्यटन बोर्डको सहयोगमा प्रदेश नं ३ स्तरीय एक दिने होमस्टे प्रोफाइल निर्माण तथा प्रदेशस्तरीय समिति गठन भएको छ।

होमस्टे सञ्चालकले विभिन्न देशबाट भित्रने पर्यटकलाई सेवा दिन ग्रामीण भेगमा खुलेका होमस्टेका बारेमा जानकारी दिन र होमस्टे व्यवसायलाई प्रबर्द्धन गर्न माग गरेका छन्। धुलिखेल नगरपालिकाका नगरप्रमुख अशोक ब्याञ्जुको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा ३ नम्बर प्रदेशस्तरीय होमस्टेका सञ्चालक सहभागी थिए। कार्यक्रममा बोल्दै नगरप्रमुख ब्याञ्जुले धुलिखेल आफैंमा पर्यटकीय नगरी भएकाले ठूला-ठूला होटलको आगमन र वृद्धिसँगै ग्रामीण भेगमा होमस्टेले पाहुनाको सत्कार र पर्यटकलाई प्राकृतिक हिसाबले समेत सन्तुष्टि प्रदान गर्न सकिने बताए। नगरपालिकाले होमस्टेको अवधारणालाई सहयोग पुर्‍याउने प्रमुख ब्याञ्जुले बताए। कार्यक्रममा वडाध्यक्ष विष्णु धितालले वडामा रहेका होमस्टेलाई नेपालकै नमुना बनाउन र होमस्टेमार्फत स्थानीय नागरिकको आयस्रोत वृद्धि गर्न वडाले योजना बनाइरहेको बताए।

कार्यक्रममा होमस्टे एसोसिएसन जिल्लाका अध्यक्ष केशव बडालले जिल्लामा रहेका होमस्टेको विकास र होमस्टेमार्फत आर्थिक समृद्धिका लागि पहल भइरहेको बताए। होमस्टे एसोसिएसनको ३ नम्बर प्रदेशस्तरीय भेलाले बाबुराजा महर्जनको अध्यक्षतामा तदर्थ समिति गठन गरेको छ। महर्जन होमस्टे नेपाल कीर्तिपुरमा आवद्ध छन्। त्यस्तै समितिमा उपाध्यक्ष संगीता श्रेष्ठ, पनौती सामुदायिक होमस्टे पनौती, सचिव गोविन्दप्रसाद हुमागाईं बल्थली सामुदायिक होमस्टे बल्थली, उपसचिव अनिमा भट्टराई अनिमा होमस्टे, कोषाध्यक्ष निरन्जन थापा सुनाकोठी सामुदायिक होमस्टे सुनाकोठी रहेका छन्। सदस्यमा कमल नेपाल माउन्ट महाभारत होमस्टे बेथानचोक, पम्फा श्रेष्ठ, ज्ञानमाला सामुदायिक होमस्टे काठमाडौं, नारायणबहादुर तामाङ पाल्तेखेत सामुदायिक होमस्टे धुलिखेल, सुवास बास्तोला नगरकोट सामुदायिक होमस्टे नगरकोट र वसन्त तामाङ नागार्जुन सामुदायिक होमस्टे नागार्जुन रहेका छन्।

यसअघि पाल्तेखेत सामुदायिक होमस्टेद्वारा पाहुनाको बसाइँ लम्ब्याउन स्थानीय संस्कृतिसमेत जोगाउने र परम्परालाई जगाउने उद्देश्यले विभिन्न कार्यक्रम आयोजना गरिएको थियो। ६ वर्ष अघिदेखि शुरू भएको पाल्तेखेत होमस्टेमा १८ घरपरिवार छन्। ताइवानको इलिभ शहरबाट हरेक वर्ष ५ सय जति ताइवानी होमस्टेमा आउने गरेका छन्। उनीहरूको बसाइँ लम्ब्याउन र उनीहरूलाई नेपालको संस्कृति, पहिचान र स्थानीयस्तरमा हुने विविध विषयमा जानकारी गराउन रोपाइँ कार्यक्रमसमेत आयोजना गरिएको अध्यक्ष बडालले जानकारी दिए। होमस्टे कार्यक्रमले स्वरोजगारका साथै भाषा र संस्कृतिको समेत आदानप्रदान गरेको छ। सरसफाइ, सभ्यता, परिवारभित्रका सदस्यको अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध र व्यवहार, स्थानीय उत्पादनको खपत र प्रबर्द्धन, अर्गानिक खेतीमा जोड र व्यवसायिक तरकारी तथा खेती प्रणालीमा सहभागितालगायतमा होमस्टेबाट सहयोग पुगेको छ।

# नेपाली कांग्रेस नुवाकोटको शक्ति प्रदर्शन

**नेपाल समाचारपत्र**

नुवाकोट



नुवाकोटमा मंगलबार नेपाली कांग्रेसले शक्ति प्रदर्शन गरेको छ। कांग्रेसले सरकारले महँगी नियन्त्रण नगरेको र नुवाकोटका स्थानीय तहले जनतामाथि जथाभावी करको दायरा बढाएको भन्दै प्रदर्शन गरेको नेपाली कांग्रेस नुवाकोटले जनाएको छ।

नेपाली कांग्रेसले प्रदर्शनमा विशेष गरी विदुर नगरपालिकाले नगरवासीको ढाड सेकिने गरी कर बढाएको भन्दै त्यसलाई तत्काल फिर्ता गर्न माग गरेको छ। विरोधसभामा बोल्दै नेपाली कांग्रेसका जिल्ला सभापति जगदीशनरसिंह केसीले नुवाकोटका सबै स्थानीय तहले जनताको क्षमताभन्दा बढी कर लगाएको भन्दै त्यसलाई तत्काल फिर्ता गर्न आग्रह गरेका छन्। केसीले जनताका अघि कोही पनि टिक्न र झुक्न नसक्ने भन्दै वृद्धि गरिएको कर फिर्ता नगरेसम्म नेपाली कांग्रेसले आन्दोलन जारी राख्ने बताए। विरोध कार्यक्रममा प्रदेश नं ३ की सांसद कल्पना नेपालीले जनताको इच्छाविपरीत स्थानीय तहले कर बढाएको भन्दै जनता मर्कामा परेको बताइन्। यसैबीच विदुर नगरपालिकाले गत असार १० गते नगरसभाबाट पारित गरेको एकीकृत सम्पत्ति करलाई जनताको चाहनाअनुरुप संशोधन गर्ने संकेत गरेको छ।

नगरपालिकाले एकीकृत सम्पत्ति कर बढाएको भन्दै नगरवासीले विरोध जनाएपछि लगाएको एकीकृत सम्पत्ति करको विषयमा संशोधन गरेको विदुर नगरपालिकाका उपमेयर तथा राजश्व समितिकी प्रमुख गीता दाहालले बताएकी छिन्। विदुर नगरपालिकाकी उपमेयर दाहालले ८० प्रतिशत जनताले नगरपालिकाले लगाएको एकीकृत सम्पत्ति करलाई स्वीकार गरेको दाबी गर्दै केही स्थानीयवासी मर्कामा परेको र जनभावनाअनुसार नगरपरिषदको बैठकले गरेको निर्णय परिमार्जन गर्ने संकेत गरेकी हुन् । उनले अब नगरपालिकाबाट कार्यान्वायन हुने कानुन संघ र प्रदेशसँग नबाजिने गरी बनाउने प्रक्रिया भइरहेको जानकारी दिइन्।

उपमेयर दाहालले नगरपरिषद्ले बढाएको करले नगरपालिकाका ग्रामीण भेगका केही जनता मर्कामा परेको स्वीकार गर्दै नगरपलिकाले छिट्टै वैकल्पिक निर्णय गर्ने बताएकी हुन्। दाहालले करको विषयमा विदुर नगरपालिका महत्त्वाकांक्षी नभएको भन्दै आफूहरूले जनतालाई विकास निर्माणको काममा योगदान दिन र जिम्मेवार बनाउन केही मात्रामा कर लगाएको बताइन्। उनले जनताले तिरेको कर नगरपालिकाको विकास र नगरवासीको सुविधाका लागि नै तिरेको भन्ने चेतना जनतामा जगाउन आवश्यक रहेको बताइन्।

उपमेयर दाहालले नगरपालिकाको दिगो विकास जनताको सहभागिताबिना सम्भव नभएको भन्दै जनसहभागिता बढाउन करको दायरामा मात्र ल्याउन खोजेको धारणा व्यक्त गरिन्। विदुर नगरपालिकाले एकीकृत सम्पत्ति कर बढाएको भन्दै अहिले जिल्लाभर विरोध भइरहेको छ भने प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले आन्दोलनसमेत गरिरहेको छ।

# एकीकृत सम्पत्ति कर फिर्ता लिन आग्रह

नुवाकोट, (नेस)

नेपाल कम्युनिस्ट पार्टी विप्लव समूहको जनपरिषद् नेपाल नुवाकोटले नुवाकोटका स्थानीयतहले जनताको ढाड सेक्नेगरी एकीकृत सम्पत्ति कर बढाएको भन्दै विरोध गरेको छ।

आइतबार एक विज्ञप्ति सार्वजनिक गर्दै जिल्ला जनपरिषद् नुवाकोटका प्रमुख विन्तोष सिलवालले नुवाकोटवासीलाई सोच्न र बाँच्नै नसक्ने अवस्थामा कर वृद्धि गरिएको भन्दै आफूहरूको गम्भीर ध्यानाकर्षण भएको बताएका छन्। जनपरिषद् नुवाकोटले स्थानीयतहले उत्पादनहीन डाँडामा कर लगाएको र त्यसले जनता मारमा परेको भन्दै तत्काल बढाइएको एकीकृत सम्पत्ति कर फिर्ता लिन माग गरेको छ। साथै उसले बढाएको एकीकृत सम्पत्ति कर नतिर्न आम जनतासँग आग्रह गरेको छ।

# जिप्रकाद्वारा १ सय ७८ वटा मुद्दा दर्ता

**नेपाल समाचारपत्र**

नुवाकोट

जिल्ला प्रहरी कार्यालय नुवाकोटमा गत आर्थिक वर्ष २०७४/७५ मा १ सय ७८ वटा मुद्दा दर्ता भएका छन्। दर्ता भएका मुद्दामध्ये १ सय ८ वटा फछ्र्यौट भएका र ७० वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

कार्यालयमा एक वर्षको समयमा दर्ता भएका १ सय ७८ वटा मुद्दामध्ये कर्तव्य ज्यान मुद्दामा ७ वटा, ज्यान मार्ने उद्योगमा ८ वटा, जबरजस्ती करणीमा ७ वटा, जबरजस्तीकरणी उद्योगमा ३ वटा, हातहतियार तथा खरखजानामा २ वटा, व्यक्ति अपहरणमा १ वटा, चोरीमा ३ वटा, सवारी ज्यानमा १४ वटा, केही सार्वजनिक अपराधमा ४४ वटा मुद्दा दर्ता भएको नुवाकोटका प्रहरी प्रमुख वसन्त कुँवरले बताए।

यस्तै बहुविवाहमा ७ वटा, सरकारी कागजात कीर्तेको १ वटा, ठगीका ३ वटा, लागूऔषधका २ वटा र बोक्सीको आरोपमा १ वटा मुद्दा दर्ता भएको छ। विष सेवन गरेका घटना १० वटा, मानव ओसारपसारका २ वटा, भवितव्य ज्यान गएका २३ वटा, फुटकर ज्यान गुमाएका ७ वटा, झुन्डिएर आत्महत्या गरेका ३० वटा घटना दर्ता भएका तर यी मुद्दा फछ्र्यौट हुन भने बाँकी रहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जानकारी दिएको छ।

यसैसबीच जिल्ला प्रहरी कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७४/७५ मा विभिन्न स्थानमा बाजी थापेर जुवातास खेल्दै गरेको अवस्थामा ३४ जना व्यक्तिलाई पक्राउ गरी उनीहरूबाट २ लाख १९ हजार ५ रुपियाँ बरामद गरेको जनाएको छ। त्यस्तै गत आर्थिक वर्षमा ३ हजार ९ सय ३० अवैध घरेलु मदिरा बरामद गरी ११ सय घरेलु मदिरा बनाउने कच्चापदार्थसमेत नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

यस्तै जिल्ला ट्राफिक कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७४/७५ मा १ करोड २५ लाख ५५ हजार रुपियाँ राजस्व संकलन गरेको छ। उठेको राजस्व आर्थिक वर्ष २०७३/७४ मा असुलेको भन्दा ३० लाख १ हजार ५ सय रुपियाँ बढी रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटका प्रमुख शम्भु अधिकारीले बताए। जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७३/७४ मा ९५ लाख ५३ हजार ५ सय रुपियाँ राजस्व संकलन गरेको थियो।

# बालमैत्री वडा घोषणाको तयारी

काभ्रे, (नेस)

पनौती नगरपालिका वडा नम्बर १२ लाई बालमैत्री वडा घोषणा गरिनेभएको छ। साविक कलाँती भूमिडाँडा गाविसले बालमैत्री स्थानीय शासन अवलम्बन गरिरहेको थियो। जिल्लाको पहिलो र प्रदेश नम्बर ३ को दोस्रो वडाका रूपमा भूमिडाँडालाई लिइएको छ।

साविकको भूमिडाँडा गाविसमा ९ सय ३५ घरधुरी छन् भने ४ हजार ७ सय ७ जनसंख्या रहेको छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बालमैत्री स्थानीय शासन राष्ट्रिय नीति-२०६८, कार्यान्वयन कार्यविधि-२०६८ र घोषणा कार्यविधि-२०७० बमोजिम ३९ वटा सूचक पूरा गरेको छ। सूचकका बारेमा जिल्ला समन्वय समिति काभ्रे, पनौती नगरपालिका र अन्य सरोकारवाला निकायले अनुगमन गरिसकेका छन्। साउन २१ गते संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले बालमैत्री वडा घोषणा गर्नेछन्।

२०७२ सालदेखि बालमैत्रीसम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन हुँदै आएको उक्त वडामा २०७४ सालमा जनप्रतिनिधि निर्वाचित भएसँगै बालमैत्री घोषणाका लागि आवश्यक पर्ने सूचक कार्यान्वयनले थप तीव्रता पाएको हो।

२०७५, साउन
बुधबार
१६

सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची-१ मा उल्लेखित मुद्दाबाहेक हेर्न नपाउने मुद्दामा समेत प्रहरीको हस्तक्षेप बढेको आरोप रहेको छ।

# नेपाल

# सरकारविरुद्ध सडकमा कांग्रेसको प्रदर्शन

विजय नेपाली, पोखरा

सरकारले अधिनायकवादी तथा जनविरोधी काम गरेको भन्दै नेपाली कांग्रेस कास्कीले पोखरामा विरोध प्रदर्शन गरेको छ। सरकारले जनतालाई मर्कामा पार्दै कर वृद्धि, प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप र तानाशाही कम्युनिस्ट शासन देखाएको भन्दै कांग्रेसले घोषणा गरेको राष्ट्रव्यापी आन्दोलनका क्रममा पोखरामा पनि प्रदर्शन गरेको हो।

कास्की कांग्रेसको आयोजनामा भएको विरोधसभालाई सम्बोधन गर्दै कास्की कांग्रेस सभापति कृष्ण केसीले आन्दोलन कांग्रेसको मात्र नभएर कम्युनिस्ट शासनबाट शोषित सम्पूर्ण नेपाली जनताको आन्दोलन भएको बताए। उनले चुनावको बेलामा जनतालाई भुठो आश्वासन देखाएर तानाशाही शासन देखाएका कम्युनिस्टले अब पनि जनतालाई दुःख दिए कम्युनिस्ट शासनको अन्त्य गर्ने चेतावनीसमेत दिएका थिए।

सोही क्रममा बोल्दै तरुणदल कास्कीका अध्यक्ष मनोज गुरुङले कम्युनिस्ट सरकारले लोकतन्त्रको



जगमाथि टेकेर आम नेपालीलाई दुःख मात्र दिने गरेको बताए। 'ओली सरकारले यस्तै गल्ती गर्दै गए अबको एक वर्षमा नै हामी सरकार ढाल्न बाध्य हुनेछौं' -उनले बताए। नेपाल तरुण दलले काठमाडौंमा गरेको शान्तिपूर्ण आन्दोलनमा प्रशासनको हस्तक्षेपप्रति घोर भर्त्सना गर्दै देशभरि नै तरुणदलका कार्यकर्तालाई छानी-छानी विभिन्न भुठा मुद्दा लगाई पक्राउ गरेको आरोप पनि उनले लगाए।

कोणसभामा बोल्दै कांग्रेस केन्द्रीय सदस्य जीवन परियारले सरकार सर्वसत्तावादतिर गएका कारण आफूहरू सडकमा आउनुपरेको बताए। उनले लोकतन्त्रमाथि विश्वास गर्दै जनताले दिएको मतको दुरुपयोग गरेको भन्दै तानाशाह कम्युनिस्ट शासनलाई जरैदेखि उखेलेर फाल्नसमेत कांग्रेस पछि नपर्ने बताए। सो अवसरमा पूर्वकानुनमन्त्री यज्ञबहादुर थापा, सांसद सूर्यबहादुर केसी, गण्डकी प्रदेशकी सांसद बिन्दु थापा, सांसद वृन्दा राना, महिला संघ कास्की अध्यक्ष कोपिला रानाभाट, अन्नपूर्ण गाउँपालिका अध्यक्ष युवराज कुँवरलगायतले सम्बोधन गरेका थिए।

प्रदर्शन पोखराको पृथ्वीचोक, सभागृह, न्युरोड हुँदै चिप्लेढुङ्गामा आएर कोण सभामा परिणत भएको थियो। उक्त विरोध न्यालीमा कांग्रेस कार्यकर्ताले बढ्दो महँगी फिर्ता हुनुपर्ने, कर बढाउन नपाउने भन्दै ओली सरकारविरुद्ध नारा लगाएका थिए।

## पूर्वी पश्चिमी दुवैमा विरोध

नवलपरासी, (नेस)

नेपाली कांग्रेस नवलपरासीले मंगलबार पूर्वी र पश्चिम दुवै जिल्लामा सरकारविरुद्ध विरोध प्रदर्शन गरेको छ। वर्तमान सरकारको संविधानविरोधी रवैया र जनताको ढाड सेक्ने दोहोरो कर प्रणालीको विरोध भन्दै विभाजित नवलपरासीका दुवै जिल्लामा विरोध प्रदर्शन गरिएको कांग्रेस निकट स्रोतले जनाएको छ।

पूर्वी नवलपरासीको नवलपुर सदरमुकाममा भएको प्रदर्शनमा नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सभासद कृष्णचन्द्र नेपालीले जनप्रदर्शनलाई सम्बोधन गर्दै ओली सरकार भारतका अगाडि लम्पसार परेको आरोप लगाए। नेपालीले चुनावअघि भारतविरोधी रवैया देखाउने ओलीले भारतीय प्रधानमन्त्रीको भ्रमणमा इन्डियन पोसाकमा सजिएर भारतीय सेनालाई प्रवेश दिएको बताए।

उनले देशभर चलेको नेपाली कांग्रेसको जनप्रदर्शन सरकारलाई जनविरोधी आफ्ना कार्यशैली सच्याउन खबरदारी मात्र भएको बताए। जनप्रदर्शनमा गण्डकी प्रदेश सभासद विष्णु लामिछाने, ओमकला गौतमलगायत जिल्लास्तरका नेता विभिन्न भ्रातृ संगठनका पदाधिकारी र साधारण कार्यकर्ता सहभागी रहेका थिए।

यसैगरी पश्चिम नवलपरासीमा पनि कांग्रेसले विरोध प्रदर्शन गरेको थियो। जसमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सभासद देवेन्द्रराज कंडेललगायत नेता कार्यकर्ताको उपस्थिति रहेको थियो।

## ज्ञापनपत्रसहित विरोध सभा

बझाङ, (नेस) । बझाङमा 'केपी सरकार चाहिँदैन जनता मार्न पाइँदैन' भन्दै नेपाली कांग्रेस बझाङले सरकारविरुद्ध ज्ञापनपत्र बुझाउँदै, सदरमुखकाम चैनपुरमा जुलुस र कोणसभा गरेको छ।

नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री केपी ओलीले देशमा भ्रष्टाचार महँगी र संविधानविरुद्ध काम गरेको भन्दै नेपाली कांग्रेस बझाङले जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापनपत्र बुझाउँदै सरकारविरुद्ध न्याली गरेर बजार परिक्रमा गरी लोकतान्त्रिक चोकमा कोणसभा गरेको छ। विरोधसभामा बोल्दै नेपाली कांग्रेस बझाङका पार्टी सभापति हकजङ्गबहादुर सिंहले महँगी बढाएकामा चर्को विरोध गर्नुभयो।

## पाल्पामा पनि कांग्रेसको प्रदर्शन

पाल्पा, (नेस)

वर्तमान सरकारले कर बढाएको महँगी तथा भष्टाचार नियन्त्रण गर्न नसक्केको राज्य आतंक सिर्जना गरेकोलगायतका आरोप लगाई यी कुराको अन्त्यको माग गर्दै नेपाली कांग्रेसले गरेको देशव्यापी विरोध कार्यक्रम पाल्पामा पनि भएको छ।

जिल्ला सदरमुकामस्थित पार्टीको जिल्ला कार्यालय शिल्खानबाट पार्टीका नेता कार्यकर्ता, भ्रातृसंगठन, शुभेच्छुक सम्मिलित न्याली नगर परिक्रमा गरी आन्दोलनचोकमा पुगी सभामा परिणत भएको थियो। सभामा पार्टीका जिल्ला सभापति एवं प्रदेशसभा सांसद वीरबहादुर राना, सचिवद्वय अजयमान कर्माचार्य, झपेन्द्र गैरे, क्षेत्रीय सभापति सन्तोष थापा, कृष्ण बस्याल, रामबहादुर कार्कीलगायतले बोल्दै वर्तमान सरकार अधिनायकवादी बन्दै गएको जनअपेक्षाविपरीतका गतिविधि गरेको भ्रष्टाचारलाई बढावा दिएको आरोप लगाए। उनीहरूले स्वतन्त्र न्यायालयमाथि पनि हस्तक्षेप गरी आफ्नो चरित्र देखाएको आरोप लगाउँदै दुईतिहाइको दम्भका कारण सरकारले एकपछि अर्को अलोकप्रिय क्रियाकलाप गरेकाले जनता अब चुप लागेर बस्न नहुने तर्क गरे।

## कांग्रेस गुल्मीको पनि प्रदर्शन

गुल्मी, (नेस)

सरकारविरुद्ध नेपाली कांग्रेस गुल्मीले प्रदर्शन गरेको छ। विभिन्न नाराबाजीसहित मंगलबार सदरमुकाम तम्घासमा प्रदर्शन गरेको हो।

विभिन्न नेता कार्यकर्तासहित नेपाली कांग्रेस गुल्मीको पार्टी कार्यालयबाट निस्केको जुलुसले बजारका विभिन्न चोकमा परिक्रमा गरेका थिए। प्रदर्शनको क्रममा चर्को मूल्यवृद्धिले जनताको ढाड सेक्ने काम भएको, महँगी नियन्त्रण गर्नुपर्नेजस्ता माग गर्दै सरकारविरुद्ध नाराबाजी गरेका थिए।

प्रदर्शनकारीले नाराबाजीका क्रममा 'मार्सी चामल, अधिनायकवाद मुर्दावाद, निःशुल्क शिक्षा स्वास्थ्य ग्यारेन्टी गर'जस्ता विभिन्न सरकारविरुद्ध नाराबाजी गरेका थिए। वर्तमान केपी ओली नेतृत्वको सरकारको अधिनायकवादी एवं जनविरोधी क्रियाकलापविरुद्ध प्रदर्शन गरिएको नेपाली कांग्रेस गुल्मीका सभापति भुवनप्रसाद श्रेष्ठले जानकारी दिए।

प्रदर्शनका क्रममा उनीहरूले विभिन्न मागसमेत राखेका थिए। प्रदर्शनकर्ताले 'सभामुख र उपसभामुख अलग-अलग दलबाट व्यवस्था गर, संवैधानिक व्यवस्थाको पालना गर, स्वतन्त्र न्यायालय र प्रेसमाथिको आक्रमण बन्द गर, पूर्ववर्ति सरकारका जनप्रिय निर्णय कार्यान्वयन गर'जस्ता मागसमेत राखेका थिए।

# चुरे क्षेत्रमा वन अतिक्रमण बढ्दो

राम धामी, डडेल्धुरा



गत आर्थिक वर्षसम्म ३ वटा निर्वाचनका बेला राजनीतिक दलका नेताले भोट पाउने आशमा वन अतिक्रमण नहटाउन जिल्ला वन कार्यालयलाई दबाब दिएपछि डडेल्धुराको संवेदनशील वन क्षेत्र मानिने भित्रिमधेस क्षेत्रमा वन अतिक्रमण ह्वात्तै बढेको छ।

पछिल्ला वर्षमा वर्षेनी वन अतिक्रमण हटाउँदै आएको जिल्ला वन कार्यालय डडेल्धुराले राजनीतिक दबाबमा अतिक्रमण हटाउन कुनै गतिविधि सञ्चालन नगरेपछि आलिताल गाउँपालिका र परशुराम नगरपालिकाका चुरे क्षेत्रमा वन अतिक्रण बढेको हो।

स्थानीय तहको निर्वाचनका बेला राजनीतिक दलका स्थानीय नेताले स्थानीय तहमा आफूअनुकूल भोट आउने देखेपछि सुकुम्बासीका टहरा हटाउने निर्णयविरुद्ध लाग्ने वातावरण देखेको जिल्ला वन कार्यालयले अतिक्रमण हटाउने कार्यक्रम नै सञ्चालन गरेन। त्यसलगत्तै प्रदेश र संसदीय निर्वाचन भए। ती निर्वाचनमा पनि उम्मेदवारले आफूले जिते सुकुम्बासी समस्या समाधान गर्ने भन्दै भाषण गर्न थाले। उनीहरूको आड भरोसामा टहरा बनाएका सुकुम्बासीले पक्की घर निर्माण गर्न थाले। हाल चुरे क्षेत्रमा पक्की संरचना निर्माण गरी दर्जनौं बस्ती बसालिएको छ।

भित्रिमधेस क्षेत्रमा बढ्दो शहरीकरण, शिक्षा, स्वास्थ्यका साथै अन्य सुविधाका कारण यहाँको वन क्षेत्रमा पहाडी क्षेत्रबाट बसाइँ सरेर आएकाले अतिक्रमण गर्ने गरेका छन्। राजनीतिक दलको आड भरोसामा भित्रिमधेस क्षेत्रमा मात्रै नभई प्रदेश नम्बर ७ का सबै जिल्लामा वन क्षेत्र अतिक्रमण बढ्दो छ। क्षेत्रीय वन निर्देशनालय धनगढी, कैलालीको तथ्यांकअनुसार सुदूरपश्चिम अर्थात् प्रदेश ७ मा २८ हजार ४ सय ३ दशमलव २८ हेक्टर क्षेत्रफल वन अतिक्रमणको चपेटामा परेको छ।

सुकुम्बासी, मुक्त कमैया, आरक्षपीडितका नाममा वन क्षेत्र अतिक्रण हुँदै आएको क्षेत्रीय वन निर्देशनालय धनगढीका रेन्जर लोकराज दहालले बताए। सडक विस्तार भएका क्षेत्र वरपर रहेको वन अतिक्रमणको चपेटमा पर्ने गरेको उनी बताउँछन्। पछिल्लो वर्ष देशभरमा १ लाख हेक्टर क्षेत्रफल अतिक्रमणको चपेटामा परेको छ। यो तथ्यांकले देशभरकै सबैभन्दा बढी कैलाली जिल्लामा वन क्षेत्र अतिक्रमण भएको पाइएको निर्देशनालयले जनाएको छ।

## विद्यालयको हिसाब माग्न थाल्यो प्रहरीले

रौतहट, (नेस)

प्रहरीले यहाँको एक विद्यालयसँग हिसाबकिताब र कागजपत्र माग गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी निरीक्षक मनोज यादवले चन्द्रनिगाहपुरमा रहेको माउन्ट एभरेस्ट आवासिय माध्यमिक विद्यालयको हिसाबकिताब र कागजपत्र माग गरेका हुन्।

हिसाबकिताब माग गर्नका लागि प्रहरी निरीक्षक यादवले माउन्ट एभरेस्ट आवासिय माध्यमिक विद्यालय चन्द्रनिगाहपुरका सञ्चालक मकवानपुर हेटौंडा निवासी उमेशप्रसाद बास्कोटा र विद्यालयका लेखापाल अनन्तकुमार अधिकारीलाई समेत उपस्थित गराउन इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको नाममा पत्राचार गरेका छन्।

प्रहरी निरीक्षक मनोज यादवले हिसाबकिताब माग गरेपछि उनका विरुद्धमा विद्यालय प्रशासनले उच्च अदालत जनकपुरको अस्थायी ईजलाश वीरगन्जमा दायर गरेको रिटमा अन्तरिम आदेश जारी गरेको छ। कम्पनी ऐनमा दर्ता भएको संस्थाको हिसाबकिताब सम्बन्धित ऐनअनुसार नै हुने हुँदा त्यस कार्यालयबाट निवेदकलाई नबोलाउनु, हिसाबकिताब नमाग्नु भन्ने अन्तरिम आदेश जारी भएको छ।

सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची-१ मा उल्लेखित मुद्दाबाहेक हेर्न नपाउने मुद्दामा समेत प्रहरीको हस्तक्षेप बढेको आरोप रहेको छ। प्रहरीले लेनदेनको समेत जाहेरीमा अनुसन्धान गर्ने भन्दै हिसाबकिताब माग्नु कानुनविपरीत रहेको कानुन व्यवसायीको भनाइ रहेको छ। विद्यालयको हिसाबकिताब माग गरेको सम्बन्धमा प्रहरी निरीक्षक यादवले जिल्ला प्रशासन कार्यालयको पत्र कार्यान्वयन गर्नका लागि हिसाबकिताब माग गरेको बताए।

## तीन विधेयक पारित

बुटवल, (नेस)

प्रदेश नं. ५ को प्रदेश सभाको सोमबारको बैठकले विभिन्न ३ वटा विधेयक सर्वसम्मतिले पारित गरेको छ।

आइतबारको बैठक प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले अवरोध गरेपछि सोमबारका लागि आह्वान गरिएको प्रदेशसभाको बैठकमा मुख्यमन्त्रीको अनुपस्थितिमा आन्तरिक मामिला तथा कानुमन्त्री कुलप्रसाद केसीले सभामा माग गरिएका विषयमा जानकारी गराउँदै सभामुख र उपसभामुख फरक-फरक दलको हुनुपर्ने संवैधानिक व्यवस्था कार्यान्वयनको माग अदालतमा विचाराधीन भएकाले अदालतको फैसला नै अन्तिम हुने जानकारी गराउनुभएको थियो।

श्री भगवानधुम्की सामुदायिक वन उपभोक्ता समूह
बनेपा १० काभ्रेपलाञ्चोक ।
काठ लिलाम बिक्री सम्बन्धी सूचना
(तेस्रो पटक प्रकाशित मिति २०७५।०४।१५)
[illegible]



# विश्व

**उद्धार**
छ दिनदेखि लातोकको उत्तरी काराकोरम क्षेत्रको पहाडमा अलपत्र परेका रुसी पर्वतारोहीको पाकिस्तानमा उद्धार भएको छ।



**हमला**
अस्ट्रेलियाको पर्थनजिकको जंगलमा एक पुरुषले दुईजना फिनिस पदयात्रीमाथि सांघातिक हमला गरेका छन्।





विश्व २ मिनेट

## ताजिकिस्तान

### भिडियो सार्वजनिक

डुसान्बे, (एजेन्सी)

इस्लामिक स्टेट (आईएस) ले ताजिकिस्तानमा आइतबार चारजना साइकल चालक हत्या गर्ने पुरुषहरूको एक समूहबारे मंगलबार एउटा भिडियो सार्वजनिक गरेको छ। तिनीहरूलाई कारले किचेर हत्या गरिएको घटनाको जिम्मेवारी पनि आईएसले लिएको छ। यसअघि नै ताजिक सरकारले उक्त घटनामा जिउँदै गिरफ्तार गरिएका एवं आशंकित व्यक्तिले यसमा आईएसको हात रहेको बताएको कुरा सार्वजनिक गरिसकेको छ। राजधानी डुसान्बेदेखि दक्षिण पूर्वमा पर्ने दान्गहारामा भएको सो अक्रमणमा दुईजना अमेरिकी, एक स्विस र एक डच नागरिक मारिएका थिए।

## अस्ट्रेलिया

### पदयात्रीमाथि हमला

सिडनी, (एजेन्सी)

पश्चिमी अस्ट्रेलियाको एउटा चर्चित पदयात्रा पथमा एकजना पुरुषले दुईजना फिनिस पदयात्रीलाई सवारी साधन र सावेलले आक्रमण गरेको प्रहरीले मंगलबार जनाएको छ। ती नाम नखुलाईएका ३६ वर्षीय अस्ट्रेलियाली पुरुषलाई हत्या प्रयासको अभियोग लगाइएको छ। प्रहरी अनुसन्धानबाट उनले एक पुरुष पदयात्रीलाई सवारी साधनले ठोक्काएर लडाइसकेपछि सावेलले प्रहार गरेका थिए। अर्की महिला पदयात्रीले उनले प्रहार गर्न खोजेको सावेल रोकेकी थिइन्। त्यसपछि एकजना बटुवाको सहयोगमा प्रहरी नआउन्जेल उनलाई नियन्त्रणमा लिइएको बताइएको छ। दुवै घाइते पदयात्रीको अस्पतालमा उपचार भइरहेको छ।

## भारत

### खानलाई मोदीको बधाइ

नयाँदिली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तान तहरिक-ए-पाकिस्तानका प्रमुख इमरान खानसँग टेलिफोन वार्ता गरेका छन्। भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तीमा मोदी पाकिस्तान चुनावमा इमरानको पार्टी पीटीआई सबैभन्दा ठुलो दल बन्न सफल भएकोमा बधाई दिएको उल्लेख गरेको छ। विज्ञप्तीमा मोदीले पाकिस्तानमा लोकतन्त्रको जरा अझ गहिरिएर जाने अपेक्षा गरेको जनाइएको छ। इमरान खानको पार्टीले उनका नेताले पाकिस्तानको स्वतन्त्रता दिवस अगस्ट १४ अगाडि प्रधानमन्त्री पदको सपथ लिन सक्ने जनाएको छ।

## थाइल्यान्ड

### सुपुर्दगी आग्रह

बैंकक, (एजेन्सी)

थाइल्यान्ड सरकारले बेलायतसँग सन् २०१४ मा अपदस्थ गरिएकी पूर्वप्रधानमन्त्री यिंगलक सिनावात्रालाई सुपुर्दगी गर्न आग्रह गरेको छ। लापरबाही गरेको आरोपमा जेल सजाय पाएकी यिंगलकलाई हाल बेलायतमा स्वनिर्वासनमा रहेकी छिन्। थाइल्यान्डका प्रधानमन्त्री प्रयुथ चान ओचाले मंगलबार उक्त कुराको जानकारी दिएका हुन्। धानमा सहुलियत दिने योजना ल्याएर देशको अर्बौं डलर नोक्सान गरेको आरोपमा दोषी ठहरिएपछि सुनाइएको जेल सजायबाट बच्न यिंगलक गत अगस्टमा देशबाट पलायन भएकी थिइन्।

# पाकिस्तानलाई सहयोग नगर्न आईएमएफलाई अमेरिकाको चेतावनी

इस्लामाबाद/वासिङ्टन, (एजेन्सी)

अमेरिकाले आर्थिक संकटको संघारमा पुगेको पाकिस्तानलाई ऋण सहयोग नगर्न अन्तर्राष्ट्रिय मुद्रा कोषलाई दबाब दिइरहेको छ।

पाकिस्तानमा चुनाव सम्पन्नपछि चाँडै पूर्वक्रिकेटर इमरान खान प्रधानमन्त्रीको कुर्सीमा हुनेछन्। चुनावपछिको नयाँ सरकार आर्थिक मद्दतका लागि अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)को शरणमा जानुपर्ने स्थिति रहेको बताइएको छ। यसअघि पनि पाकिस्तानले १२ पटक आईएमएफबाट ऋण सहयोग लिइसकेको छ।

तर यसपटक भने आईएमएफको सम्भावित मद्दतमा अमेरिकाले आपत्ति देखाइरहेको छ। चीनको 'वन बेल्ट, वन रोड' परियोजनामा पाकिस्तान सबैभन्दा महत्वपूर्ण देश हो र उसलाई तत्काल आर्थिक मद्दतको आवश्यक छ।

पाकिस्तानलाई लिएर आईएमएफलाई अमेरिकाका विदेशमन्त्री माइक पोम्पियोले चेतावनी दिँदै उनको ध्यान आईएमएफतर्फ रहेको बताएका छन्।

पोम्पियोले भने- 'हामी आईएमएफले के गर्छ हेरिरहेका छौं। आईएमएफले कुनै गल्ती गर्नुहुँदैन।'

सीएनबीसीलाई दिएको अन्तरवार्तामा आफू पाकिस्तानसाग पारस्पारिक फाइदाका सम्बन्ध अगाडि बढाउन चाहेको पोम्पियोले बताए। आईएमएफबाट पाकिस्तानलाई डलर दिनु तार्किक नहुने अमेरिकी विदेशमन्त्रीले बताए।



आईएमएफको कोषमा अमेरिकी डलरको ठूलो योगदान रहेको र यदि उसले दिनु नै छ भने चिनियाँ बन्ड वा चीन आफैंले कोष दिए पनि हुने पोम्पियोले बताए।

पाकिस्तानको विदेशी मुद्रा भन्डार अत्यन्त कम भइसकेको बताइएको छ। पाकिस्तानको तहरिक ए इन्साफ पार्टीको नयाँ सरकार इमरान खानको नेतृत्वले ११ अगस्टमा सपथ लिने सञ्चार माध्यमहरूले जनाएका छन्। नयाँ सरकारले अन्तराष्ट्रिय मुद्रा कोषसँग आर्थिक मद्दतका लागि तत्काल सम्पर्क गर्नेछ।

पाकिस्तानको निर्यातमा लगातार कमी आइरहेको छ। उसको ऋणको दायरा पनि लगातार बढिरहेको छ। पाकिस्तानका वरिष्ठ अधिकारी अन्तर्राष्टिय मुद्रा कोषबाट १२ अर्ब डलरको आर्थिक मद्दतका लागि वातावरण तयार गरिरहेको बताइएको छ।

यसैबीच आईएमएफका प्रवक्ताले उक्त संस्थामा पाकिस्तानबाट सहयोगका लीग कुनै प्रकारको अनुरोध नआएको बताए। अहिले कोषमा पाकिस्तानको उक्त मुद्दामा कुनै चर्चा पनि नभएको उनले बताए।

चीनको महत्वाकांक्षी परियोजनामा सहभागी भएपछि पाकिस्तानले कयौं पटक ठूला ऋण लिइसकेको छ। केही अर्थशास्त्रीहरूले पाकिस्तानलाई बढ्दो चिनियाँ ऋणलाई लिएर चेतावनी पनि दिएका छन्।

जुलाइ २० मा स्टेट बैंक अफ पाकिस्तानको तर्फबाट जारी ताजा आंकडामा पाकिस्तानसँग मात्र ९ अर्ब डलर जगेडा रहेको उल्लेख गरिएको थियो। यो दुई महिनाको आयात धान्नलाई पनि पर्याप्त नभएको बताइएको छ।

आईएमएफबाट आर्थिक सहयोग नभएमा पाकिस्तान फेरि चीनकै शरणमा जानुपर्ने हुनसक्छ। गत वर्षमात्रै पाकिस्तानले चीनबाट ५ अर्ब डलर ऋण लिइसकेको छ। पाकिस्तानी रुपियाँ गत आर्थिक वर्षमा डलरको तुलनामा २० प्रतिशत गिरावट आइसकेको छ। पश्चिमका अर्थशास्त्रीहरूले पाकिस्तानको मुद्रा रुपियाँ अझै १० प्रतिशतले अवमूल्यन हुन सक्ने बताएका छन्।

# रुहानीसँग बिनासर्त वार्ता गर्न तयार : ट्रम्प

## वार्ताका लागि परमाणु सम्झौतामा फिर्ता हुनुपर्छ : इरान

तेहरान/वासिङटन, (एजेन्सी)

इरानी समकक्षीसँग वार्ता गर्न इच्छुक रहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको टिप्पणीका विषयमा इरानी अधिकारीहरूले त्यसका लागि अमेरिका परमाणु सम्झौतामा पुन फर्कनुपर्ने प्रतिक्रिया दिएका छन्।

यदि ट्रम्पले वार्ता गर्न चाहेको हो भने उसले यसै वर्षको सुरुवाततिर एकपक्षीय रूपमा आफू बाहिरिएको अन्तर्राष्ट्रिय परमाणु सम्झौतामा पुनः सहभागी हुनुपर्ने अधिकारीहरूले बताएका छन्।





राष्ट्रपति ट्रम्पले सोमबार यदि इरानी नेताले चाहेमा आफू कुनै पनि बेला इरानी राष्ट्रपति हसन रुहानीसँग भेट्न तयार रहेको बताएका थिए। ट्रम्पको उक्त टिप्पणीपछि पहिलो पटक सार्वजनिक प्रतिक्रिया दिँदै रुहानीले परमाणु सम्झौतालाई जोगाउन त्यसमा संलग्न अन्य देशले प्रतिबद्धताअनुरूपको प्रयास गर्नुपर्ने बताए। तर उनले ट्रम्पको नाम भने लिएनन्।

परमाणु सम्झौतालाई लिएर हामी इतिहासको अत्यन्त गम्भिर विन्दुमा पुगेका छौं र अमेरिका गैरकानुनी ढंगले यसबाट फिर्ता भएकोमा क्षतिपूर्ति तिराउन युरोपले पारदर्शी कदम चाल्नु इरानका लागि अत्यन्त महत्त्वपूर्ण हुनेछ -नयाँ बेलायती राजदूत रब म्याकेरसँगको कुराकानीमा रुहानीले बताए। उक्त सम्झौताको रक्षाका लागि बेलायत, चीन, जर्मनी, फ्रान्स, रुस र युरोपेली युनियनसँग वार्ता गरिरहेका छन्।

परमाणु सम्झौताबाट अमेरिका फिर्ता भएको मुद्दामा ट्रम्पसँग अलग्गै वार्ता गर्ने कुरालाई इरानले यसअघि नै अस्वीकार गरिसकेको हो। उक्त सम्झौताअनुसार इरानले उसको परमाणु कार्यक्रम रोक्नुपर्ने र त्यसको बदलामा उसमाथिको नाकाबन्दी खुकुलो पार्ने उल्लेख छ।

सोमबार अमेरिकी राष्ट्रपति ट्रम्पले बिनासर्त कुनै पनि समय इरानी समकक्षीसँग भेटवार्ता गर्न तयार रहेको बताएका थिए। ह्वाइट हाउसमा इटालीका प्रधानमन्त्रीसँग आयोजित संयुक्त पत्रकार सम्मेलनमा ट्रम्पले भने- म भेटवार्तामा विश्वास गर्छु। म जोसँग पनि भेट्न सक्छु। यदि उसले चाहेमा हामी भेट्न सक्छौं।

पुरानो परमाणु सन्धीको स्थान अरू नै राम्रो समाधान खोज्नका लागि वार्ता गर्न चाहेको पनि ट्रम्पले बताए। इरानी राष्ट्रपतिका सल्लाहकार हमिद अबुतलेबीले कुनै वार्ताका लागि मार्ग प्रसस्त गर्न पहिला अमेरिका परमाणु सम्झौतानमा फिर्ता हुनुपर्ने प्रतिक्रिया दिए।

# 'उत्तर कोरिया अझै क्षेप्यास्त्र निर्माणमा संलग्न'

वासिंगटन, (एजेन्सी)

अमेरिकाको ट्रम्प सरकारसँग बढ्दो न्यानो सम्बन्ध र आणविक निशस्त्रीकरणतर्फ अघि बढ्ने प्रतिवद्धताका बाबजुद पनि उत्तर कोरियाले नयाँ व्यालेस्टिक क्षेप्यास्त्र निर्माण गरिरहेको देखिएको नाम नखुलाइएको अमेरिकी अधिकारीहरूले दि वासिंगटन पोस्टलाई जानकारी दिएका छन्।

अमेरिकी गुप्तचर भू-उपग्रहहरूले उत्तर कोरियाको व्यलेस्टिक क्षेप्यास्त्रहरू निर्माण हुने स्थानमा गतिविधिहरू जारी रहेको देखिएको रिपोर्ट गरेको छ। एकजना अमेरिकी अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय समाचार निकाय रोयटर्सले उक्त क्षेप्यास्त्र निमार्ण कार्य कति पुरा भयो भन्ने स्पष्ट हुन नसकेको जनाएको छ।

गत १२ जुनमा राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाका सर्वोच्च नेता किम जोंग उनलाई सिंगापुरमा भेटेका थिए। ती दुई नेताबीच सो ऐतिहासिक भेटवार्तामा निशस्त्रस्करणतर्फ अघि बढ्ने सहमति भएको थियो।

ट्रम्पलेपछि उत्तर कोरियाबाट



अब कुनै खतरा नरहेको प्रतिक्रिया दिएका थिए। सोही वार्ता भइरहेको बेला उत्तर कोरियाले आफ्नो आणविक परीक्षण स्थल नष्ट पारेको दाबी गरेको थियो।

ट्रम्पसंग भेट्नुअघि किमले दक्षिण कोरियामा त्यहाँका राष्ट्रपति मुन जाय इनसंग शिखर वार्ता गरेका थिए। पटक-पटक आणविक र क्षेप्यास्त्र प्रक्षेपण गरेको कारण उत्तर कोरियामाथि संयुक्त राष्ट्रसंघले नाकाबन्दी लगाएको थियो।

यसै वर्ष किम जोङ उनले पटक-पटक चीनको भ्रमण गरी त्यहाँका राष्ट्रपति सी जिन पिङसंग पनि भेटवार्ता गरेका थिए।

**Invitation for Bids**
**Biratnagar Metropolitan**
**Government of Nepal (GoN)**
**Invitation for Bids for the Procurement of electrical goods and accessories.**
**Contract Identification No: Purchase of Electric good 6**
**Date of publication: 01-08-2018**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement of electrical goods and accessories. (IFB No: Purchase of Electric good 6). Bidding is open to all eligible Nepalese Bidders. Biratnagar Metropolitan invites electronic bids from eligible bidders for the procurement of electrical goods and accessories under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information may visit PPMO website www.bolpatra.gov.np
3. A complete set of Bidding Documents may be purchased by eligible Bidders upon payment of a non-refundable fee of NRs 5000.0 till 30-08-2018
   Name of the Bank: Agricultural Development Bank Ltd , Banking Main Branch Biratnagar
   Name of the Office: Biratnagar Metropolitan
   Office Account no: 0601001145973040
4. Electronic bids must be submitted to the office Biratnagar Metropolitan city office through PPMO website www.bolpatra.gov.np. on or before 31-08-2018 12:00. Bids received after this deadline will be rejected.
   The bids will be opened in the presence of Bidders representatives who choose to attend at 31-08-2018 14:00 hours at the office of Biratnagar Metropolitan city office.
5. Bids must be valid for a period of 90 of days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to minimum of 359000.0NRs which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# अमेरिका र तालिवानबीच दोहामा गोप्यवार्ता

दोहा, (एजेन्सी)

तालिवान अधिकारीहरूले गतसाता कतारमा एकजना वरिष्ठ अमेरिकी कूटनीतिज्ञसंग गोप्य भेटवार्ता गरेको सो समूहमा संलग्न सूत्रले बीबीसीलाई जानकारी दिएको छ।

अमेरिकी विदेश विभागका उप-सहायक मन्त्री एलिस वेल्ससंग तिनीहरूको आमनेसामने भएको वार्ता निकै महत्त्वपूर्ण रहेको एकजना तालिवान अधिकारीले बताएका छन्। अमेरिकाको ट्रम्प सरकारले आफ्ना कूटनीतिज्ञहरूलाई अफगान लडाकू समूह तालिवानसंग प्रत्यक्ष वार्ता गर्न निर्देशन दिएपछि यो पहल भएको बताइएको छ।

तालिवानले लामो समयदेखि आफूहरूले अमेरिकीहरूसंग मात्र शान्तिवार्ता गर्ने अडान दोहऱ्याउँदै आएको थियो। अमेरिकाले आफ्नो सबैभन्दा लामो युद्ध समाप्त गर्न चाहिरहेको बेला यसरी अफगान अधिकारीहरूको उपस्थितिबिना लडाकूहरूसंग गरेको प्रत्यक्ष वार्ताले वासिंगटनको नीतिमा ठूलै परिवर्तन आएको संकेत मिलेको छ।

गत जुनमा मुश्लिमहरूको महान चाड इदको अवसरमा अफगान फौज र तालिवान दुवैले अप्रत्यासित रूपमा तीन दिने युद्ध विराम गरेका थिए। त्यसपछि बादघिस प्रान्तको एउटा सैनिक जाँच चौकीलगायत थुप्रै स्थानमा तालिवानले आक्रमण गरिसकेका छन्।

यस महत्वपूर्ण भेटवार्ताबारे सबैभन्दा पहिले वाल स्ट्रिट जर्नलले खबर सार्वजनिक गरेको दुईजना वरिष्ठ तालिवान नेताले काबुलस्थित बीबीसीका पत्रकार महफज जुवाइदेलाई बताएका छन्।

तिनीहरूले छ सदस्यीय प्रतिनिधि मन्डलको नेतृत्व दोहास्थित तालिवानको राजनीतिक कार्यालयका अध्यक्ष अब्बास स्तानिक्जाइले गरेको बताएका छन्। सन् २००१ को ११ सेप्टेम्वरमा विन लादेनको नेतृत्वमा रहेको अन्तर्राष्ट्रिय लडाकू समूह अल कायदाका लडाकूहरूले अमेरिकाका विभिन्न स्थानमा आत्मघाती तथा आतंककारी आक्रमण गरेपछि तत्कालिन अमेरिकी जर्ज डब्ल्यु बुशको सरकारले अफगानिस्तानमा आक्रमण गरी त्यहाँको तालिवान सकारलाई अपदस्थ गरेको थियो। यो युद्धले अहिले १७ वर्ष पार गरिसकेको छ।

# आमाको हातैबाट चितुवाले बच्ची झम्ट्यो

नयाँदिल्ली, (एजेनसी)

पश्चिमी भारतीय राज्य गुजरातमा चितुवाको आक्रमणमा घाइते भएकी एक चार महिने बच्चीको अस्पतालमा उपचार भइरहेको प्रहरीले सोमबार जनाएको छ। ती बच्चीलाई उनकी आमाको हातबाट चितुवाले छिनेको थियो।

बच्ची बोकेर ती महिला आफ्नो पतिको मोटरसाइकलबाट जाँदै गरेको बेला अचानक चितुवाले आक्रमण गरेको थियो। पिताले मद्दतका लागि रोइकराइ गरेपछि दौडेर आएका नजिकका गाउँलेहरूले चितुवालाई घेरेका थिए।

१ जना वन अधिकारीले गाउँलेहरूले चिच्याउँदै घेर्न थालेपछि डराएको चितुवा बच्ची छोडेर भागेको र घटनाको खबर प्राप्त हुनासाथ घटनास्थलमा एम्बुलेन्स पठाइएको बीबीसी गुजरातीलाई बताएका छन्। वन रक्षकहरूबाट गस्ती हुने गरेको जंगली क्षेत्रमा यो आक्रमण भएको हो।

बच्चीसहित घाइते भएकी आमाको पनि अस्पतालमा उपचार भइरहेको र तिनीहरूको स्वास्थ स्थिति खतरामुक्त रहेको बताइएको छ। भरातमा यसरी मानिसमाथि बन्यजन्तुको आक्रमणको घटना दोहोरिरहेको छ।

जंगल फँडानीको कारण बन्यजन्तुहरू पनि धमाधम लोप हुने खतरामा परेका छन्। भारतमा करिब १२ देखि १४ हजार चितुवा रहेको र औसतमा प्रत्येक दिन एउटा चितुवा मारिने गरेको बताइएको छ।



{ विभागले मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै उपत्यकाभित्र ४ हजार १ सय ५७ व्यापारिक फर्म र उपत्यकाबाहिर ७ सय ५८ वटा व्यापारिक फार्ममा अनुगमन गरिएको छ। यसरी विभागले मात्रै ८ हजार ५ सय १४ व्यापारिक फार्ममा र उपत्यका बाहिर रहेका वाणिज्य तथा प्रशासन कार्यालयले ३ हजार ५ सय ९९ व्यापारिक फर्ममा अनुगमन गरिएको विभागका महानिर्देशक योगेन्द्र गौचनले जानकारी दिनुभयो।

# अब सशस्त्रमा आठवटा बाहिनी

नेपाल समाचारपत्र

काठमाडौँ

सशस्त्र प्रहरी बलको अहिले कायम रहेको ५ वटा बाहिनीलाई बढाएर ७ वटै प्रदेशमा विस्तार गरिएको छ।

सशस्त्र प्रहरी बल मुख्यालय काठमाडौँ, हलचोकमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा नायब महानिरीक्षक डीआईजी एवम् प्रवक्ता बाबुराम पाण्डेले हालै बसेको मन्त्रिपरिषद्ले 'सशस्त्र प्रहरी बलमा सांगठनिक पुनर्संरचना सम्बन्धमा संक्षिप्त संगठन तथा व्यवस्थापना सर्वेक्षण २०७५' लाई स्वीकृत गरेपछि पुनर्संरचना थालिएको जानकारी दिनुभयो।

उहाँका अनुसार सातवटा प्रदेशसहित उपत्यकामा थप एउटा गरी ८ वटा बाहिनी रहने छन् भने सीमा सुरक्षा कार्यालयमा अहिले रहेको २ सय ३७ जनशक्ति बढाइ ६ सय २१ बनाइनेछ।

नयाँ संरचनामा विद्यमान तालिम केन्द्र यथावत् राखी सबै प्रदेशमा तालिम केन्द्र राखिने, ३८ अनाश्रित गुल्म बढाएर ५६ बनाउने, १७ स्थानमा आश्रित गुल्म राखी सबै जिल्लामा सशस्त्र प्रहरी बल परिचालित गर्ने र १ र ६ प्रदेशमा रहेका क्षेत्रीय अस्पतालहरूलाई सबै प्रदेशमा विस्तार गर्ने योजना रहेको पाण्डेले बताउनुभयो।



- एकैपटक युनिटै सरुवा हुने
- दुई सयभन्दा बढी कारबाहीमा परे

सोही पत्रकार सम्मेलनमा सशस्त्र प्रहरीको नयाँ व्यवस्थाअनुसार अब एक-एक जना नभई एकैपटक युनिटै सरुवा हुने भएको जानकारी गराइयो। यसरी सरुवा हुँदा सशस्त्र प्रहरीमा थप उत्साह आउने विश्वास भएको पाण्डेले बताउनुभयो।

यस्तै सशस्त्र प्रहरीमा असार महिनामा मात्र ५ सय २६ अधिकारीले सेवाबाट राजीनामा दिएको, तीन महिनामा सशस्त्र प्रहरीका २१० अधिकृतमाथि कारबाही गरिएको र दुई जनाको जागिर नै गएको जानकारी दिनुभयो।

# त्रिविमा बेरुजु घटाउन सफ्टवेयर प्रयोग

काठमाडौँ, (नेस)

त्रिभुवन विश्वविद्यालय लेखापरीक्षण महाशाखाले बेरुजु घटाउँदै त्रिविका सम्पूर्ण निकायहरूमा आर्थिक पारदर्शिता कायम गर्न 'त्रिवि सेन्ट्रल वेरुजु इन्फरमेसन म्यानेज्मेन्ट सफ्टवेयर सिस्टम' सफ्टवेयर सञ्चालनमा ल्याएको छ। त्रिवि अन्तर्गतका ३० वटा निकायहरूमा उक्त सफ्टवेयर सिस्टम सञ्चालनमा ल्याएको छ।

सफ्टवेयर सञ्चालन कार्यक्रमलाई सम्बोधन गर्दै त्रिविका रजिस्टार डिल्लीराम उप्रेतीले आन्तरिक लेखापरीक्षण कार्यलाई समयमै सम्पन्न गरी समयमै महालेखा परीक्षण गराई बेरुजु घटाउन सम्पूर्ण मातहतका निकायहरूलाई निर्देशन दिनुभएको थियो। आर्थिक अनुशासन र पारदर्शितामा कुनै पनि बहानाबाजी नचल्ने भन्दै उहाँले समयमै आन्तिरक एवं वाह्य लेखापरीक्षण हुन नसक्ने निकायको बजेट निकासा रोक्ने चेतावनीसमेत दिनुभएको थियो।

कार्यक्रममा नायब महालेखा परीक्षक विवेकानन्द घिमिरेले त्रिविमा हुने गरेको बेरुजुका किसिम र बेरुजु नियन्त्रणका उपायका बारेमा उपस्थित लेखामा कार्यरत कर्मचारीहरूलाई जानकारी गराउनुभएको थियो। त्रिविले निर्माण गरेको नियम र कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्न सबैलाई अनुरोध गर्दै त्रिविजस्ता उच्च शैक्षिक संस्थालाई आर्थिक अनुशासनको दायरामा रही काम गर्नसमेत सजग गराउनुभएको थियो।

कार्यक्रममा लेखापरीक्षण महाशाखाका प्रमुख आर्थिक नियन्त्रक राजेन्द्रबहादुर श्रेष्ठले त्रिवि हुने बेरुजुको प्रकृति र बेरुजु नियन्त्रणमा भइरहेको प्रयासहरूका बारेमा जानकारी गराउँदै लामो समयदेखि प्रयत्न गरिएको सफ्टवेयर सञ्चालनमा त्रिविमा हुने गरेको वेरुजुको अवस्थामा अत्यधिक सुधार हुने अपेक्षा गर्नुभयो।

# ६० वर्ष बित्दा पनि आएन भेलछडाको पानी

डोटी, (नेस)

२०१६ सालमा प्रथम आमनिर्वाचनमा शिवराज पन्तले केलनाको पानी जिल्ला सदरमुकाम सिलगढी र भेल्छडाको पानी पश्चिम चौकी ल्याउने वाचा गर्नुभयो। उहाँ चुनाव जितेर मन्त्री पनि हुनुभयो। उहाँले कलेनाको पानी जिल्ला सदरमुकाम ल्याउने वाचा पूरा त पुरा गर्नुभयो।

भेल्छडाको पानी पश्चिम चौकी पुऱ्याउने वाचा भने बिर्सिनुभयो। त्यसपछिका निर्वाचनहरूमा भेल्छडाको पानी सबैका लागि प्रमुख चुनावी मुद्दा बन्दै गयो, तर निर्माण कहिल्यै पूरा भएन।

'शिवराज पन्त मन्त्री हुँदा सायद भेल्छडाको पानी पश्चिम चौकीमा ल्याउने भन्ने कुरा उठेको थियो रे, त्यति बेलादेखि यहाँका बासिन्दाहरूले भेल्छडाको पानीको आशा गरे तर त्यो सपना मात्रै भयो,' डोटी आदर्श गाउँपालिका ३ का चन्द्रदेव पाठकले भन्नुभयो -'हामीलाई भोट माग्दा सबैले आस देखाए तर बाचा कसैले पुरा गरेनन्।'

गाउँपालिकाको केन्द्र मौवा नगरदहमा अहिले पिउनलाई पनि पानी नभएको भन्दै स्थानियहरू नेताहरूप्रति आक्रोसित भएका छन्। उनीहरू भन्छन् 'गएको २०४८ साल यताका सबै चुनावमा भेल्छडा खानेपानी योजना चुनावी मुद्दा बन्दै भयो तर कसैले पनि बनाएनन्।'

२०४८ सालको निर्वाचनमा तत्कालीन नेपाली कांग्रेसका उम्मेदवार भक्तबहादुर बलाएरले भेल्छडा खानेपानीको विषय उठाएको सम्झदै स्थानीयबासी चन्द्रदेव पाठक थप भन्नुहुन्छ 'बलायर ज्यूले तीनतीनपटक चुनाव जित्नुभयो, मन्त्री पनि हुनुभयो तर पनि पानी बनाउनुभएन।'

तत्कालीन एमाले उम्मेदवार हर्कबहादुर सिंहले पनि २०६४ सालको निर्वाचनमा भेल्छडाकै नाममा भोट मागेको तर जितिसकेपछि चार वर्ष कार्यकालमा उहाँले पनि योजना बनाउन नसकेको आरोप स्थानीयबासीको छ। २०७० सालमा कांग्रेस बाट चुनाव जितेका वीरबहादुर बलायर र २०७४ मा एमालेबाट चुनाव जितेका प्रेमबहादुर आलेमगरको पनि चुनावी एजेन्डा भेल्छडा बनेको तर काम कसैले नगरेको पाठकले दुखेसो गर्नुभयो।

# डा. केसीलाई वार्डमा सारियो

काठमाडौँ, (नेस)

चिकित्सा शास्त्र अध्ययन संस्थानका प्राडा. गोविन्द केसीलाई आईसीयू (सघन उपचार कक्ष)बाट मंगलबार वार्डमा सारिएको छ। चिकित्सा शिक्षाको स्थायी व्यवस्थापन तथा सुधारको माग राख्दै २७ दिन लामो आमरण अनसन बस्नुभएका डा.केसीलाई अनसन तोडेलगत्तै त्रिवि शिक्षण अस्पतालको आईसीयु कक्षमा उपचारार्थ राखिएको थियो।

डा.केसी ६ दिनको आईसीयू बसाइपछि मंगलबार वार्डमा सारिएको हो। मंगलबार गरिएको रगतको परीक्षण र ईसीजीमा सुधारका संकेतहरू देखिनासाथ उहाँलाई वार्डमा सारिएको उपचारमा संलग्न चिकित्सकहरूले जनाएका छन्। चिकित्सकहरूको अनुसार अझै पनि संतोषजनक रूपमा सेतो रक्तकोशिकाको संख्या नबढेको, रक्तचाप मेन्टेन नभएको र नसाबाट विभिन्न खाले औषधि दिइरहनुपर्ने भएका कारण अस्पतालकै मेडिसिन विभागअन्तर्गत भर्ना गरी डा. केसीको उपचार भइरहेको छ।



उहाँलाई डिस्चार्ज गर्न अझै एक हप्ता कुर्नुपर्ने र सम्पूर्ण रूपमा निको हुन ४ देखि ५ हप्ता लाग्न सक्ने चिकित्सकहरूको भनाइ छ।

# आठ हजार फर्ममा अनुगमन

काठमाडौँ, (नेस)

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत आर्थिक वर्ष २०७४/७५ मा साढे आठ हजारभन्दा बढी व्यापारिक फर्ममा अनुगमन गरी भेटिएका कैफियतबमोजिमको कारबाही गरेको जनाएको छ।

विभागले मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै उपत्यकाभित्र ४ हजार १ सय ५७ व्यापारिक फर्म र उपत्यकाबाहिर ७ सय ५८ वटा व्यापारिक फार्ममा अनुगमन गरिएको छ। यसरी विभागले मात्रै ८ हजार ५ सय १४ व्यापारिक फार्ममा र उपत्यका बाहिर रहेका वाणिज्य तथा प्रशासन कार्यालयले ३ हजार ५ सय ९९ व्यापारिक फर्ममा अनुगमन गरिएको विभागका महानिर्देशक योगेन्द्र गौचनले जानकारी दिनुभयो। अघिल्लो आर्थिक वर्षको तुलनामा बजार अनुगमनको अवस्था बढेको भए पनि कारबाहीको अवस्था भने न्युन देखिएको छ।

# चोरी गर्ने पक्राउ

राजविराज, (नेस)। नगर क्षेत्रका पसलमा रातिको समयमा चोरी गर्ने गिरोहका दुई सदस्यलाई प्रहरीले चोरी गरिएका सामानसहित पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेहरूमा रूपनी गाउँपालिका ९ का रामकुमार मण्डल र डाक्नेश्वरी नगरपालिका ४ का भगवती राम छन्। दुबै जनाले अघिल्लो दिन राजविराज ४ मेनरोडस्थित पशुपति होटल तथा मोबाइल पसलमा १ लाख ५० हजार बढीको धनमाल चोरी गरेका थिए।

## समाचार संक्षेप

### श्रेष्ठलाई पितृशोक

काठमाडौँ, (नेस)



आईसीएसडीडीका अध्यक्ष, विश्व सम्बन्ध परिषद्का पूर्वअध्यक्ष एवम् रोटरी क्लब अफ चन्द्रागिरी सानेपा च्याप्टरका संस्थापक अध्यक्ष डा.राजेन्द्रबहादुर श्रेष्ठलाई पितृशोक परेको छ।

उहाँका पिता अमृतबहादुर श्रेष्ठको ८३ वर्षको उमेरमा यही साउन १२ गते निधन भएको थियो। उहाँको हिन्दू धर्मशास्त्रअनुसार काठमाडौँमा दाहसंस्कार गरिएको थियो।

### परामर्श सेवा सञ्चालन नगर्न चेतावनी

काठमाडौँ, (नेस)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अस्ट्रेलियाको एजुकेसन स्टुडेन्ट सर्भिस प्रालिलाई नेपालमा परामर्श सेवा सञ्चालन नगर्न चेतावनी दिएको छ। उद्योग मन्त्रालयमा दर्ता गरी एजुकेसन कन्सल्टेन्सीका रूपमा सञ्चालन गर्न लागेको प्रालिलाई मन्त्रालयको बिनाअनुमति सञ्चालन नगर्न चेतावनी दिएको हो।

सो संस्थाले आज अर्थात् अगस्ट १ तारिखदेखि नेपालमा शाखा स्थापना गरी सञ्चालन गर्ने तयारी गरेको थियो। तर मन्त्रालयले हिजो मंगलबार विज्ञप्ति जारी गरी बिनाअनुमति सेवा सञ्चालन नगर्न र यदि सेवा सञ्चालन गरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनी दिएको छ।

मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालद्वारा हस्ताक्षरित विज्ञप्तिमा शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षाका सेवाहरू सञ्चालन गर्ने संस्थाले प्रचलित ऐन नियमका अतिरिक्त शिक्षा ऐनअनुसारका सेवाहरू सञ्चालन गर्नुपर्ने जनाइएको छ। तर यस्तो कानुनी प्रावधानविपरीत उक्त संस्थाले प्रचारप्रसारसहित आफ्नो सेवा सञ्चालन गर्न खोजेको देखिएको उल्लेख गरिएको छ।

### चिनियाँले चिनियाँ नै ठगे

काठमाडौँ, (नेस)

महानगरीय अपराध महाशाखाले ठगीमा संलग्न चिनियाँ झिओङ जिआन युआनलाई पक्राउ गरेको छ।

काठमाडौँमा काम गर्ने एक चिनियाँ नागरिक आफ्नै देशबासीबाट ठगिएका छन्। पुरातात्विक महत्त्वको बहुमूल्य धातु भन्दै उनको ९० लाख ठगी भएको हो।

उनले नेपालमा निर्माण कम्पनीमा कार्यरत झ्यान जिन जियाङलाई ठगेका हुन्।

महाशाखाका अनुसार युआनले जियाङलाई एक सय वर्ष पुरानो बहुमूल्य धातु बेच्नका लागि कालोपुलमा बोलाएका थिए। जियाङ ९० लाख रूपियाँ बोकेर कालोपुल पुगेपछि उनलाई २० थान सुनका टुक्राजस्ता वस्तु थमाएर युआन फरार भएका थिए। जियाङले आफू ठगिएको थाहा भएपछि महाशाखामा खबर गरेका हुन्।

युआनलाई ठगी मुद्दामा म्याद थप गरी अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

### सरकारविरुद्ध नवलपरासीमा प्रर्दशन

नवलपरासी, (नेस)

नेपाली कांग्रेस नवलपरासीले मंगलबार पूर्वी र पश्चिम दुवै जिल्लामा सरकार विरुद्ध विरोध प्रदर्शन गरेको छ।

वर्तमान सरकारको संविधान विरोधी रवैया र जनताको ढाड सेक्ने दोहोरो कर प्रणालीको विरोध भन्दै विभाजित नवलपरासीका दुबै जिल्लामा विरोध प्रर्दशन गरिएको कांग्रेस निकट स्रोतले जनाएको छ।

पूर्वीनवलपरासीको नवलपुर सदरमुकाममा भएको प्रदर्शनमा नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सभासद कृष्णचन्द्र नेपालीले जनप्रदर्शनलाई सम्बोधन गर्दै ओली सरकार भारतका अगाडि लम्पसार परेको आरोप लगाए।

उनले देशभर चलेको नेपाली कांग्रेसको जनप्रदर्शन सरकारले जनविरोधी आफ्ना कार्यशैली सच्याउन खबरदारी मात्र भएको बताए।

जनप्रदर्शनमा गण्डकी प्रदेश सभासदहरू विष्णु लामिछाने, ओमकला गौतमलगायत जिल्ला स्तरका नेता विभिन्न भ्रातृसंगठनका पदाधिकारी र साधारण कार्यकर्ताहरू सहभागी रहेका थिए।

### सबै...

विद्यमान ऐन विभिन्न समयमा ५ पटक संशोधन भए पनि समय सापेक्ष नहुँदा ऐन खारेज गर्ने तयारी गरिएको विभागका उप-महानिर्देशक रामचन्द्र कँडेलले बताउनुभयो। 'ऐन समयसापेक्ष बनाउनुपर्छ, संरक्षित वन्यजन्तुको सूची हेरफेर हुनुपर्छ भन्ने बहस एक दशक अघिदेखि चलेको थियो, ढिलै भए पनि अहिले प्रक्रिया अघि बढेको छ' -उहाँले भन्नुभयो।

विद्यमान ऐनमा हात्ती, गैडा, बाघ, हिउँचितुवा, कस्तुरी मृगलगायतका जन्तुको चोरी शिकारी गरेमा ५ देखि १५ वर्षसम्मको कैद वा ५ देखि १० लाख रुपियाँ जरिवाना र दुवै सजाय गर्न सक्ने व्यवस्था छ।

नयाँ ऐनमा सजायको अन्तर व्यवहारिक बनाउन र जरिवानालाई समयसापेक्ष बनाउन विज्ञहरूले सुझाएका छन्। तर ऐन खारेज हुने वा संशोधन हुने भन्ने अन्तिम टुङ्गो अझै नलागेको ऐन मस्यौदा निर्माण कार्यदलका संयोजक एवं वन मन्त्रालयका सह-सचिव डा. महेश्वर ढकालले बताउनुभयो।

'ऐन पुरै खारेज गर्ने भन्दा पनि संशोधन गर्न मिल्ने बुँदाहरू हेरफेर गर्ने सहमति कानुन मन्त्रालयबाट प्राप्त भएको छ, उहाँले भन्नुभयो- 'विज्ञहरूसँगको विस्तृत छलफलबाट यो विषय टुङ्गो लाग्छ।'

प्रस्तावित नयाँ ऐनको अनुसूची २मा विभिन्न २५ स्तनधारी, ८१ चरा, ९ सरिसृप र माछाका ३ प्रजाति छन्। त्यसैगरी अनुसूची-३ मा ३५ स्तनधारी, ४० चरा, सरिसृप १९, उभयचर ३, माछा ६ र किटपतङ्गका १४ प्रजाति छन्। अनुसूची ४ मा बाँकी सबै प्रजाति सामेल गर्न सुझाइएको छ।

### विवादमा...

यस्तै महाअभियोग प्रस्तावमा न्यायालयको स्वतन्त्रता र स्वच्छतामा प्रश्न उठ्ने गरि बारम्बार आफूसमेत संलग्न भइ सर्वोच्चमा १९ जना न्यायाधीश हुँदाहुँदै सीमित न्यायाधीशलाई पटक-पटक राखी ईजलाश गठन गरेको र न्यायाधीशहरूलाई आफूले भनेजस्तो आदेश फैसला गर्न निर्देशन दिएको जस्ता आरोप लगाइएको थियो। उहाँले २०७४ जेठ २४ गते राजीनामा दिनुभएको थियो। प्रधानन्यायाधीशमाथि महाअभियोग प्रस्ताव दर्ता भएको यो पहिलो घटना थियो।

२०७४ असार २ गते नियुक्त हुनुभएका प्रधानन्यायाधीश गोपाल पराजुली जन्ममिति बिबादमा तानिनुभयो। त्यसैले न्याय परिषद्ले २०७४ चैत्र ३१ गते उहाँको पद बर्खास्त गऱ्यो। न्यायपरिषद् सचिवालयले काटेको पत्रमा उमेर हदको कारण देखाई उहाँलाई पदमा नरहेको बताइएको थियो। सोही प्रावधानमा टेकेर पराजुलीको २०७४ साउन २१ नै ६५ वर्ष उमेर पुरा भएको जानकारी गराइएको थियो।

पछिल्लो समयमा प्रधानन्यायाधीश बन्ने समयमा कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी पनि शैक्षिक प्रमाणपत्र विवादमा तानिनुभएको छ। संसदीय सुनुवाइ समितिले सोधेका प्रश्नको जवाफ चित्त नबुझेको र प्रमाणपत्र बैध नभएको कारण देखाइ उहाँलाई अहिलेसम्म सो पदमा अनुमोदन गरिएको छैन। यद्यपि संसदीय सुनुवाइ समिति सदस्य नीरुदेवी पालका अनुसार जोशी प्रधानन्यायाधीशमा अनुमोदन हुने नहुने अन्तिम टुगों आज बुधबार लाग्नेछ।

प्रधानन्यायाधीश पटक-पटक विवादमा तानिनु नराम्रो संकेत भएको वरिष्ठ अधिवक्ताहरूको जिकीर छ। पूर्व महान्यायाधीवक्ता रमण श्रेष्ठ विगतका दिनमा न्यायाधीश नियुक्ति गर्दा नै कमजोरी भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'त्यतिबेला नियुक्ति गर्दा ठीक हुने अहिले ठीक हुने। यस्तो पनि हुन्छ। अब सक्कली प्रमाणपत्र समितिमा दिए पनि विवाद हुन्छ।'

नेपाल बार एसोसियनका पूर्वअध्यक्ष प्रेमबहादुर खड्काको तर्क भने फरक छ। उहाँ सुनुवाइ समितिले पनि नै न्यायाधीश हुँदा नै जोशीको बारेमा सुनुवाइ गरेकाले अहिले विवाद झिक्नुमा षड्यन्त्र रहेको दावी गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ- 'कम्युनिस्ट सरकारले नियन्त्रित र निर्देशित अदालत बनाउन खोजेको छ, न्यायपालिकालाई विवादमा ल्याउन खोजिँदै छ।'

पूर्वन्यायाधीश बलराम जोशी न्यायपालिकालाई निष्पक्ष बनाउनुपर्ने बताउँदै भन्नुहुन्छ- 'न्यायपालीकालाई कसैले प्रयोगको थलो बनाउनुहुँदैन। यद्यपि संसदीय सुनुवाइ समितीले प्रधानन्यायाधीशबारे निर्णय गर्न पाउँछ।'

संवैधानिक व्यवस्थाअनुसार न्याय परिषद्ले प्रधानन्यायाधीशका लागि वरिष्ठताका आधारमा संवैधानिक परिषद्मा सम्भाव्य न्यायाधीशको नाम सिफारिस गर्ने प्रावधान छ। प्रस्तावित न्यायाधीशमाथि सुनुवाइपछि नाम अनुमोदन भएपछि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्ति गर्ने प्रावधान छ।

### ४ सय...

सरकारले स्वैच्छिक अवकाश रोजेका कर्मचारीलाई निवेदन फिर्ता गर्न आग्रह गरेपछि अहिलेसम्म ४ सय ६७ जना कर्मचारीले निवेदन दर्ता गराएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सुरेज अधिकारीले जानकारी दिनुभयो।

स्वैच्छिक अवकाश फिर्ताका लागि निवदेन दिनेमा सहसचिव चर्तुभुज ज्ञवाली, विष्णुसिंह विष्ट, विश्वप्रकाश सुवेदी, भरत ढुंगाना, मुक्तिसिंह ठकुरी र बलभद्र गिरी हुनुहुन्छ। अवकाशको निवेदन फिर्ता गर्नका लागि समयसीमा नतोकिएकाले जहिलेसम्म पनि फिर्ता लिन सकिने प्रवक्ता अधिकारीको भनाइ छ।

### कांग्रेसको...

कांग्रेसले जनसम्पर्क समितिमार्फत ३० देशमा पनि एकैपटक सरकारविरुद्ध प्रदर्शन गरेको बताएको छ।

सरकारविरुद्ध चर्को नाराबाजी गर्दै शुरु गरिएको विरोध कार्यक्रममा नेताहरूले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारले लोकतन्त्रलाई नै खतरामा पार्न खोजेको आरोप लगाएका छन्।

महँङ्गी बढेको, भ्रष्टाचार बढेको, जथाभावी कर बढाइएको, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सर्वोच्च अदालतलाई समेत नियन्त्रणमा राखेर जथाभावी काम गरेको भन्दै कांग्रेसले राज्यको सम्पूर्ण स्रोत साधनसमेत कब्जा गरेर विधिको शासनमाथि नै धक्का पुऱ्याएको आरोप लगाएको छ। सरकारलाई नियन्त्रण गर्ने कुनै अर्को निकाय नै बाँकी नराखेर सरकार सर्वसत्तावाद तर्फ उन्मुख हुनुपरेको भन्दै सरकार नसच्चिए आन्दोलनलाई निरन्तरता दिने कांग्रेसले जनाएको छ।

देशभर भएको आन्दोलनमा ५ लाखभन्दा बढी कांग्रेस कार्यकर्ता सहभागी भएको दावी गर्दै कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले भन्नुभयो- 'मंगलबार एकदिने विरोध कार्यक्रम सांकेतिक मात्र हो, सरकारको नसच्चिने हो र यही रवैयालाई निरन्तरता दिने हो भने कांग्रेसले योभन्दा ठुलो विरोधका कार्यक्रम घोषणा गरेर आन्दोलनलाई अघि बढाउछ।

देशैभरि विरोध प्रदर्शनका कार्यक्रमभ भएको कारण केन्द्रीय नेताहरू बाँडिएर विभिन्न जिल्लामा सहभागी भएको उहाँले बताउनुभयो। वर्षाको समयमा, खेति गर्ने सिजनमा पनि ५ लाखभन्दा बढी कार्यकर्ता र सुभचिन्तक सडकमा ओर्लेर सरकारको विरोध गरेको भन्दै प्रवक्ता शर्माले भन्नुभयो- यो इन्गेजमेन्ट मात्र हो, सरकार नसच्चिए जन्ति लिएर आउछौं।

संवैधानिक अंगमा हस्तक्षेप, निषेधित क्षेत्र तोक्दै नागरिक अधिकारको हनन् गरेको, संसद्मा सभामुख र उपसभामुख फरक-फरक दलको हुनुपर्नेमा एकै दलको बनाएर संविधान मिचेको लगायत सरकारले गरेको गैरकानुनी कामप्रति नेपाली कांग्रेसले असन्तुष्टि जनाउँदै आएको छ। सरकारविरुद्धको आन्दोलनमा भाग लिन तनहु पुग्नुभएका कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले नेपाल समाचारपत्रसंग भन्नुभयो- 'यो सरकार अधिनायकवादतर्फ उन्मुख छ र रातो झण्डा ओडेपछि जे गरे पनि छुट हुन्छ भन्ने मानसिकताबाट अघि बढेका कारण विरोध गर्नुपरेको हो।

कांग्रेसले पूर्ववर्ती देउवा सरकारले गरेको ६५ वर्षमा वृद्धभत्ता दिने निर्णय उल्ट्याउन नपाइने, मिर्गौला, स्पाइनल इन्जुरी, क्यान्सर तथा मुटुरोगका गम्भीर बिरामीलाई मासिक ५ हजार रूपियाँ जीविकोपार्जन भत्ता दिने, भूकम्प पीडितलाई थप एक लाख राहत दिने निर्णय कार्यान्वयन गर्नुपर्ने तथा प्रदेशको नामाकरण तथा स्थायी राजधानीको बारेमा तत्काल निर्णय गर्नुपर्ने लगायतका मागहरू पनि राखिरहेको छ।

काँग्रेसले हालै प्रधानन्यायाधिश माथिको सुनुवाई पछि नियुक्तिमा भइरहेको ढिलाई प्रति पनि असन्तुष्टि जनाएको छ। लोकसेवा पास भएर अहिलेसम्म काम शैक्षिक योग्यताको प्रमाणपत्र मिल्ने अहिले नमिल्ने कारण बारे पनि कांग्रेसले चासो राखेको छ। कांग्रेसले त्यसो हो भने प्रध्यानन्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने न्यायपरिषद् र संवैधानिक परिषद् का पदाधिकारीलाई नै कारबाही गर्नुपर्ने आवाज कांग्रेसले उठाइरहेको छ।

### दोस्रो...

सालमा जापानले आत्मसमर्पण गरेपछि दोस्रो विश्वयुद्ध टुंगिएको केही वर्षसम्म पत्थरमानले अस्पतालको बेडमै बिताउनुभएको थियो। युद्धबाट फर्किएर विवाह गर्नुभएका राईको ६ छोरी र एक छोरा हुनुहुन्छ।

# अर्थ

2018, AUG
Wednesday
1

सोही कार्यक्रममार्फत संघ, प्रदेश र स्थानीय तहको चालु आर्थिक वर्षको लेखापरीक्षण साउन १५ गतेदेखि माघ मसान्तसम्म ३ चरणमा सम्पन्न गरी चैत मसान्तभित्र राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने कार्यतालिकासमेत निर्धारण गरिएको छ।

## नबिल बैंकद्वारा शैक्षिक कर्जाको प्रबर्द्धनका निम्ति अन्तरक्रिया

काठमाडौं, (नेस)। नबिल बैंकले शैक्षिक कर्जाको प्रवर्द्धनका क्रममा सो कर्जाको प्रक्रिया बारे जानकारी प्रदान गर्न अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ। उक्त अन्तर्क्रिया कार्यक्रममा विभिन्न शैक्षिक परामर्श दिने संस्थाको सहभागिता रहेको थियो। सो कार्यक्रमको उद्देश्य शैक्षिक परामर्श दातालाई बैंकले प्रदान गर्ने शैक्षिक कर्जाको विशेषता, ऋृण योग्यता परीक्षण, कर्जाको लागि आवश्यक कागजात तथा कर्जा प्रदान गर्ने प्रक्रियाको बारे सूचित गराउनुका साथै शैक्षिक कर्जा प्रक्रिया अझ सरल र सहज गराउन सुझाव संकलन समेतको उद्देश्य राखिएको थियो। कन्ज्यूमर लेन्डिङ विभागद्वारा आयोजित उक्त कार्यक्रममा विभाग एवं बैंकका उच्च पदस्थ व्यवस्थापकसमेतको अन्तर्क्रियामा सहभागी भएको थियो। सो कार्यक्रमको उद्घाटन नबिल बैंकका अध्यक्ष श्री शम्भू प्रसाद पौड्यालज्यूले गर्नुभएको थियो।


**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**

E-mail: info@sindhubank.com.np, Website: http://www.sindhubank.com.np

### Unaudited Financial Results (Quarterly)

As at 4th Quarter (32/03/2075) of the Fiscal Year 2074/075

Rs. in '000'

| S. No. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1. | Total Capital and Liabilities(1.1 to 1.7) | 2,872,354.03 | 2,531,318.31 | 2,281,855.82 |
| 1.1 | Paid up Capital | 500,027.32 | 418,116.26 | 262,192.50 |
| 1.2 | Reserve and Surplus | 61,710.78 | 94,428.32 | 69,966.44 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | - | - | - |
| 1.5 | Deposits (a+b) | 2,274,730.55 | 1,972,673.04 | 1,905,605.20 |
| | a. Domestic Currency | 2,274,730.55 | 1,972,673.04 | 1,905,605.20 |
| | b. Foregin Currency | - | - | - |
| 1.6 | Income Tax Liability | - | - | - |
| 1.7 | Other Liabilities | 35,885.39 | 46,100.69 | 44,091.69 |
| 2. | Total Assets (2.1 to 2.7) | 2,872,354.03 | 2,531,318.31 | 2,281,855.82 |
| 2.0 | Total Assets (2.1 to 2.7) | 2,872,354.03 | 2,531,318.31 | 2,281,855.82 |
| 2.1 | Cash and Bank Balance | 217,907.69 | 185,497.66 | 101,665.53 |
| 2.2 | Money at call and Short Notice | 970,073.80 | 683,315.99 | 687,372.66 |
| 2.3 | Investments | 26,523.84 | 29,568.65 | 19,330.50 |
| 2.4 | Loans and Advances(a+b+c+d+e) | 1,558,888.91 | 1,510,572.76 | 1,397,921.42 |
| | a. Real Estate Loan | 360,274.32 | 311,199.08 | 262,351.26 |
| | 1. Residential Real Estate Loan | 360,274.32 | 311,199.08 | 262,351.26 |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generation Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land purchase & Plotting) | - | - | - |
| | b. Margin Type Loan | 29,923.01 | 30,476.87 | 12,405.45 |
| | c. Term Loan | 144,336.05 | 133,148.96 | 150,362.97 |
| | d. Overdraft Loan/TR Loan/ WC Loan | 523,894.91 | 570,004.93 | 547,095.01 |
| | e. Others | 500,460.63 | 465,742.93 | 425,706.73 |
| 2.5 | Fixed Assets | 59,430.47 | 56,447.06 | 47,306.18 |
| 2.6 | Non Banking Assets | 1,752.40 | 1,752.40 | - |
| 2.7 | Other Assets | 37,776.92 | 64,163.80 | 28,250.54 |
| 3 | Profit and Loss Account | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
| 3.1 | Interest Income | 220,226.17 | 151,066.26 | 164,079.52 |
| 3.2 | Interest Expense | 111,101.54 | 77,030.34 | 64,099.93 |
| A. | Net Interest Income(3.1 - 3.2) | 109,124.63 | 74,035.91 | 99,979.59 |
| 3.3 | Fees, Commission and Discount | 12,209.90 | 9,314.05 | 16,041.68 |
| 3.4 | Other Operating Income | 2,808.85 | 2,029.90 | 6,031.79 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | - | - | - |
| B. | Total Operating Income(A+3.3+3.4+3.5) | 124,143.37 | 85,379.87 | 122,053.06 |
| 3.6 | Staff Expenses | 37,053.46 | 25,035.47 | 26,797.28 |
| 3.7 | Other Operating Expenses | 40,836.97 | 27,351.12 | 29,292.35 |
| C. | Operating Profit Before Provision(B - 3.6 - 3.7) | 46,252.94 | 32,993.27 | 65,963.42 |
| 3.8 | Provision for Possible Losses | 21,606.26 | 4,485.12 | 7,446.96 |
| D. | Operating Profit (C – 3.8) | 24,646.67 | 28,508.15 | 58,516.47 |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| E. | Profit from Regular Activities (D+3.9+3.10) | 24,646.67 | 28,508.15 | 58,516.47 |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F. | Profit before Bonus and Taxes (E +3.11) | 24,646.67 | 28,508.15 | 58,516.47 |
| 3.12 | Provision for Staff Bonus | 2,240.61 | 2,591.65 | 5,319.68 |
| 3.13 | Provision for Tax | 6,721.82 | 7,774.95 | 15,959.04 |
| G. | Net Profit/Loss (F – 3.12 – 3.13) | 15,684.25 | 18,141.55 | 37,237.75 |
| 4 | Ratios | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
| 4.1 | Capital Fund to RWA | 27.89% | 22.55% | 19.91% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.92% | 1.36% | 0.84% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 93.19% | 141.15% | 218.53% |
| 4.4 | Cost of Funds | 7.21% | 6.40% | 6.44% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 57.31% | 62.01% | 63.64% |
| | Base Rate | 12.17% | 11.40% | 10.72% |
| | Spread rate | 6.68% | 7.18% | 6% |

Note : If the statutory and supervisory authority notify any remarks to change the unaudited statement of Financial position could be change accordingly Loan & Advance are presented on Net Basis.

### आ.व. २०७४/२०७५ को चौथो त्रैमासिक प्रतिवेदन

१ वित्तीय विवरण


# बेरूजु घटाउन प्रमको निर्देशन

**नेपाल समाचारपत्र**
काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले समग्र मुलुकी प्रशासनको आर्थिक कारोबारमा शुद्धता, स्वच्छता र पारदर्शिता कायम गर्न राजनैतिक शुद्धता र नेतृत्व तहको महत्वपूर्ण भूमिका रहने बताउनुभएको छ।

मंगलबार चालू आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण योजना सम्बन्धी बैठकमा बोल्दै प्रधानमन्त्री ओलीले मुलुकको समृद्धिका लागि वित्तीय अनुशासन कायम राख्ने र सेवा प्रवाहमा सुधार गर्ने विषयमा नतिजामुखी कार्य गर्न सरकारका लेखा उत्तरदायी अधिकृतलाई निर्देशनसमेत दिनुभयो। आर्थिक कारोबारमा रहेका कानुनी जटिलता र वित्तीय अनुशासनका सम्बन्धमा आफ्नो धारणा राख्दै प्रधानमन्त्री ओलीले बढ्दो बेरुजुले सार्वजनिक प्रशासनमा रहेको आर्थिक अनुशासनको स्तर मापन हुने उल्लेख गर्नुभयो।

सार्वजनिक निकायमा रहेको बेरुजु फछ्यौंटमा तदारुकता देखाई आगामी दिनमा बेरुजु सिर्जना हुन नदिने अवस्था निर्माणका सबै सबै तह र क्षेत्रको सक्रियता आवश्यक रहेको उहाँको भनाइ छ। बेरुजुभित्र रहेका गम्भीर प्रकृतिका भ्रष्टाचारजन्य क्रियाकलाप पहिचान गरी कारबाही गर्न तथा महालेखापरीक्षकको प्रतिवेदन कार्यान्वनमार्फत् जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई बेरुजु फछ्यौंट गर्न महालेखा परीक्षकको कार्यालयलाई निर्देशन दिनुभयो। उक्त अवसरमा महालेखापरीक्षक टंकमणि शर्माले महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदनका मुख्य विषयवस्तु प्रस्तुत गर्दै मुलुकको वित्तीय अनुशासनको विद्यमान स्थितिमा सुधार गरी नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने धारणा राख्नुभयो। त्यसैगरी उहाँले विकास निर्माण, राजस्व आम्दानी र खर्च, सेवा प्रवाहलगायत वित्तीय प्रशासनका विविध पक्षमा देखिएका कमजोरी सुधारका लागि महालेखापरीक्षकको प्रतिवेदनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभयो।

## ९ करोड २८ लाख राजस्व संकलन

विराटनगर, (नेस)

जिल्ला वन कार्यालय मोरङले आर्थिक वर्ष २०७४/०७५ मा ९ करोड २८ लाख ७८ हजार ६ सय रुपियाँ राजस्व संकलन गरेको छ। आर्थिक वर्ष २०७४/०७५ मा वन पैदावार तथा लिलामीबाट ८ करोड ४२ लाख ९ हजार, न्यायिक दस्तुरबाट १० लाख ३३ हजार, बेरुजु असुलीबाट २८ लाख तथा प्रशासनिक सेवाबाट ७ लाख ५६ हजार राजस्व संकलन भएको जिल्ला वन कार्यालय मोरङका प्रमुख डा. विनोद देवकोटाले बताउनुभयो।

सामुदायिक वनबाट ३ लाख ३४ हजार, साझेदारी वनबाट १ लाख ९३ हजार, सरकारी वनबाट ४४ हजार ९ सय ९० तथा निजी वनबाट २ लाख ११ हजार क्युविक काठ उत्पादन भएको जिल्ला वन कार्यालयका प्रमुख देवकोटाले जानकारी दिनुभयो। उहाँले अघिल्लो आर्थिक वर्ष २०७३/०७४ मा साढे ६ करोड राजस्व संकलन गरेको जानकारी दिनुभयो।

## कर वृद्धिमा पछि हट्यो महानगर

वीरगन्ज, (नेस)

व्यवसायीको चर्को विरोधपछि वीरगन्ज महानगरपालिकाले जग्गाको मूल्यांकन, कर र शुल्क वृद्धि स्थागनको तयारी गरेको छ। नगरप्रमुख विजयकुमार सरावगीले मंगलबार वीरगन्जमा पत्रकार सम्मेलन गरी नगर कार्यपालिकामा यो प्रस्ताव लैजाने जानकारी दिनुभयो। महानगरले बुधबार बस्ने कार्यपालिका बैठकमा मालपोत कार्यालयको दर्ता प्रयोजनको दरका आधारमा निर्धारणको प्रस्ताव लैजाने सरावगीले बताउनुभयो। वीरगन्ज उद्योग वाणिज्य संघलगायतका व्यावसायिक संस्थाले मूल्याङ्नको सबैभन्दा बढी विरोध गर्दै आएका थिए।

महानगरको कार्यपालिका बैठकमा मूल्यांकन र कर वृद्धि स्थगनको प्रस्ताव लैजान लागिएको र कार्यपालिकाबाट पारित भए नगरसभा बोलाएर निर्णय गराउने सरावगीले बताउनुभयो। महानगरको दोस्रो नगरसभाले आर्थिक वर्ष २०७५/७६ का लागि जग्गाको मूल्यांकन ८ करोड रुपियाँसम्म पुऱ्याइएको थियो। त्यही जग्गाको मूल्यांकन मालपोतले १ करोड ८० लाख रुपियाँ तोकेको छ। महानगरले लगाएको वातावरण तथा सडक मर्मत शुल्क, डिजेल र पेट्रोलमा लगाइएको बिक्री कर, फलामे डन्डी, सिमेन्ट र कुखुरामा लगाइएको कर पनि स्थगनको तयारी गरेको प्रमुख सरावगीले बताउनुभयो।

कवाडी करको दरमा व्यवसायीसँग छलफल गरी निकास खोजिने सरावगीले बताउनुभयो। प्रमुख सरावगीले यो निर्णयबाट माहानगरको लक्षित आयमा २५ देखि ३० करोड रुपियाँले कमी आउने दाबी गर्नुभयो। वीरगन्ज महानगरपालिकाले लक्ष्य अनरुप कर उठाउन नसके वीरगन्जको विकास पनि हुन नस्कने सरावगीको तर्क रहेको थियो।









## विनिमय दर

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

२०७५ साउन १६, अगस्ट १, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।३७ | १०९।९७ |
| युरो १ को रू. | १२८।३८ | १२९।०९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।९७ | १४४।७६ |
| स्विस फ्रन्क १ को रू. | ११०।७१ | १११।३१ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।२१ | ८१।६६ |
| क्यानाडियन डलर १ को रू. | ८३।९० | ८४।३६ |
| सिङ्गापुर डलर १ को रू. | ८०।३६ | ८०।८० |
| जापानी यन १० को रू. | ९।८१ | ९।८७ |
| चिनियाँ युआन १ को रू. | १६।०१ | १६।१० |
| साउदी अरब रियाल १ को रू. | २९।१६ | २९।३२ |
| कतारी रियाल १ को रू. | ३०।०४ | ३०।२० |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।७८ | २९।९४ |
| मलसियन रिङ्गिट १ को रू. | २६।९१ | २७।०५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७७ | ९।८३ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५१ |
| डेनिस क्रानर १ का रू. | १७।२३ |
| हङकङ डलर १ का रू. | १३।९३ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

**31 JULY TUESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 7541.00 | 321.00 | 318.00 | 321.00 | 2.00 |
| 2 | Api Power Company Ltd. | 1233.00 | 274.00 | 269.00 | 271.00 | -3.00 |
| 3 | Arun Kabeli Power Ltd. | 377.00 | 260.00 | 247.00 | 251.00 | -4.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 1373.00 | 140.00 | 138.00 | 140.00 | 0.00 |
| 5 | Asian Life Insurance Co. Limited | 1112.00 | 632.00 | 620.00 | 632.00 | 10.00 |
| 6 | Bank of Kathmandu Ltd. | 5403.00 | 268.00 | 258.00 | 258.00 | -2.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 152.00 | 141.00 | 137.00 | 141.00 | 0.00 |
| 8 | Best Finance Company Ltd. | 420.00 | 100.00 | 98.00 | 98.00 | -2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 450.00 | 130.00 | 128.00 | 128.00 | -3.00 |
| 10 | Butwal Power Company Limited | 4856.00 | 444.00 | 432.00 | 438.00 | 2.00 |
| 11 | Central Finance Co. Ltd. | 4565.00 | 114.00 | 110.00 | 110.00 | -2.00 |
| 12 | Century Commercial Bank Ltd. | 7744.00 | 168.00 | 166.00 | 167.00 | 1.00 |
| 13 | Century Comm. Bank Ltd. Pro. Share | 5000.00 | 170.00 | 170.00 | 170.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 825.00 | 864.00 | 855.00 | 864.00 | 0.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 40.00 | 129.00 | 127.00 | 127.00 | -1.00 |
| 16 | Chilime Hydropower Company Limited | 2735.00 | 744.00 | 740.00 | 743.00 | 3.00 |
| 17 | Citizen Bank International Limited | 11065.00 | 230.00 | 227.00 | 228.00 | -1.00 |
| 18 | Citizen Investment Trust | 538.00 | 2440.00 | 2419.00 | 2419.00 | -1.00 |
| 19 | Citizens Mutual Fund -1 | 2200.00 | 9.11 | 9.09 | 9.10 | 0.02 |
| 20 | City Express Finance Co. Limited | 990.00 | 151.00 | 137.00 | 137.00 | -15.00 |
| 21 | Civil Bank Ltd | 8917.00 | 149.00 | 147.00 | 148.00 | -1.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 232.00 | 720.00 | 718.00 | 718.00 | -7.00 |
| 23 | Deprosc Lag. Bittiya Sanstha Limited | 520.00 | 710.00 | 705.00 | 710.00 | 5.00 |
| 24 | Deva Bikas Bank Limited | 9571.00 | 129.00 | 126.00 | 128.00 | -1.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 148.00 | 106.00 | 103.00 | 106.00 | 2.00 |
| 26 | Everest Bank Limited | 3081.00 | 668.00 | 661.00 | 667.00 | 2.00 |
| 27 | Everest Insurance Co. Ltd. | 20.00 | 1305.00 | 1305.00 | 1305.00 | 5.00 |
| 28 | Excel Development Bank Ltd. | 306.00 | 325.00 | 325.00 | 325.00 | -3.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 1862.00 | 509.00 | 505.00 | 509.00 | 1.00 |
| 30 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 1669.00 | 2090.00 | 2080.00 | 2083.00 | -7.00 |
| 31 | Gandaki Bikas Bank Limited | 5069.00 | 196.00 | 192.00 | 193.00 | 0.00 |
| 32 | Garima Bikas Bank Limited | 2415.00 | 183.00 | 180.00 | 183.00 | 2.00 |
| 33 | Global IME Bank Limited | 13292.00 | 295.00 | 284.00 | 285.00 | 0.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 19.00 | 1130.00 | 1130.00 | 1130.00 | 8.00 |
| 35 | Goodwill Finance Co. Ltd. | 855.00 | 127.00 | 125.00 | 127.00 | 3.00 |
| 36 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 4420.00 | 598.00 | 575.00 | 580.00 | -8.00 |
| 37 | Green Development Bank Ltd. | 72.00 | 135.00 | 133.00 | 133.00 | -4.00 |
| 38 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 500.00 | 130.00 | 130.00 | 130.00 | -2.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 809.00 | 848.00 | 838.00 | 846.00 | 1.00 |
| 40 | Gurkhas Finance Ltd. | 292.00 | 109.00 | 105.00 | 109.00 | 2.00 |
| 41 | Hathway Finance Company Limited | 90.00 | 136.00 | 134.00 | 134.00 | 0.00 |
| 42 | Himalayan Bank Limited | 1710.00 | 557.00 | 550.00 | 555.00 | -12.00 |
| 43 | Himalayan Distillery Limited | 75.00 | 1305.00 | 1257.00 | 1257.00 | -23.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 1840.00 | 435.00 | 420.00 | 428.00 | -5.00 |
| 45 | Himalayan Power Partner Ltd. | 660.00 | 276.00 | 270.00 | 276.00 | 2.00 |
| 46 | ICFC Finance Limited | 2360.00 | 170.00 | 162.00 | 162.00 | -4.00 |
| 47 | IME General Insurance Ltd. | 390.00 | 846.00 | 845.00 | 845.00 | -15.00 |
| 48 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 24824.00 | 171.00 | 166.00 | 167.00 | -5.00 |
| 49 | Janaki Finance Ltd. | 1360.00 | 196.00 | 193.00 | 193.00 | 3.00 |
| 50 | Janata Bank Nepal Ltd. | 14670.00 | 154.00 | 152.00 | 153.00 | -2.00 |
| 51 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 164.00 | 2890.00 | 2856.00 | 2890.00 | 40.00 |
| 52 | Jebils Finance Ltd. | 50.00 | 102.00 | 102.00 | 102.00 | -2.00 |
| 53 | Jyoti Bikas Bank Limited | 3359.00 | 143.00 | 139.00 | 141.00 | 1.00 |
| 54 | Kabeli Bikas Bank Limited | 68.00 | 217.00 | 217.00 | 217.00 | -4.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 4861.00 | 225.00 | 219.00 | 219.00 | 0.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 7276.00 | 142.00 | 139.00 | 141.00 | 1.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 10.00 | 128.00 | 128.00 | 128.00 | 2.00 |
| 58 | Karnali Development Bank Limited | 500.00 | 108.00 | 108.00 | 108.00 | 1.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 175.00 | 107.00 | 104.00 | 106.00 | 0.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 516.00 | 1585.00 | 1549.00 | 1549.00 | -51.00 |
| 61 | Kumari Bank Limited | 4997.00 | 200.00 | 197.00 | 198.00 | 0.00 |
| 62 | Laxmi Bank Limited | 1793.00 | 252.00 | 249.00 | 250.00 | 0.00 |
| 63 | Laxmi Equity Fund | 4200.00 | 8.01 | 8.00 | 8.00 | 0.00 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 40.00 | 1036.00 | 1035.00 | 1035.00 | 4.00 |
| 65 | Laxmi Value Fund-1 | 1000.00 | 10.40 | 10.40 | 10.40 | 0.05 |
| 66 | Life Insurance Co. Nepal | 515.00 | 1575.00 | 1565.00 | 1575.00 | -15.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 42426.00 | 151.00 | 143.00 | 148.00 | 5.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 1071.00 | 527.00 | 525.00 | 525.00 | -2.00 |
| 69 | Machhapuchhre Bank Limited | 11936.00 | 207.00 | 204.00 | 205.00 | 0.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 8703.00 | 185.00 | 182.00 | 182.00 | -1.00 |
| 71 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 53.00 | 670.00 | 665.00 | 666.00 | 5.00 |
| 72 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 290.00 | 2590.00 | 2580.00 | 2590.00 | 0.00 |
| 73 | Mega Bank Nepal Ltd. | 9438.00 | 164.00 | 161.00 | 164.00 | 2.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 280.00 | 1065.00 | 1035.00 | 1035.00 | -15.00 |
| 75 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 173.00 | 1481.00 | 1475.00 | 1481.00 | 1.00 |
| 76 | Miteri Development Bank Limited | 431.00 | 285.00 | 280.00 | 280.00 | -7.00 |
| 77 | Mithila LaghuBitta Bittiya Sanstha Ltd. | 65.00 | 960.00 | 945.00 | 955.00 | -5.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 7661.00 | 384.00 | 377.00 | 379.00 | 0.00 |
| 79 | Nabil Bank Limited | 5144.00 | 910.00 | 905.00 | 905.00 | -4.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 1720.00 | 707.00 | 703.00 | 705.00 | -5.00 |
| 81 | Nabil Equity Fund | 2000.00 | 9.00 | 9.00 | 9.00 | -0.05 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 208.00 | 1150.00 | 1127.00 | 1131.00 | -7.00 |
| 83 | National Hydro Power Company Limited | 140.00 | 86.00 | 84.00 | 84.00 | -2.00 |
| 84 | National Life Insurance Co. Ltd. | 1398.00 | 777.00 | 762.00 | 775.00 | -2.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 116.00 | 2184.00 | 2151.00 | 2155.00 | -10.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 650.00 | 754.00 | 717.00 | 739.00 | 9.00 |
| 87 | Neco Insurance Co. Ltd. | 1882.00 | 525.00 | 521.00 | 521.00 | 1.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 17080.00 | 208.00 | 204.00 | 205.00 | 0.00 |
| 89 | Nepal Bank Limited | 13050.00 | 293.00 | 289.00 | 289.00 | -2.00 |
| 90 | Nepal Community Dev. Bank Ltd. | 1500.00 | 122.00 | 122.00 | 122.00 | -1.00 |
| 91 | Nepal Credit And Comm. Bank Limited | 22872.00 | 190.00 | 181.00 | 185.00 | -2.00 |
| 92 | Nepal Doorsanchar Comapany Limited | 1815.00 | 730.00 | 722.00 | 730.00 | 0.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 110.00 | 168.00 | 165.00 | 165.00 | 0.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 2527.00 | 563.00 | 554.00 | 560.00 | 8.00 |
| 95 | Nepal Investment Bank Limited | 11625.00 | 623.00 | 616.00 | 621.00 | 1.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 1780.00 | 559.00 | 545.00 | 545.00 | -4.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 4512.00 | 1015.00 | 1005.00 | 1005.00 | -4.00 |
| 98 | Nepal SBI Bank Limited | 3497.00 | 505.00 | 502.00 | 502.00 | -2.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 300.00 | 625.00 | 611.00 | 611.00 | -23.00 |
| 100 | Ngadi Group Power Ltd. | 214.00 | 163.00 | 160.00 | 162.00 | 2.00 |
| 101 | NIBL Pragati Fund | 9595.00 | 8.00 | 7.87 | 7.90 | -0.10 |
| 102 | NIBL Samriddhi Fund 1 | 4000.00 | 10.45 | 10.45 | 10.45 | -0.05 |
| 103 | NIC Asia Bank Ltd. | 6326.00 | 316.00 | 311.00 | 313.00 | 1.00 |
| 104 | NIC Asia Growth Fund | 1100.00 | 9.08 | 9.05 | 9.07 | -0.13 |
| 105 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 512.00 | 972.00 | 964.00 | 970.00 | -13.00 |
| 106 | NLG Insurance Company Ltd. | 821.00 | 880.00 | 850.00 | 850.00 | -29.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 810.00 | 1545.00 | 1516.00 | 1516.00 | 1.00 |
| 108 | NMB Bank Limited | 21554.00 | 371.00 | 364.00 | 364.00 | 0.00 |
| 109 | NMB Hybrid Fund L-1 | 1050.00 | 9.38 | 9.26 | 9.26 | 0.06 |
| 110 | NMB Sulav Investment Fund-1 | 6500.00 | 12.01 | 12.00 | 12.01 | 0.01 |
| 111 | Om Development Bank Ltd. | 4015.00 | 172.00 | 171.00 | 171.00 | -1.00 |
| 112 | Oriental Hotels Limited | 5604.00 | 505.00 | 495.00 | 504.00 | 1.00 |
| 113 | Pokhara Finance Ltd. | 1118.00 | 139.00 | 134.00 | 139.00 | 4.00 |
| 114 | Prabhu Bank Limited | 3174.00 | 189.00 | 185.00 | 185.00 | -1.00 |
| 115 | Prabhu Insurance Ltd. | 3892.00 | 505.00 | 500.00 | 500.00 | 0.00 |
| 116 | Premier Insurance Co. Ltd. | 4131.00 | 1094.00 | 1057.00 | 1073.00 | -1.00 |
| 117 | Prime Commercial Bank Ltd. | 6113.00 | 287.00 | 284.00 | 286.00 | 1.00 |
| 118 | Prime Life Insurance Company Limited | 4387.00 | 523.00 | 519.00 | 519.00 | -1.00 |
| 119 | ProgressiveFinance Limited | 1660.00 | 120.00 | 116.00 | 116.00 | -2.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 38.00 | 755.00 | 741.00 | 741.00 | -14.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 282.00 | 170.00 | 167.00 | 167.00 | -2.00 |
| 122 | Radhi Bidyut Company Ltd | 1320.00 | 233.00 | 229.00 | 233.00 | 1.00 |
| 123 | Rairang Hydropower Dev. Company Ltd. | 6084.00 | 159.00 | 150.00 | 159.00 | 4.00 |
| 124 | Rastriya Beema Company Limited | 90.00 | 10400.00 | 10350.00 | 10350.00 | 0.00 |
| 125 | Rastriya Beema Co. Limited Pro. Share | 130.00 | 9411.00 | 9355.00 | 9402.00 | -98.00 |
| 126 | Reliance Finance Ltd. | 1412.00 | 125.00 | 124.00 | 125.00 | 2.00 |
| 127 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1867.00 | 644.00 | 629.00 | 630.00 | -1.00 |
| 128 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1029.00 | 525.00 | 520.00 | 525.00 | 2.00 |
| 129 | Sagarmatha Insurance Co. Ltd. | 320.00 | 1320.00 | 1316.00 | 1320.00 | 4.00 |
| 130 | Sahayogi Bikas Bank Limited | 2398.00 | 203.00 | 188.00 | 192.00 | 7.00 |
| 131 | Samata Microfinance Bittiya Sanstha Ltd. | 139.00 | 1355.00 | 1311.00 | 1337.00 | -18.00 |
| 132 | Sana Kisan Bikas Bank Ltd | 2649.00 | 1100.00 | 1080.00 | 1100.00 | 8.00 |
| 133 | Sanima Bank Limited | 14735.00 | 317.00 | 313.00 | 313.00 | -2.00 |
| 134 | Sanima Equity Fund | 500.00 | 9.12 | 9.12 | 9.12 | -0.03 |
| 135 | Sanima Mai Hydropower Ltd. | 3356.00 | 319.00 | 316.00 | 319.00 | 0.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 25.00 | 120.00 | 120.00 | 120.00 | 1.00 |
| 137 | Shangrila Development Bank Ltd. | 2803.00 | 149.00 | 146.00 | 149.00 | 3.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 495.00 | 940.00 | 930.00 | 940.00 | -5.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 1295.00 | 280.00 | 275.00 | 280.00 | 1.00 |
| 140 | Shree Investment Finance Co. Ltd. | 1000.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 141 | Shrijana Finance (Bittaya Sanstha) | 7388.00 | 277.00 | 260.00 | 277.00 | 10.00 |
| 142 | Siddhartha Bank Limited | 7769.00 | 298.00 | 294.00 | 295.00 | -1.00 |

Total Amount Rs. 167,739,697 Total Quantity 578,933 Total No of Transactions 3,189

२०७५ साउन
बुधबार
१६

# अर्थ

पहिरो पन्छाएर बाटो सञ्चालन गर्नुको सट्टा ढुंगा कहाँ छ भनेर खोज्दै हिँड्ने काम भएपछि आफूहरूले विरोध गरेको स्थानीयको भनाइ छ। यसबारे प्रहरीलाई जानकारी गराउँदा आफ्नो सीमा क्षेत्रमा नपर्ने भन्दै पन्छिने गरेका छन्। इन्द्रसरोवर-३ का अध्यक्ष चिरञ्जीवी पौडेलले स्थानीयले क्रसरमा ढुंगा लगेको भन्ने आरोप गलत भएको दाबी गर्नुभयो।

## निगमको 'अन्नपूर्ण'ले आज व्यावसायिक उडान गर्दै

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल वायुसेवा निगमको वाइडबडी विमान एयरबस ए ३३०-२०० सिरिजको ९ एन-एएलवाई कलसाइनको 'अन्नपूर्ण' विमानले बुधबारबाट उडान शुरू गर्दै छ।

निगमको नयाँ विमानले नियमित उडान गरिरहेको कतारको दोहामा पहिलो व्यावसायिक उडान भर्न लागेको निगमले जनाएको छ।

निगमले सो जहाज असार १५ गते फ्रान्सको टुलुजबाट ल्याएको थियो। विमानले नेपाल नागरिक उड्डयन प्राधिकरण यसै सातामात्र उडान अनुमति प्राप्त गरेको थियो।

निगमले व्यावसायिक योजना अनुरुपनै अब १ अगष्ट २०१८ देखि निगमले पहिलोपल्ट खरिद गरिएको वाइड बडी विमानको पहिलो व्यावसायिक उडान दोहा उडान गर्न लागेको निगमका प्रवक्ता रवीन्द्र श्रेष्ठले बताउनुभयो। एक जना विदेशी पाइलटसहित नेपाली पाइलट श्रवण रिजालको नेतृत्वमा रहेको १३ चालक दलका सदस्य रहेको टोलीले दोहा उडान गर्नेछ। यस अघि निगमको नयाँ विमानले भारतको इन्दिरा गान्धी विमानस्थलमा परीक्षण उडान पाइटल रिजालकै नेतृत्वले उडान गरेको थियो। विमानले लगातार ११ घण्टासम्म उडान गर्न सक्न छ। काठमाडौं-दोहा उडान अवधि करिब ५ घण्टा रहेको छ।

१८ विजनेस क्लाससहित २ सय ५६ सिट २७४ सिट क्षमता रहेको छ। विमान केही समयपछि हालकै निगमको नियमित गन्तव्यमा उडान भर्दै जाने योजना रहको छ भने साउदी अरवको रियादमा चाँडै उडान भर्ने योजना रहको निगमका सहप्रवक्ता शैलेश कंसाकारले बताउनुभयो।

## टेलिकमको नमस्ते रिचार्ज कार्ड आयो

काठमाडौं, (नेस)

नेपाल टेलिकमले आफ्ना सेवा रिचार्ज गर्नका लागि नमस्ते रिचार्ज ब्रान्डको रिचार्ज कार्ड उपलब्ध गराउने भएको छ। अब सबै रिचार्ज कार्ड 'नमस्ते रिचार्ज' को ब्रान्डमा उपलब्ध हुने छन्। यद्यपि, कम्पनीले उपलब्ध गराउँदै आएको एनटी रिचार्ज कार्ड पनि बजारमा स्टक रहेसम्म प्रयोग गर्न सकिने छ। कम्पनीले ५०, १००, २००, ५०० र १००० रुपियाँ दरका नमस्ते रिचार्ज कार्ड उपलब्ध गराउने छ।

रिचार्ज गर्नका लागि नमस्ते रिचार्ज कार्डको पछिल्लो भागमा भएको १६ अंकको पिन कोड प्रयोग गरी रिचार्ज गर्नुपर्छ। नेपाल टेलिकमको ल्यान्डलाइन वा मोबाइलबाट १४१५ वा १४१२ डायल गरी प्राप्त निर्देशनअनुसार १६ अंकको पिन कोड थिचेर कम्पनीका विभिन्न सेवामा रिचार्ज गर्न सकिन्छ। जीएसएम मोबाइलका ग्राहकहरूले एस्ट्रिक ४१२ एस्ट्रिक पिन कोड ह्यास डायल गरेर पनि रिचार्ज गर्न सकिन्छ।

त्यस्तै नेपाल टेलिकमको मोवाइल एप तथा वेबसाइटमार्फत पिन कोड प्रयोग गरी रिचार्ज गर्न सकिन्छ। नेपाल टेलिकमले हाल रिचार्ज कार्ड वाहेक इलेक्ट्रोनिक रिचार्ज र एमपोस प्रयोग गरेर समेत रिचार्ज गर्न सकिने व्यवस्था गरेको छ।

## एनआईसी एसिया बैंक र युनियन लाइफ इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंक र युनियन लाइफ इन्स्योरेन्स कम्पनीसँग बैंकास्योरेन्स सम्झौता गरेको छ। सम्झौताअनुसार अब बैंक ग्राहकले बैंकको २३३ वटै शाखाबाट युनियन लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बीमा पोलिसीहरू खरिद गर्नु सक्नेछन्। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्स कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनोज कुमार लाल कर्णले हस्ताक्षर गर्नुभयो।



बैंकको २३३ शाखा कार्यालय, २२२ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् १५ वटा शाखारहित बैंकिङ इकाईमार्फत् बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १७५ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५१ अर्ब तथा कुल कर्जा करिब १२१ अर्ब पुगेको छ।

## अनुगमन गर्दा मात्र बन्द गरिन्छन् क्रसर

हेटौंडा, (नेस)

खोला उत्खनन् गर्न नपाएपछि स्थानीय क्रसर सडक विस्तारका क्रममा निस्किएका ढुंगामा कब्जा जमाउन थालेका छन्। सडक निर्माण गर्न छाडेर ठेकदार कम्पनी ढुंगा बिक्रीमा बढी केन्द्रित भएको देखिएको हो। क्रसरको यस्तो कार्यमा स्थानीय जनप्रतिनिधिले साथ दिएको दाबी गरिएको छ। ३ नम्बर प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले सडकको अनुगमन गर्दाको समयमात्र क्रसर बन्द गरिन्छन्।

अन्य बेला क्रसर निर्वाध सञ्चालनमा आउने गरेका छन्। मकवानपुरको सिस्नेरीमा सडक विस्तारका क्रममा निस्किएको ढुंगा जनप्रतिनिधिको मिलेमतोमा नजिकका क्रसर उद्योगमा लैजान थालिएपछि स्थानीयले विरोध गरेका छन्। इन्द्रसरोवर गाउँपालिका-३, सिस्नेरी ज्यामिरे डाँडामा सडक विस्तारका क्रममा निस्किएको ढुंगा स्थानीय जनप्रतिनिधि, ठेकेदार र क्रसर उद्योगको मिलेमतोमा क्रसर उद्योगलाई बिक्री भएको भन्दै स्थानीयले विरोध गरेका हुन्। स्थानीयका अनुसार हाल उक्त बाटो भएर सवारी सञ्चालन हुन सक्ने अवस्था छैन, बाटोमा पहिरो गएको छ।




"अलि अलि तिम्रो बोली"

| DATE | ASSOCIATIES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 6th August | Manisha Pokharel [Lyrics, Compose & Vocal] | Selected Pop | Mon [4-5 PM] |
| 11th August | Dhiraj Shrestha [Arrange] | CTRL + C | Sat [7-8 PM] |

FROM 1ST AUGUST 2018
DO TUNE INTO TIMES FM 90. 6 MHz
times FM 90·6 MHz
'u deserve better'




Call 4-261179, (98511) 08620, (98510) 35406, (9841) 764976 to Advertise on the Collector's Issue of The Largest Selling Entertainment Magazine

BOOK YOUR AD SPACE TODAY




Ad Deadline: Shrawan 18, 2075 (August 3, Friday)

# सावित्राको ह्याट्रिकमा एपीएफ लिग विजेता

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल एपीएफ क्लबले उपराष्ट्रपति कप महिला राष्ट्रिय लिग फुटबल प्रतियोगिताको उपाधि मंगलबार उचालेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा भएको लिगको अन्तिम खेलमा एपीएफले त्रिभुवन आर्मी क्लबलाई ३-१ गोलअन्तरले हराएर उपाधि हात पार्‍यो। ५ टोलीको सहभागिता भएको प्रतियोगितामा लिगमा शीर्ष हुने टोली विजेता बन्ने क्रममा एपीएफले बाजी मारेको हो। गत संस्करणमा पनि विजेता बनेको एपीएफले एक गोल बेहोर्‍यो भने विपक्षीविरुद्ध कुल २२ गोल गरेको छ।

आर्मी र एपीएफले यो खेल खेल्नुअगाडि ९/९ अंक रहेर उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए। जसमा एपीएफले गोल धेरै गरेको आधारमा उक्त खेल बराबरीमै पनि उपाधि पक्का हुने समीकरण थियो। गोल भिन्नतामा एपीएफसँग निक्कै पछाडि परेको आर्मीमाथि उक्त खेल जित्नै पर्ने दबाब थियो। आर्मीले गत संस्करणमा उपविजेतामै चित्त बुझाएको थियो। यसपटक उपाधि जित्ने आशामा एपीएफ नै तगारो बनिदियो।

एपीएफलाई उपाधि दिलाउन प्रमुख स्ट्राइकर सावित्रा भण्डारीले तीनै गोल गरी ह्याट्रिक पूरा गरेकी थिइन्। एपीएफले खेलको ४१औं मिनेटमा गोल गर्दै खेलमा अग्रता लिएको थियो। ४९औं मिनेटमा पुनम जर्घा मगरले छिट्टै गोल फर्काएपछि आर्मीले एपीएफलाई कडा चुनौती दिने छनक देखायो। तर आर्मीको सो गोललाई सान्त्वना सावित गर्न अर्को गोल सावित्राले ५ मिनेटपछि नै गरिन्। यसपछि आर्मीले गोल फर्काउन प्रयास गरे पनि सफल भएन। ८२औं मिनेटमा सावित्राले फेरि गोल थपेपछि आर्मीका लागि खेलमा फर्कने आशा समाप्त भएको थियो।

राष्ट्रिय लिग विजेता बनेको एपीएफले पहिलो पुरस्कार स्वरूप २ लाख नगद र ट्रफी हात पार्‍यो। त्यस्तै आर्मीले १ लाख रुपियाँ हासिल गरेको थियो। तेस्रो बनेको रौतहट जिल्ला फुटबल टोलीले ५० हजार रुपियाँ प्राप्त गर्‍यो। मंगलबार नै भएको अर्को खेलमा काठमाडौंलाई ९-० गोलअन्तरले हराएर नेपाल पुलिस क्लबले इज्जत जोगायो र चौथो स्थानमा रह्यो। विभागीय टोलीको जितका लागि निरु थापा एक्लैले ४ गोल गरिन्। तर यो हारसँगै काठमाडौंले चारै खेलमा पराजय बेहोर्‍यो।



तस्वीर : उजोल डंगोल

*१० हजार प्राप्त गर्ने उत्कृष्टहरू :*

| | |
|---|---|
| *प्रशिक्षक* | *: जनक सिंह (एपीएफ)* |
| *फरवार्ड* | *: रश्मीकुमारी घिसिङ (रौतहट)* |
| *डिफेन्डर* | *: पुनम जर्घा मगर (आर्मी)* |
| *मिडफिल्डर* | *: रेनुका नगरकोटी (एपीएफ)* |
| *गोलकिपर* | *: एन्जीला थुम्बापो सुब्बा (एपीएफ)* |



### *सावित्रा मोस्ट भ्यालुएबल खेलाडी*

*एपीएफ र नेपाली राष्ट्रिय महिला टोलीकी उत्कृष्ट स्ट्राइकर सावित्रा भण्डारीले प्रतियोगितामा मोस्ट भ्यालुएबल खेलाडीको पुरस्कार जितिन्। उनले सोबापत २५ हजार नगद प्राप्त गरेकी हुन्। उनले प्रतियोगितामा कुल १२ गोल गरेकी छिन्। रौतहटविरुद्ध ४ गोल, काठमाडौंविरुद्ध ५ गोल र आर्मीविरुद्ध ३ गोल गरेकी सावित्राले पुलिससँगको खेलमा गोल गर्न सकिनन्।*

## धरहरा

### कांग्रेसले बढायो भाउ

प्रमुख प्रतिपक्षी दल कांग्रेस सरकारको विरोध गर्दै सडकमा उत्रिया छ। मंगलबार उसले काठमाडौंसहित मुलुकका अधिकांश भेगमा नेता कार्यकर्ता उतार्‍यो। नेताले दाबी गर्दै भने- 'मुलुकभर विशाल प्रदर्शन भयो, सरकारलाई जसरी हुन्छ घुँडा टेकाउँछौं।' कांग्रेसको यस्तो दाबी सुन्दा र देख्दा ढिलै भए पनि मुलुकमा प्रतिपक्षी दल पनि रैछ भन्ने लाग्यो।

अनि कांग्रेसले दाबी गरेझैं काठमाडौंमा विशाल प्रदर्शन होला भन्दै धरहराले निकै चासो बढायो। उपत्यकाका धेरै ठाउँमा दूरबिन पनि घुमायो, तर दाबीअनुसार विशाल हैन, प्रदर्शन त बिजोग पो रैछ। अपेक्षा गर्‍याभन्दा धेरै कम कार्यकता सडकमा झण्डा हल्लाउँदै थिए। तै पनि भन्दै थिए- 'दुई तिहाइको दम्भ तोड्छौं, सरकारलाई घुँडा टेकाउँछौं, अधिनायकवाद सरकार मुर्दावाद, शाही शैली मुर्दावाद।'



'सरकार फलानो जस्तो', 'ओलीको शैली राजा-महाराजा जस्तो' भन्दै मन्त्री र प्रधानमन्त्रीको भाउ बढाएपछि उनीहरू पक्कै गजक्क पर्‍या होलान्। 'काम गर्न नसके पनि जनतालाई सपना बाँड्न छोड्नु हुन्न हाम्रो बजार भाउ राम्रै रैछ' भन्दै उनीहरू एक आपसमा कानेखुसी गर्दै मख्ख परेको देख्दा धरहराचाहिँ छक्क पर्न थाल्या छ।



नेपालकी सरिता श्रेष्ठले भारतको कोलकातामा भएको चौथो अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा स्वर्ण जितेकी छन्। सरिताले फाइनलमा भारतीय खेलाडीलाई पराजित गरी स्वर्ण जितेको नेपाल सितोरियो कराते संघ, शाखा डोजो लैनचौरका प्रमुख रामकुमार थारुले जनाएका छन्।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ